◆ **सम्पादकीय-**

- पार्टी निर्णयको कार्यान्वयन - २

◆ **राष्ट्रिय राजनीति**

- सातौं बैठकका निर्णयहरू – **युवराज कार्की** - ३

◆ **दस्तावेज**

- राजनीतिक प्रतिवेदनका मूल अंश - ५

◆ **विचार**

- संयुक्त सरकारमा हाम्रो छ महिना– **भरतमोहन अधिकारी** - ७

◆ **म कसरी कम्युनिष्ट भएँ ?**

- जनता असल कम्युनिष्टको खोजीमा छन्  – **मुकुन्द न्यौपाने** - ९

◆ **अर्थ**

- नेपालमा वैदेशिक सहायता – **डा. गोविन्दबहादुर थापा** - १२

◆ **संस्मरण**

- हामी नाकाबाट पार भयौं – **गोविन्दप्रसाद कोइराला** - १४

◆ **आवरण**

- अग्रगमन र शान्तिका लागि दवाव आन्दोलन - **खिमलाल भट्टराई** - १६
- युद्धको खेती गरिरहेकाहरूलाई दवाव - **रामकुमार बस्नेत** - १८
- सात पार्टीको प्रतिबद्धता - १९

◆ **रोचक इतिहास**

- जति महान उति रोचक आत्मकथा - **कमल कोइराला** - २०

◆ **मुलुक परिचय**

- दासहरूको परिश्रमले स्वतन्त्र बनेको देश- **भानुभक्त ढकाल** - २२

◆ **व्यक्तित्व**

- महिलावादी नोबेल साहित्यकार– **अग्निशिखा** - २४

◆ **मोफसल**

- पश्चिममा अग्रणी कम्युनिष्ट आन्दोलन – **सूर्य थापा** - २५

◆ **स्मृति**

- माओ त्सेतुङ र उहाँको शिक्षा – **रविन्द्र अधिकारी** - २७

◆ **समाज**

- महिलाको स्वास्थ्य र मानवअधिकार – **कमला पराजुली** - २९

◆ **प्रश्नोत्तर– गोपीरमण उपाध्याय** - ३०

◆ **स्थलगत रिपोर्ट**

- सशस्त्रको प्रतिरोधमा निशस्त्र - **विष्णु रिजाल** - ३१

◆ **कविता – वासुदेव अधिकारी** - ३३

◆ **कृति – जीवेन्द्रदेव गिरी** - ३४

◆ **नियात्रा – गोविन्द वर्तमान** - ३६

◆ **संस्कृति**

- जनताका कलाकार श्याम तमोट – **विजय सुब्बा** - ३८

# पार्टी निर्णयको कार्यान्वयन

*प्रस्तुत अङ्कमा हामीले पार्टी केन्द्रीय कमिटीका निर्णयहरूको जानकारी गराएका छौं । पार्टीका कुनै पनि तहका निर्णयहरू कार्यान्वयनमा ओर्लन सकेनन् भने निर्णयका रूपमा तिनको कुनै महत्व हुँदैन । जिल्ला कमिटीका निर्णयहरू कार्यान्वयन नहुनु भनेको सिङ्गो जिल्लालाई संकटमा पार्नु हो भने केन्द्रीय कमिटीका निर्णयहरू कार्यान्वयन नहुनु भनेको सिङ्गो देशलाई संकटमा पार्नु हो भनेर पार्टीको प्रत्येक सदस्यले महसुस गर्नुपर्छ ।*

*नवयुग सम्बन्धी पार्टी केन्द्रीय कमिटीको निर्णय कार्यान्वयन नगर्ने जिल्लाहरूले यो संपादकीय लेख्न घच्घच्याएका हुन् । ती जिल्लाहरूलाई पनि थाहा हुनुपर्छ - नवयुगको ग्राहक अभियान नचलाउँदा पार्टीका निर्णयहरूको सटिक जानकारी हुननसक्ने मात्रै हो । तर केन्द्रीय कमिटीको सातौँ बैठकले पारित गरेको महासचिवको प्रतिवेदन र केन्द्रीय कमिटीका निर्णयहरूलाई आफ्नो व्यवहारमा कार्यान्वयन गर्न सकिएन भने पार्टीको भविष्य अँध्यारो हुने र त्यसैकारण स्वयम् आफ्नै भविष्य पनि अँध्यारो हुने कुरामा सबैले प्रष्ट हुनुपर्छ ।*

*केन्द्रीय कमिटीको एउटा महत्वपूर्ण निर्णयले आमजनताको शान्ति चाहनासँग सम्बन्ध राख्दछ । पहिलो महत्वपूर्ण निर्णय हो - राष्ट्रव्यापी शान्ति अभियान संचालनमा जिल्ला पार्टी कमिटीहरूको निर्णायक र नेतृत्वदायी भूमिका । हाम्रा कार्यकर्ताहरूले बुझ्नुपर्छ - नेपालमा अहिले जागरूक देखिएको मानव अधिकार आन्दोलनको आरम्भ र नेतृत्व कुनै दिन हाम्रै पार्टीले गरेको थियो । मानव अधिकार संरक्षण मञ्चका रूपमा पंचायती निरंकुशता विरोधी मानव अधिकार आन्दोलनको आरम्भ हामीबाटै भएको थियो र आफ्नो लामो कालखण्ड त्यसले हाम्रै पार्टीको नेतृत्वमा बिताएको थियो । अहिलेको यो शान्ति अभियानलाई हामीले त्यही पुरानै जोश र जाँगरका साथ कार्यान्वयन गर्न थाल्नुपर्छ ।*

*केन्द्रीय कमिटीको अर्को महत्वपूर्ण निर्णय भनेको पार्टीको आन्तरिक जीवन, विचारधारात्मक काम र राजनीतिक संघर्षसँग जोडिएको छ । नेपाली कम्युनिस्ट आन्दोलनको मूलधार भनेको हाम्रो पार्टी नै हो । त्यसै हुनाले हाम्रो चिन्तनप्रणाली र हाम्रा ब्यवहारहरू सिङ्गो आन्दोलनको भविष्यका लागि महत्वपूर्ण मार्गदर्शन हुनेछन् । केन्द्रीय कमिटीको यो बैठकले विचारधारात्मक क्षेत्रमा उग्रबामपन्थी विचारका विरूद्ध संघर्ष गर्ने तथा राजनीतिक क्षेत्रमा प्रतिगमनविरोधी संघर्षलाई अघि बढाउने निर्णय गरेको छ ।*

*फेरि पनि भन्नुपर्छ - यी दुबै काममा जिल्ला कमिटीको प्रभावकारिता वृद्धि गर्नका लागि नवयुगको ग्राहक बन्नु अनिवार्य हुन्छ । पार्टी केन्द्रीय कमिटीका निर्णयहरू जस्ताको तस्तै सबै जिल्लामा पुगून् भन्ने उद्देश्य राखी ग्राहक पटक्कै नबनाएका जिल्लाहरूमा समेत प्रस्तुत अङ्क एक/एक प्रति पठाइएको छ । शून्य अङ्कमा थाकेर बसेका ती जिल्ला कमिटीहरूमा कम्युनिस्टजनित उत्साह पलाओस् ।*

# सातौं बैठकका निर्णयहरू

' युवराज कार्की

**य**ही मंसिर २८ गतेदेखि केन्द्रीय कार्यालय, मदननगर, बल्खुमा शुरू भएको नेकपा (एमाले) केन्द्रीय कमिटीको सातौं बैठक पुस ७ गते सम्पन्न भयो । नेकपा (एमाले) को यो बैठक देशभित्र र बाहिर समेत अत्यन्त ठूलो चासोको विषय बनेको थियो । कसैले मानोस् या नमानोस्, नेकपा (एमाले) ले गर्ने कुनै पनि निर्णयले राष्ट्रमा ठूलो प्रभाव पार्दछ भन्ने कुरा यस घटनाले राम्ररी पुष्टि गरेको छ । बैठकले महासचिवद्वारा प्रस्तुत "वर्तमान परिस्थिति र हाम्रो दायित्व" नामक राजनीतिक प्रतिवेदन व्यापक छलफलपश्चात् पारित गरेको छ । उक्त प्रतिवेदनले समसामयिक राजनीतिक परिस्थितिको विश्लेषण गर्दै निम्न निष्कर्षहरू निकालेको छ :

- २०६१ जेठ २२-२८ मा सम्पन्न केन्द्रीय कमिटीको छैटौं बैठकपश्चात् अन्तर्राष्ट्रिय राजनीतिमा केही महत्वपूर्ण घटनाहरू घटेका छन् । त्यसमध्ये अमेरिकी राष्ट्रपतीय निर्वाचनमा जर्ज बुसको विजयले हाम्रो आन्तरिक राजनीतिमा समेत प्रत्यक्ष प्रभाव पार्दछ । आगामी दिनमा यस घटनाको सोझो असर अमेरिकी विदेश नीतिमा पर्नेछ । परिणामस्वरूप विश्वका विभिन्न भागमा अमेरिकी दबाब र हस्तक्षेपका घटनाहरू बढ्दै जाने कुरा निश्चित छ । अमेरिकाले आतंकवादविरूद्धको अभियानमा सहकार्य गर्ने नाममा विश्वका विभिन्न मुलुकका निरंकुश शासक एवं तानाशाहहरूलाई सहयोग समर्थन बढाउने संभावना पनि त्यत्तिकै छ । यसबाट हिंसात्मक द्वन्द्वको समाधान निरंकुशताको माध्यमबाट खोजिनुपर्छ भन्ने हाम्रो देशका प्रतिगामी शक्तिहरूले पनि फाइदा उठाउन सक्छन् । यस्तो स्थितिमा शान्ति र प्रजातन्त्रको पक्षमा रहेका शक्तिहरूले आपसी एकतालाई अझ मजवुत बनाउँदै अघि बढ्नुपर्छ ।
- नेपाली जनताको २० महिना लामो आन्दोलनको परिणामस्वरूप प्रतिगमन केही पछि हट्न बाध्य भयो । राजनीतिक दलहरूको सहमति एवं संलग्नतामा सरकार गठन गर्न तयार हुनु भनेको यसैको परिणाम हो । सरकार संचालनका सम्बन्धमा विघटित संसदमा रहेका चार राजनीतिक दलको बीचमा ४३ बुँदे कार्यक्रममा सहमति भएपछि हाम्रो पार्टी वर्तमान संयुक्त सरकारमा गएको हो । सरकारमा हाम्रो सहभागिताको प्रमुख उद्देश्य भनेको प्रतिगमनलाई सच्याउनु, वार्तामार्फत् शान्ति प्रक्रिया आरम्भ गर्नु, नयाँ संविधान निर्माणको माध्यमबाट माओवादी समस्या समाधान गर्नु र अग्रगामी सुधारको माध्यमबाट सामाजिक द्वन्द्वहरूको रूपान्तरण गर्नु हो । तर आन्दोलनको दबाबबाट बनेको वर्तमान सरकारले जनअपेक्षाअनुसार काम गर्न सकिरहेको छैन । आगामी दिनमा साझा न्यूनतम कार्यक्रमको कार्यान्वयनमा सरकारमा रहेर हाम्रो पार्टीले खेल्नुपर्ने भूमिकालाई अझ सशक्त र प्रभावकारी बनाउनुपर्ने आवश्यकता महसुस भएको छ ।
- विभिन्न राजनीतिक दल, नागरिक समाज, सरकार र अन्तर्राष्ट्रिय समुदायले समेत माओवादीहरूलाई वार्तामा आउन र संवादको माध्यमबाट समस्याको समाधान खोज्न बारम्बार आग्रह गरिरहेका छन् । तर त्यसलाई महत्व दिएर वार्ताको वातावरण बनाउनेतर्फ लाग्नुभन्दा उनीहरू हिंसा र मुठभेड चर्काउने दिशामै केन्द्रित भइरहेका छन् । उनीहरूले भर्खरैमात्र हाम्रो पार्टीको गोर्खा जिल्ला कमिटीका सदस्य भोजराज भट्ट र धादिङ जिल्ला कमिटीका सदस्य खिनबहादुर थापा मगरको निर्ममतापूर्वक हत्या गरेका छन् । उनीहरूले हत्या, अपहरण, कुटपिट, अंगभंग, मृत्युदण्डको घोषणा, श्रम सजाय, सम्पत्ति कब्जा, आगजनी, हिंडडुलमा रोक, बन्द, नाकाबन्दी र एम्बुसिङ्ग जस्ता मानवताविरोधी क्रियाकलापहरू बढाउँदै लगेका छन् र यस्ता ज्यादतीबाट राजनीतिक दलका कार्यकर्ता, पत्रकार, शिक्षक, विद्यार्थी, कर्मचारी, मानव अधिकारकर्मी र सर्वसाधारण जनता सबै पीडित भइरहेका छन् । उनीहरूको हालै सम्पन्न केन्द्रीय कमिटीको बैठकले आफूहरू रणनीतिक सन्तुलनको अवस्थाबाट रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरेको, मुलुकको सत्तरी प्रतिशतभन्दा बढी भूभाग आफ्नो नियन्त्रणमा आएको, पुरानो सत्ता आफ्नो अस्तित्व रक्षाको अन्तिम अवस्थामा पुगेको, पुरानो सत्ताको सैन्यशक्ति जिल्ला सदरमुकाम र राजधानीमा समेत रक्षात्मक बन्न बाध्य भएको भन्ने जस्ता अतिरंजनापूर्ण निष्कर्षहरू निकालेको छ । यस्ता निष्कर्षहरूको विश्लेषण गर्ने हो भने माओवादीहरू तत्काल वार्तामा आउलान् भनेर धेरै आशा गर्न सकिने ठाउँ छैन । यति हुँदाहुँदै पनि मुलुकको एउटा जिम्मेवार राजनीतिक शक्तिको हिसाबले हाम्रो पार्टीले शान्ति स्थापनाको पक्षमा आफ्नो पहल जारी राख्नुपर्छ । यतिबेला हिंसा र प्रतिगमनका विरूद्ध शान्ति र प्रजातन्त्रको झण्डा उठाउँदै अघि बढ्नु बाहेक हाम्रासामु अर्को कुनै विकल्प छैन ।
- आन्दोलनको दबाबले एक कदम पछि हट्न बाध्य भएका प्रतिगामी शक्तिहरू मौका पाउनेबित्तिकै दुई कदम अघि बढ्न सक्छन् भन्ने कुरा हामीलाई हिजै पनि लागेको थियो । त्यसैले पार्टी केन्द्रीय कमिटीको अघिल्लो बैठकमा हामीले प्रतिगामी शक्तिहरूका षडयन्त्र र दाउपेचप्रति चनाखो रहनुपर्ने र प्रजातन्त्रको मार्गमा कुनै अवरोध तेर्स्याइयो भने सम्पूर्ण प्रजातन्त्रवादी शक्तिहरू एक भएर अझ उन्नतस्तरको आन्दोलनमा उत्रनुपर्ने कुरामा जोड दिएका थियौं । अहिले माओवादीहरू पनि तत्काल वार्तामा आउने स्थिति नदेखिएको र सरकारका काम कारबाहीहरू पनि प्रभावकारी हुन नसकिरहेको परिप्रेक्ष्यमा प्रतिगामी शक्तिहरू पुनः नयाँ ढंगले चलखेल गर्न थालेका छन् । भदौ १६ गतेको घटनामा जनताको भावनालाई दुरूपयोग गर्न गरिएको प्रयत्न, संविधानका सीमाहरूलाई नाघ्दै राजपरिषद्ले देखाएको अतिरिक्त सक्रियता, त्यसले आयोजना गरेको सम्मेलन र त्यसको

स्थायी कमिटीका सदस्यहरूले दिएका अभिव्यक्तिहरू यसका ठोस प्रमाणहरू हुन्। यस्तो स्थितिमा हामीले मुलुकका सम्पूर्ण प्रजातन्त्रवादी शक्तिहरूसँग मिलेर प्रजातन्त्रका विरूद्ध गरिने कुनै पनि षडयन्त्रका विरूद्ध लड्न तयार हुनुपर्दछ।

महासचिवको प्रतिवदेनले वर्तमान सरकारका कामहरूको मूल्यांकन पनि गरेको छ। हाम्रो पार्टी लोकप्रिय अभिमतका आधारमा सरकारमा सहभागी हुन सकिने र अधिरचनाको तहबाट पनि आन्दोलनका कार्यभारहरू सम्पन्न गर्न योगदान पुऱ्याउन सकिने मान्यता अघि सार्दै आएको छ। यही मान्यताको आधारमा हाम्रो पार्टी विभिन्न समयमा विभिन्न पार्टीहरूसँग संयुक्त भएर सरकारमा सहभागी पनि भएको छ। अहिले हामी पाँचौंपटक सरकारमा सहभागी भएका छौं। सरकारले अहिलेसम्म प्रतिगामी सारतत्व भएको कार्यसम्पादन नियमावली खारेज गरी तुलनात्मकरूपमा प्रजातान्त्रिक नियमावली निर्माण गरेको छ। त्यसैगरी मन्त्रिपरिषद्को बैठकले निर्णय गरी माओवादीहरूलाई वार्तामा आउन औपचारिकरूपले आह्वान गरेको छ। वार्ताको क्रममा जुनसुकै विकल्पमा पनि छलफल गर्न सकिने धारणा अघि सारेर सरकारले लचकता पनि प्रदर्शन गरेको छ। वार्तालाई संस्थागत, व्यवस्थित र योजनाबद्धरूपमा अघि बढाउन उच्चस्तरीय शान्ति समिति गठन गर्ने र शान्ति सचिवालय स्थापना गर्ने काम गरेको छ। मुलुकको संकट अहिले जुन गहिराईमा पुगेको छ, त्यसको तुलनामा सरकारले गरेका उपरोक्त कार्यहरू अपर्याप्त हुन सक्छन् तर वार्ताद्वारा समस्याको समाधान खोज्न गरिएका प्रयत्नहरूलाई सकारात्मकरूपमा लिनुपर्छ र आगामी दिनमा त्यस्तो प्रयत्नलाई अझ ठोस र परिणाममुखी बनाउनुपर्छ।

यति हुँदै पनि नेकपा (एमाले) समेत संलग्न रहेको वर्तमान सरकार जनअपेक्षाअनुसार प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। यसका लागि प्रमुख रूपले प्रधानमन्त्री शेरबहादुर देउवाको चिन्तन र कार्यशैली जिम्मेवार छ। सरकारमा सहभागी हाम्रा प्रतिनिधिहरूको भूमिका पनि पार्टीको हैसियतअनुरूप प्रभावकारी हुन सकेको छैन। यसबीच सरकारबाट केही गम्भीर प्रकृतिका गल्ती कमजोरीहरूसमेत भएका छन्। तसर्थ सरकारबाट भएगरेका सकारात्मक कार्यहरूलाई आत्मसात् गर्दै कमीकमजोरीहरूलाई महसुस गर्नुपर्छ। आगामी दिनमा साझा सहमतिको न्यूनतम कार्यक्रममा उल्लेखित प्रजातन्त्र, शान्ति र अग्रगमनको पक्षमा दृढताका साथ अघि बढ्नुपर्छ र महत्वपूर्ण निर्णयमा पुग्नुभन्दा अगाडि पार्टीका निर्धारित निकाय र सरकारमा सहभागी राजनीतिक दलहरूको साझा संयन्त्रमा पर्याप्त छलफल चलाउनुपर्छ। आन्दोलनले पछाडि धकेलेको प्रतिगमनलाई त्यहीँ रोकेर राख्नमा सरकारले खेलेको भूमिकालाई हामीले स्वीकार गर्नैपर्छ। सरकारमा सहभागी हाम्रा मन्त्रीहरूले कतिपय गलत निर्णयका विरूद्ध मन्त्रिपरिषद्भित्रै पनि संघर्ष गरेका छन्। त्यसैकारण प्रतिगामी शक्तिहरू अहिले शेरबहादुर देउवालाई दबाब दिएर प्रधानमन्त्री पदबाट राजीनामा दिन लगाउने, नेकपा (एमाले) लाई सरकारबाट हटाउने र सरकारलाई असफल तुल्याएर देशमा राजनीतिक अस्थिरता सिर्जना गर्ने अनेक षडयन्त्र गरिरहेका छन्। यस्तो स्थितिमा नेकपा (एमाले) सरकारबाट हट्नुहुँदैन। बरू यसबीच भएका कमीकमजोरीहरूलाई सच्याएर सरकारका कामकारबाहीलाई प्रभावकारी बनाउँदै अघि बढ्नुपर्छ। अहिलेको मूल काम भनेको शान्ति बहाली र प्रजातन्त्रको रक्षा नै हो। यसका लागि सरकारमा नेकपा (एमाले) को संलग्नता आवश्यक छ।

विगत ९ बर्षदेखि हिंसा र प्रतिहिंसाको दुश्चक्रमा पिसिँदै आएका नेपाली जनता मुलुकमा जतिसक्दो चाँडो शान्ति स्थापना गर्न चाहन्छन्। संवाद र सहमतिबाहेक शान्ति स्थापनाको अर्को कुनै विकल्प छैन। यसका लागि द्वन्दरत दुबै पक्षमा उत्तिकै तत्परता हुनु जरूरी छ। तर अहिले सरकार र माओवादी दुवै पक्ष शान्तिका लागि गम्भीर प्रयत्न गरिरहेका छैनन्। त्यसैले द्वन्द्वरत दुबै पक्षमाथि वार्ताका लागि जनदबाब सिर्जना गर्न व्यापक जनपरिचालन गर्नु जरूरी छ। हाम्रो पार्टीले इतिहासका हरेक कालखण्डमा जब राष्ट्रका सामु संकट पैदा हुन्छ, आफ्नो विचार र पहलकदमीद्वारा त्यसको समाधानमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। आज सिंगो राष्ट्रले शान्तिका लागि सशक्त पहलको माग गरिरहेका बेलामा पनि हाम्रो पार्टीले यसको नेतृत्व लिन सक्नुपर्छ। त्यसैले केन्द्रीय कमिटकिो बैठकले विभिन्न राजनीतिक दल, जनवर्गीय संगठन, पेशागत संगठन, सामाजिक एवं मानवअधिकारवादी संगठन र नागरिक समाजको व्यापक सहभागितामा राष्ट्रव्यापी शान्ति अभियान संचालन गर्ने निर्णय गरेको छ।

नेकपा (एमाले) राष्ट्रिय परिषद्को बैठक सामान्यतया २ बर्षमा बस्ने गर्छ। आगामी माघ महिनामा सातौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको २ बर्ष पुग्दैछ। त्यसैले केन्द्रीय कमिटीको यस बैठकले राष्ट्रिय परिषद्को चौथो बैठक आगामी फागुन ७-९ गते विराटनगरमा आयोजना गर्ने निर्णय गरेको छ। निकै लामो समयको अन्तरालपछि पूर्वाञ्चलको केन्द्र विराटनगरमा आयोजना हुने पार्टीको राष्ट्रियस्तरको कार्यक्रमले विशेष महत्व छ। नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा विशिष्ट महत्व राख्ने फागुन ७ गतेका दिन राष्ट्रिय परिषद्को उद्घाटन सत्र राखिएको छ। त्यसलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि सिंगो पार्टी पंक्तिले विशेष ध्यान दिनु जरूरी छ।

बैठकले मुलुकको वर्तमान स्थितिलाई ध्यानमा राख्दै द्वन्द्वपीडित जनता र कार्यकर्ताहरूको सुरक्षा, राहत र पुनर्स्थापनाको कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न "द्वन्द्वपीडित समस्या समाधान सुझाव समिति" गठन गरेको छ। बैठकले संगठनात्मक क्षेत्रका समस्याहरूमा केन्द्रित भएर छलफल गर्नेगरी एउटा महत्वपूर्ण कार्यशाला गोष्ठी आयोजना गर्ने निर्णय गरेको छ। यसबाहेक बैठकले पार्टीको संगठनात्मक कामसँग सम्बन्धित विभिन्न निर्णयहरू पनि गरेको छ। अन्त्यमा ८ वटा महत्वपूर्ण प्रस्तावहरू पारित गर्दै केन्द्रीय कमिटीको बहुचर्चित सातौं बैठक समापन भयो।

# राजनीतिक प्रतिवेदनका मूल अंश

केन्द्रीय कमिटीको सातौं बैठकले महासचिव कमरेड माधवकुमार नेपालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन पारित गरेको छ। उक्त प्रतिवेदनले केन्द्रीय कमिटीको छैटौं बैठक यता विकसित मुलुकको राजनीतिक परिस्थितिको विश्लेषण गर्ने, हाम्रो पार्टी समेत संलग्न रहेको वर्तमान सरकारका कामहरूको मूल्याङ्कन गर्ने र आगामी दिनमा पार्टीले खेल्नु पर्ने भूमिका स्पष्ट पार्ने काम गरेको छ। त्यसको पूर्णपाठ यथासक्य चाँडो सम्पूर्ण पार्टी सदस्यहरूसम्म पुग्नेगरी पठाइने छ। त्यसको सारसंक्षेप निम्न बमोजिम छ :

- पार्टी केन्द्रीय कमिटीको छैटौं र सातौं बैठकको बीचमा अन्तर्राष्ट्रिय राजनीतिमा हाम्रो राष्ट्रिय राजनीतिलाई समेत प्रत्यक्ष प्रभाव पार्ने केही महत्वपूर्ण घटनाहरू घटेका छन्। त्यसमध्ये अमेरिकी राष्ट्रपतिय निर्वाचनमा जर्ज बुशको विजय विशेष उल्लेखनीय छ। यस घटनाले अमेरिकी विदेश नीति अझ अनुदारवादी र हस्तक्षेपकारी दिशामा अघि बढ्ने कुरा निश्चित भएको छ। अब अमेरिकाले आतंकवाद विरूद्धको अभियानमा सहकार्य गर्ने नाममा विश्वका विभिन्न मुलुकका निरंकुश शासक एवं सैनिक तानाशाहहरूलाई सहयोग समर्थन बढाउने संभावना बढेको छ। यसबाट हिंसात्मक द्वन्द्वको समाधान निरंकुशताको माध्यमबाट खोजिनु पर्छ भन्ने चिन्तन बोकेका मुलुकका प्रतिगामी शक्तिहरूले फाइदा उठाउन सक्छन्। त्यसैले शान्ति र प्रजातन्त्रको पक्षमा रहेका शक्तिहरूले आपसी एकतालाई अझ मजवुत बनाउँदै अघि बढ्नु पर्छ।
- नेपाली जनताको २० महिने लामो आन्दोलनका कारण प्रतिगमन केही पछि हट्न र राजनीतिक दलहरूको सहमति एवं संलग्नतामा सरकार गठन गर्न तयार भएपछि हाम्रो पार्टी सरकारमा गएको हो। सरकारमा जानु अघि हाम्रो पार्टी सहित विघटित संसदको बहुमतको प्रतिनिधित्व गर्ने चार राजनीतिक दलको बीचमा ४३ बुँदे साझा सहमतिको न्यूनतम कार्यक्रममा सहमति भएको छ। न्यूनतम कार्यक्रमको प्रमुख उद्देश्य प्रतिगमनलाई सच्याउनु, वार्ता मार्फत शान्ति प्रकृया आरम्भ गर्नु, नयाँ संविधान निर्माणको माध्यमबाट माओवादी समस्या समाधान गर्नु र अग्रगामी परिवर्तनको माध्यमबाट सामाजिक द्वन्द्वहरूको रूपान्तरण गर्नु हो। मुलुकको विद्यमान संकटग्रस्त स्थितिमा सुधार ल्याउन, अवरूद्ध राजनीतिक एवं संवैधानिक प्रकृयालाई सुचारू गराउन र सर्वोपरी रूपमा शान्ति स्थापना गर्न यसलाई एउटा अवसरको रूपमा प्रयोग गर्न सकिने सम्भावनालाई ध्यानमा राखेर हाम्रो पार्टी वर्तमान संयुक्त सरकारमा सामेल भएको हो। आगामी दिनमा साझा न्यूनतम कार्यक्रमको कार्यान्वयनका लागि सरकारमा रहेर हाम्रो पार्टीले खेल्नुपर्ने भूमिकालाई अझ सशक्त र प्रभावकारी बनाउनु पर्छ।
- प्रतिगमनलाई सच्याउने क्रममा सरकारले प्रतिगामी सारतत्व भएको कार्यसम्पादन नियमावली खारेज गरी तुलनात्मक रूपमा प्रजातान्त्रिक नियमावली निर्माण गरेको छ। त्यसै गरी शान्ति स्थापनाको कार्यलाई अघि बढाउने उद्देश्यले मन्त्रीपरिषद्को बैठकले माओवादीलाई वार्तामा आउन पटक-पटक आह्वान गरेको छ। वार्ताको क्रममा जुनसुकै विकल्पमा पनि छलफल गर्न सकिने धारणा अघि सारेर सरकारले लचकता पनि प्रदर्शन गरेको छ। वार्तालाई संस्थागत, व्यवस्थित र योजनाबद्ध रूपमा अघि बढाउन उच्च स्तरीय शान्ति समिति गठन गर्ने र शान्ति सचिवालय स्थापना गर्ने काम गरेको छ। सिङ्गो राष्ट्र हिंसात्मक द्वन्द्वमा पिल्सिरहेको बेला सरकारले गरेका कार्यहरू अप्रयाप्त हुन सक्छन्। तर वार्ताद्वारा समस्याको समाधान खोज्न गरिएका प्रयत्नहरूलाई सकारात्मक रूपमा लिनुपर्छ। आगामी दिनमा यस्तो प्रयत्नलाई अझ ठोस परिणाममुखी बनाउनु जरूरी छ।
- यति हुँदाहुँदै पनि नेकपा (एमाले) समेत संलग्न रहेको वर्तमान सरकार जनअपेक्षा अनुसार अघि बढ्न सकिरहेको छैन। यसका लागि मुख्यरूपले प्रधानमन्त्री शेरबहादुर देउवाको चिन्तन र कार्यशैली जिम्मेवार छ। हाम्रो पार्टीको प्रतिनिधित्व गर्दै सरकारमा जानु भएका कमरेडहरूले पनि पार्टीको हैसियत अनुरूपको भूमिका खेल्न सक्नु भएको छैन। साझा सहमतिको न्यूनतम् कार्यक्रमको कार्यान्वयनमा हाम्रो पार्टीको तर्फबाट खेल्नु पर्ने भूमिका प्रभावकारी हुन सकेको छैन। त्यतिमात्र होइन यस अवधिमा सरकारबाट केही गंभीर प्रकृतिका गल्ती कमजोरीहरू पनि भएका छन्। दरवार नजिकका व्यक्तिलाई मन्त्रीपरिषद्को प्रवक्ता नियुक्त गर्नु, विध्वंशात्मक कार्य तथा आतंककारी क्रियाकलाप नियन्त्रण ऐनलाई संशोधन गरी सुरक्षा निकायले स्वेच्छाचारी ढंगले एक वर्षसम्म हिरासतमा राख्न सक्ने व्यवस्था गर्नु, राजदरबारको खर्च राजाको तजबिजमा बढाउन सक्ने गरी अध्यादेशद्वारा कानूनमा गरिएको संशोधनलाई निरन्तरता दिनु, शाही नेपाली सेना कल्याणकारी कोष, नियमावली-२०६१ पारित गरेर शाही सेनालाई प्रत्यक्ष रूपमा व्यापारको आय-आर्जनको कार्यमा लाग्न पाउने व्यवस्था गर्नु आदि यसका उदाहरण हुन्।
- माओवादीहरूका पछिल्ला सोचाई र कृयाकलापहरू पनि समस्याको शान्तिपूर्ण समाधानको पक्षमा देखिएका छैनन्। उनीहरूको हालै बसेको बैठकले वर्तमान सरकारसँग वार्ता नगर्ने र राज्य विरूद्ध रणनीतिक प्रत्याक्रमणलाई तीव्र पार्ने निर्णय गरेको छ। यसले मुलुकलाई थप मुठभेड र रक्तपातको दिशातर्फ धकेल्ने कुरा निश्चित छ। राजाले स्वेच्छाचारी ढंगले मनोनित गरेका लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापासँग वार्तामा बस्न तयार हुने माओवादीहरूले विघटित संसदमा रहेका चारदलको संयुक्त सरकारसँग वार्ता गर्दिन भन्नु गंभीर कुरा हो। यस्तो कार्यले प्रतिगामी शक्तिहरूलाई मात्र सहयोग पुऱ्याउँछ। वार्ताको वातावरण बनाउने जिम्मेवारी माओवादीहरूको पनि हो। त्यसैले उनीहरूले हालसम्म

संचालन गर्दै आएका हत्या, हिंसा र जोरजबर्जस्तीका सम्पूर्ण क्रियाकलापहरू बन्द गर्नुपर्छ र कुनै पनि बहाना नबनाइकन वार्तामा बस्न तयार हुनु पर्दछ ।

- एकातिर सरकारका कामकार्वाहीहरू प्रभावकारी नहुने र अर्कोतिर माओवादीहरू पनि तत्काल वार्तामा नआउने स्थिति देखेपछि प्रतिगामी शक्तिहरू फेरी नयाँ स्तरबाट संगठित हुन थालेका छन् । संविधानका सिमाहरूलाई नाघ्दै हालै राजपरिषद्ले देखाएका अतिरिक्त सक्रियता, त्यसले आयोजना गरेको सम्मेलन र त्यसको स्थायी समितिका सदस्यहरूले दिएको अभिव्यक्तिहरूले यसको पुष्टी गरेका छन् । राजपरिषद्ले राजाबाट माग भएमा सल्लाह दिन सक्छ, तर त्यस्तो सल्लाह संविधान विपरित हुन सक्दैन । राजपरिषद्लाई राजनीतिक दल र तिनका नेताहरूको अपमान गर्ने काममा प्रयोग गर्न पाईंदैन । संविधानको आधारभूत प्रस्थापना विपरित राजपरिषद अहिले जनताले अस्वीकार गरी सकेका निरंकुशतावादीहरूलाई संगठित गर्दै हिंडिरहेको छ । तर २१ औं शताब्दीका जनताले राजालाई स्वेच्छाचारी शासन गर्ने अधिकार किमार्थ दिंदैनन् । नेकपा (एमाले) लगायत मुलुकका प्रमुख राजनीतिक दलहरूले राजपरिषदका असंवैधानिक क्रियाकलापका विरूद्ध सशक्त रूपमा आवाज उठाएका छन् ।
- धेरै उपलब्धि दिन नसकेको भए पनि आन्दोलनले पछाडी धकेलेको प्रतिगमनलाई त्यहिं रोकेर राख्नमा सरकारको भूमिका महत्वपूर्ण छ । हाम्रो पार्टीको प्रतिनिधित्व गर्दै सरकारमा जानुभएका कमरेडहरूले कतिपय गलत निर्णयका विरूद्ध मन्त्रीपरिषद भित्रै पनि संघर्ष गर्नुभएको छ । राजपरिषदको अतिरिक्त सक्रियता विरूद्ध आवाज उठाउनु, दरवारको खर्च बृद्धि, हेलेन शाहलाई दिइएको आर्थिक सहायताको बारेमा कुरा उठाउनु आदि यसका उदाहरण हुन् । त्यसैले प्रतिगामी शक्तिहरू अहिले शेरबहादुर देउवालाई दवाव दिई प्रधानमन्त्री पदबाट राजीनामा दिन, नेकपा (एमाले) लाई सरकारबाट हटाउन र यो सरकारलाई असफल तुल्याएर राजनीतिक अस्थिरता सिर्जना गर्न अनेक षड्यन्त्र गरिरहेका छन् । मुलुकको वर्तमान राजनीति र सरकारमा पार्टीले खेल्नु पर्ने भूमिका बारे निष्कर्षमा पुग्दा वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र त्यसले नेपालमा पारिरहेको प्रभावलाई पनि हेर्नुपर्दछ । नेपालमा कम्युनिष्टहरूको बढ्दो प्रभावलाई समाप्त पार्न देशभित्र र बाहिरका दक्षिणपंथी प्रतिक्रियावादीहरूले अपनाइरहेको चालबाजीप्रति हामीले सचेत हुनु पर्दछ । हाम्रो कुनै पनि निर्णयले मुलुकमा झन अस्थिरता र अन्यौल उत्पन्न नहोस् र प्रतिगामीको चाहना पूरा हुने तथा जनअधिकार झन् कुण्ठित हुने स्थिति सिर्जना नहोस् भन्ने तर्फ हामीले सजग हुनुपर्छ ।
- हाम्रो पार्टी आफ्नो मिशन पूरा गर्न गरिएको प्रयत्नलाई अधिकतम सीमासम्म नपुऱ्याइ सरकारबाट सजिलै गरी पछि हट्दैन र हट्नु पनि हुँदैन । बरू यसबीच भएका कमी-कमजोरीहरूलाई सच्याउने र सरकारप्रति जनतामा आशा जगाउने हिसाबले अघि बढ्नु पर्दछ । अहिलेको मूल काम भनेको शान्ति स्थापना नै हो र यसलाई अघि बढाउन सकियो भने मात्र जनताको विश्वास जित्न सकिन्छ । जनताको मन जित्ने कुरालाई हाम्रो पार्टीले सर्वाधिक महत्व दिनुपर्छ । सरकारको स्थायित्वको लागि पनि जनताको समर्थन आवश्यक छ । यसका लागि न्यूनतम साझा सहमतिको कार्यक्रमको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।
- हाम्रो पार्टी अहिले बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिको सबैभन्दा कठिन घडीबाट गुज्रिरहेको छ । हाम्रासामु गम्भीर चुनौतीका साथै अग्रगतिका नयाँ संभावनाहरू पनि छन् । आज हामीले दुईवटै अतिवादका विरूद्ध जुध्नु परिरहेको छ । यसका लागि हामीले निम्न बमोजिमको नारा अघि सार्नुपर्छ "उग्रवामपंथी अतिवादका विरूद्ध वैचारिक संघर्ष गरौं, दक्षिणपन्थी प्रतिक्रियावादका विरूद्ध राजनीतिक संघर्ष गरौं । यसका साथै हामीले प्रजातन्त्रको रक्षा एवं सुदृढीकरण गर्ने, शान्तिवार्ताको निम्ति द्वन्द्वरत दुबै पक्षलाई सहमत गराउन पहल गर्ने, देशव्यापीरूपमा शान्ति अभियान संचालन गर्ने, सरकारको काममा प्रभावकारिता ल्यायउने, संगठन सुदृढीकरण गर्ने र द्वन्द्वपीडित कार्यकर्ताहरूलाई सहयोग गर्ने कार्यलाई आफ्नो भावी कार्यभारको रूपमा लिएर अघि बढ्नुपर्छ ।

पार्टी स्थायी कमिटीको २०६१ मंसिर १५ गते बसेको बैठकले मुलुकको विकराल अवस्थालाई ध्यानमा राख्दै शान्ति स्थापनाका लागि राजनीतिक दल एवं नागरिक समाजलाई परिचालित गर्ने उद्देश्यले 'शान्ति अभियान' संचालन गर्ने निर्णय गरेको थियो । विभिन्न कारणले गर्दा सो अभियान संचालन गर्न केही ढिलाई भएको छ । केन्द्रीय कमिटीको सातौं बैठकले उक्त अभियानलाई हिंसा र युद्धको विरोध गर्दै शान्ति, प्रजातन्त्र र मानव अधिकारको पक्षमा व्यापक जनपरिचालन गर्दै सम्पन्न गर्ने निर्णय गरेको छ । यस अभियानको उद्देश्य सरकार र माओवादी दुवैपक्षमाथि युद्धविराम र शान्ति वार्ताका लागि दवाव सिर्जना गर्नु हो । अभियानको विस्तृत कार्यक्रम तयार गरी स्थायी कमिटीमा प्रस्तुत गर्न र अभियान संचालनमा पार्टीको तर्फबाट अगुवाई गर्न कमरेड वामदेव गौतमलाई जिम्मेवारी प्रदान गरिएको छ ।

मुलुकको राजनीतिक परिस्थिति अत्यन्त जटिल र संकटपूर्ण छ । आन्दोलनको दवावले केही पछि हट्न बाध्य भएका प्रतिगामी शक्तिहरू फेरि नयाँ स्तरबाट चलखेल गर्न थालेका छन् । माओवादीहरू वर्तमान सरकारसंग वार्तामा आउन अझैसम्म तयार छैनन् । यस्तो स्थितिमा हामीले अत्यन्त सजग भएर सम्पूर्ण प्रजातन्त्रवादी शक्तिहरूलाई एकताबद्ध गर्दै शान्ति स्थापनाको दिशामा अघि बढ्नु पर्दछ । विद्यमान चुनौतीहरूको सामना गर्न हामीले अझ बढी एकताबद्ध भएर अघि बढ्नु पर्ने आवश्यकता छ । बैठकमा हामीले सरकारका कामहरूको मूल्याङ्कन पनि गरेका छौं र भएका त्रुटी कमजोरीहरूलाई सच्याउँदै आगामी दिनमा सरकारलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकता महशुस गरेका छौं । नेकपा (एमाले)प्रति जनताको ठूलो आशा र भरोसा रहेको छ । यस पार्टीले प्रजातन्त्र र शान्तिको जनचाहना पूरा गर्ने सामर्थ्य राख्दछ । प्रतिकूल र कठिन परिस्थितिमा पनि यसका हज्जारौं कार्यकर्ता र समर्थकहरूले आफ्नो निष्ठा र आदर्श रक्षा गरेको यथार्थ हाम्रा सामु छ । त्यसैले

उच्च मनोबल र दृढ आत्मविश्वासका साथ पार्टीका सामु देखापरेका चुनौतीहरूको सामना गर्दै अघि बढौं । हाम्रा सामु देखापरेका कठिनाई अस्थाई हो । हाम्रो भविष्य उज्वल छ ।

# संयुक्त सरकारमा हाम्रो छ महिना

## ' भरतमोहन अधिकारी

२०५९ असोज १८ को शाही कदमपश्चात् पाँचवटा राजनीतिक पार्टीले प्रजातन्त्रको बहाली गर्न र माओवादीसँग शान्तिवार्ता गरेर मुलुकमा शान्ति बहाली गर्दै देशलाई अग्रगमनतर्फ अघि बढाउन सडक आन्दोलन गर्‍यौं । २०६० वैशाख २५ देखि शुरू भएको प्रतिगमनविरूद्धको सडक आन्दोलनले विभिन्न उकाली-ओराली पार गर्दै २०६१ जेठ महिनामा आइपुग्दा सफलताको परिणाम देखाउँदै थियो । त्यसको संकेतका रूपमा प्रधानमन्त्री सूर्यबहादुर थापाको राजीनामा आयो । दरबारले नयाँ प्रधानमनत्रीको नाम माग गर्‍यो । प्रधानमन्त्रीको नाम माग गर्नु हाम्रो आन्दोलनको दवावकै परिणाम थियो ।

परिवर्तित नयाँ परिस्थितिमा शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार गठन भयो । चार पार्टीबीच त्रिचालीस बुँदे साझा सहमति कायम भयो र मन्त्रिपरिषद्को कार्य संचालन नियमावलीमा लोकेन्द्रबहादुर चन्दको सरकारले गरेको संशोधन खारेज भएपश्चात् हाम्रो पार्टी सरकारमा सामेल भयो । ४३ बुँदे कार्यक्रम हाम्रो काम-कारवाहीलाई निर्देशन गर्ने दस्तावेज हो । यसको सार खिच्ने हो भने तीनवटा मुख्य काममा यो सरकारको प्राथमिकता केन्द्रित रहेको छ । पहिलो, माओवादीसँग वार्ता गरी देशमा शान्ति बहाली गर्ने, दोस्रो प्रजातन्त्रको रक्षा र सुदृढीकरण गर्ने र तेस्रो, विकास निर्माणको कामलाई गति दिएर मुलुकलाई अग्रगामी दिशा प्रदान गर्ने । तर माओवादी समस्या समाधान गरी मुलुकमा शान्ति बहाली गर्नु नै संयुक्त सरकारको मुख्य कार्यभार हो । यसप्रकार कुन पृष्ठभूमिमा संयुक्त सरकार गठन भयो ? सरकारमा कोको सहभागी छन् ? तिनको के कस्तो चरित्र छ ? देशको समग्र स्थिति र संकट कस्तो छ ? हामीले के कस्ता प्रयास गर्‍यौं ? र, परिणाम के भइरहेछ ? भन्ने आधारमा संयुक्त सरकारको मूल्यांकन र समीक्षा गर्नु न्यायोचित हुन्छ ।

संयुक्त सरकारमा हामी सहभागी हुनासाथ आर्थिक वर्ष २०६१/६२ को बजेट निर्माणमा जुट्नुपर्‍यो । त्यतिबेला बजेट तयार भइसकेको हुन्छ भन्ने सबैलाई थाहा भएकै कुरा हो । बजेटलाई परिमार्जित गरेर जनपक्षीय र शान्ति बहालीमा केन्द्रित गर्न, त्यसमा एमालेको सोच प्रतिविम्बित गराउन अधिकतम प्रयत्न गरेको फलस्वरूप दशवर्षपछि आफ्नो गाउँ, आफै बनाऔं कार्यक्रमले नयाँ जीवन पायो । बृद्धभत्ता बृद्धि गरियो । गाउँ-गाउँमा सहकारी, घर-घरमा रोजगारीको अवधारणा आयो । विकास-निर्माण कार्यलाई गति दिन थुप्रै नयाँ र विशेष कार्यक्रम अघि सार्ने काम भयो । एक हप्ताको अवधिमा बनिसकेको बजेटमा परिमार्जन गरेर हामीले एमालेको उपस्थिति देखिने गरी नयाँ बजेट सार्वजनिक गर्‍यौं ।

**शान्ति बहालीको एजेण्डा र हाम्रो प्रयास**

बजेट निर्माण लगत्तै हामीले शान्तिवहालीको काममा ध्यान लगायौं । मन्त्रिपरिषद्को बैठकमा नेकपा (एमाले)का मन्त्रीहरूको तर्फबाट युद्धविराम घोषणा गरी माओवादीसँग शान्तिवार्ता शुरू गर्न माओवादीलाई वार्ताको निम्ति आह्वान गर्ने प्रस्ताव राख्यौं । हाम्रो प्रस्ताव जस्ताको तस्तै स्वीकार भएन । तथापि हाम्रो प्रस्तावअनुरूप साउनको पहिलो साता नै मन्त्रिपरिषद्ले औपचारिकरूपमा माओवादीलाई वार्तामा आउन आह्वान गर्‍यो । वार्तालाई संस्थागतरूपमा अघि बढाउन उच्चस्तरीय शान्ति समिति र शान्ति सचिवालय गठन गरियो । त्यसलाई राजनीतिक दलहरूले सहयोग पुर्‍याउन परामर्श तथा सहयोग उपसमिति गठन भयो । त्यतिखेर माओवादीहरू वार्तामा आउने अवस्था सिर्जना भएको थियो । तर प्रधानमन्त्रीले हेर्दै गरौंला भनेर पन्छाउनुभयो । दशैंको बखत फेरि युद्धविरामको लागि प्रस्ताव राख्यौं, त्यसअनुरूप पनि भएन । मंसिर महिनामा आएर सरकारले माओवादीका जुनसुकै र सबै एजेण्डामा छलफल गर्न तयार रहेको भनेर पुनः वार्ताको लागि आह्वान गरेको विदितै छ । हामीले सबै एजेण्डा भनेको माओवादीका सबै एजेण्डा-गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा हुन् भनेर मैले उपप्रधानमन्त्रीको हैसियतमा स्पष्ट पारिरहेकै छु । माओवादी वार्तामा आउन तयार हुनासाथ एक घण्टाभित्रै रेडकर्नर नोटिस र आतंककारीको बिल्ला हटाउने, युद्धविराम गरेर वार्ता गर्ने, माओवादी समस्याको राजनीतिक समाधान गरेर अघि बढ्ने भन्ने कुरा हामीले बारम्बार भन्दै आएका छौं । यो सारा हामीले गर्दै आएको भगिरथ प्रयत्न हो । यसकै परिणामस्वरूप चार पार्टीको सरकार हामी एमालेले चाहे जति अघि बढेको छैन, तर निश्चितरूपमा सरकार धेरै अघि बढेको छ । यसरी आज वार्ता नहुनुको कारण सरकार होइन, माओवादी हो । माओवादीले चन्द र थापाको सरकारसँग वार्ता गरे, त्यतिबेला उनीहरूको कुनै शर्त थिएन । ती सरकारहरू अहिलेको सरकारजस्तो शान्ति बहालीको उद्देश्यमा केन्द्रित छँदा पनि थिएनन् । सरकारले वार्ताको लागि अझै के गर्नुपर्छ ? हामीले त खुला, खुलस्त र स्पष्ट प्रस्तावका साथ युद्धविराम गर्दै वार्ताको लागि आह्वान गर्न जोड गरिरहेका छौं । किनकि, माओवादी वार्तामा आए ठीकै छ, नआए सरकार यो भन्दा लचिलो हुने ठाउँ छैन भन्ने जनमत निर्माण हुन्छ भनेर आतंककारीको बिल्ला र रेडकर्नर नोटिस हटाउने तथा संविधान सभालगायतका सबै एजेण्डामा छलफल गर्ने कुरामा हामीले निरन्तर दवाव दिंदै आएका छौं । तैपनि हामीले भनेजति अघि बढ्न अरू पक्ष तयार भइरहेका छैनन् । हालै युरोपेली युनियनको प्रतिनिधिमण्डलले दिएको वक्तव्यले पनि सरकार वार्ताको लागि सकारात्मक छ, तर माओवादी वार्तामा आइरहेको छैन भन्ने देखाएको छ । यसरी हामीले वार्ताको लागि गरेको प्रयास खेर गएको छैन । तर सरकार र माओवादी दुवैलाई वार्ताको निम्ति बाध्य पार्न अझ धेरै दवाव दिनुपर्ने आवश्यकता छ । यसको लागि व्यापक जनता परिचालन गरेर राष्ट्रव्यापी शान्ति अभियान संचालन गर्नु आवश्यक देखिन्छ ।

**प्रजातन्त्रको रक्षा र सुदृढीकरणको एजेण्डा**

सरकारमा सामेल भएपछि हामीले प्रतिगमनको अन्त्य र प्रजातन्त्रको सुदृढीकरणका लागि मन्त्रिपरिषद्मा निरन्तर संघर्ष गर्दै आएका छौं । शुरू-शुरूका दिनमा हामीले गरेको संघर्ष मन्त्रिपरिषद्भित्रै सीमित रह्यो, हामी सार्वजनिक विवादमा उत्रिएनौं । किनकि, सहमति, समझदारी र मेलमिलापको प्रयत्नका साथ अघि बढौं भन्ने दृष्टिकोणका साथ हामीले काम गर्न खोज्यौं । तर पछिपछि यो कार्यशैलीले भएन र हामीले आफ्नो अडान जनसमक्ष स्पष्ट पार्ने काम गर्दै आएका छौं । यस सन्दर्भमा निम्न कुराहरू उल्लेखनीय छन् :

- प्रधानमन्त्रीले मध्यमाञ्चलको हेटौंडामा राजाको अभिनन्दन गर्ने प्रस्ताव ल्याउनुभयो । हामीले त्यसमा विरोध जनायौं । किनकि, अहिलेको स्थितिमा जनताको तवाह भइरहेको, दिनदिनै रगत बगिरहेको, भोकमरी र विस्थापनको समस्या चर्किरहेको अवस्थामा राजाको अभिनन्दन गर्नाले के सन्देश जान्छ ? यस्तो अवस्थामा राजाको अभिनन्दन गर्न कुनै पनि प्रजातान्त्रिक सरकारलाई सुहाउँदैन, यो उपयुक्त समय होइन भनेर हामीले जोडदार आवाज उठायौं । हाम्रो अडानकै कारण राजाको अभिनन्दन हुन सकेन । यसले केही स्वार्थी तत्वहरू हामीसँग निकै क्रुद्ध र नाखुस हुन पुगेको अवस्था छ। हामी संवैधानिक राजाको सम्मान गर्छौं । संवैधानिक राजाको मर्यादा राखेर समझदारीका साथ चल्न सक्छौं । तर जनता मरिरहेको बेला राजाले अभिनन्दन पाएर के हुन्छ ?
- दरबारको खर्च सम्बन्धी अध्यादेश चन्द सरकारको पालामा जारी भएको थियो । त्यो अध्यादेशले 'राजदरवार खर्चसम्बन्धी ऐन-०३१' मा संशोधन गरी राजा, राजपरिवार र दरवारको खर्च स्वविवेकले बृद्धि गर्न पाउने अधिकार राजालाई दिएको थियो । थापा सरकारले पनि त्यसलाई निरन्तरता दियो । अहिले मंसिरको पहिलो साता त्यसको म्याद सकियो र निरन्तरताको लागि प्रधानमन्त्रीले प्रस्ताव ल्याउनुभयो । हामीले त्यसको विरोध गऱ्यौं र भन्यौं-यो अध्यादेश जरूरी छैन । हिजो कार्यकारी अधिकार नभएका सरकारहरू हुँदा यो अध्यादेश जारी गरिएको थियो, अब कार्यकारी अधिकार प्राप्त सरकार बनेको छ । सारा काम यही सरकारले गर्ने हो । यो राजाले गर्ने काम होइन, प्रधानमन्त्रीलाई अप्ठेरो हुन्छ भने मन्त्रिपरिषद्को तर्फबाट मलाई जिम्मा दिनुस्, म गएर राजासँग कुरा गर्छु र भन्छु-'अब यो अध्यादेशले निरन्तरता पाउँदैन । राजदरवारको सारा खर्चको व्यवस्था गर्ने काम सरकारको हो ।' तर हाम्रो विरोधका बाबजुद प्रधानमन्त्रीले राखेको प्रस्ताव पारित भयो ।
- यसैक्रममा राजपरिषद्को केन्द्रीय सम्मेलन आयोजना भयो । पहिले चार विकास क्षेत्रमा भएका भेलाहरूमा राजालाई सक्रिय हुन आह्वान गर्ने, राजनीतिक पार्टीको बदख्वाईं गर्ने, संविधान फेरेर राजालाई बढी अधिकार दिनुपर्छ भन्ने प्रस्ताव पारित गरेर राजपरिषद् विवादमा परेको थियो । त्यसै परिप्रेक्ष्यमा मध्यमाञ्चलको भेला गरियो र केन्द्रीय सम्मेलनको राजाले उद्घाटन गर्ने कुरा आयो । हामीलाई त्यसको निम्तो प्राप्त भयो । तर हामी सल्लाह गरेर निष्कर्षमा पुग्यौं-'यस्तो सम्मेलन असंवैधानिक हो । संविधानले राजपरिषद्लाई यस्तो कुनै काम गर्न पाउने अधिकार दिएको छैन । शासन संचालन राजपरिषद्को चासोको विषय होइन, मन्त्रिपरिषद्को जिम्मा हो । राजाको सल्लाहकार केवल प्रधानमन्त्री हो, राजपरिषद् होइन । राजपरिषद्ले त केवल राजदरवार सम्बन्धी मामलामा चासो राख्ने र राजाको उत्तराधिकारी निश्चित गर्न सल्लाह दिने हो । त्यसकारण हामी संविधानको उल्लंघन भएको ठाउँमा भाग नलिने घोषणा गर्न बाध्य भयौं । हाम्रो पार्टी कुनै पनि अवस्थामा जनताको अधिकार खोस्ने र कुण्ठित पार्ने कुरामा सहयोगी बन्न सक्दैन । हामीले यसप्रकार मन्त्रिपरिषद्भित्र निरन्तर संघर्ष गर्दै आएका छौं । हाम्रो यही अडान र संघर्षका कारण प्रजातन्त्रमाथि ठूलो अतिक्रमण र हमला हुन रोकिएको छ। सरकारमा हाम्रो उपस्थितिकै कारण प्रजातन्त्रमाथि षडयन्त्रकारीहरूले हाँकाहाँकी हमला गर्न सफल भएका छैनन् ।

**केही अस्पष्टता र कमजोरीहरू**

हामी सरकारमा सामेल भएपछि केही कुरा निकै उछालिएका छन् । पहिलो, बजेट निर्माणकै क्रममा मैले भनेको थिएँ-अहिलेको अवस्थामा दरवारको खर्च घट्दैन । प्रतिगमनविरोधी आन्दोलनको क्रममा जब दरवारको खर्च अप्रत्यासितरूपमा बढेको थियो, त्यतिबेला मैले दरवारको खर्च घटाउनुपर्छ भनेको थिएँ । त्यो अडानमा अहिले म अर्थमन्त्री भइरहेको बखत पनि कायमै छु । तर राजदरवार खर्चसम्बन्धी अध्यादेश कायम रहेको र मैले असार २२ गते अर्थमन्त्रालय सम्हाल्नपुग्दा दरवारको खर्च प्रस्ताव आइसकेको अवस्था थियो । त्यस स्थितिमा मैले या त प्रस्ताव स्वीकार गर्नुपर्थ्यो या छाडेर हिंड्नुपर्थ्यो । तसर्थ मैले भनें-'राजदरवारको खर्च अहिले घट्दैन । यो काम गर्न संसदले अध्यादेश बदलेर नयाँ ऐन बनाउनुपर्छ ।'

चालु अध्यादेशले त राजदरवारको खर्च सम्बन्धमा राजाले स्वविवेकमा निर्णय गर्ने अधिकार दिएको छ । राजाको यो अधिकार संसदले काट्न सक्छ भन्ने अडानमा म कायमै छु ।

दोस्रो, सुरक्षा बजेट त्रिचालीस करोड घटाएर ८ अर्ब विनियोजन गरें । यसो गरेर मैले धेरै ठूलो काम गरें भन्दिनँ । जुन देशमा सेना परिचालन भइरहेको छ, यो सरकारको सेना हो र यसले राखेका कतिपय मागहरू जायज छन् भने सेनाको खर्च घटाएर केके न गरें भन्नुहुँदैन । सेनाको कतिपय काम, बढ्दो खर्च र लड्ने तौरतरिकाप्रति गुनासो हुन सक्छन् । तर सेना परिचालन भएको त सरकारको निर्णयअनुसार नै हो । मैले जनताको आवश्यकता र माग तथा सेनाको खर्च र राष्ट्रको क्षमतामा सन्तुलन राख्नुपर्ने दृष्टिकोणका साथ सेनाको बजेट नबढाउने निर्णय गरें । त्यसो गरेर म माओवादीलाई एउटा सन्देश दिन चाहन्थें-'हामी युद्ध होइन, शान्तिवार्ता गर्न चाहन्छौं है !' तर छ महिनाको अनुभव हेर्दा माओवादीले हाम्रो सन्देश बुझ्न चाहेको देखिएन । यो कुरा मैले आजसम्म आफ्नो मनभित्रै दबाएर राखेको थिएँ । जबकि सरकारमा बस्दा सेनाप्रतिको दायित्व निर्वाह गर्दिन भन्न मिल्दैन । यसका बाबजूद मैले सुरक्षा बजेट घटाएर माओवादीलाई सन्देश दिन खोजें । अब सेनाको अत्यावश्यक माग र खर्चप्रति ध्यान नदिनु सम्भव छैन ।

तेस्रो, काम गर्ने क्रममा केही कमी-त्रुटि अवश्य भएका छन् । माओवादी समस्याले विस्थापनको ठूलो समस्या खडा गरेको छ । द्वन्द्व पीडित र विस्थापितको राहतका लागि बजेटमा रकम छ । तर त्यसको लाभ केही चल्तापूर्जा व्यक्ति र अमूक पार्टीका मान्छेले उठाइरहेको देखिन्छ । खासगरी एमाले पंक्तिले कम राहत पाइरहेको छ, जबकि एमाले पंक्ति सबभन्दा बढी प्रताडित भइरहेको अवस्था छ । यसले हाम्रो पंक्तिमा अलिक असन्तोष हुनु स्वभाविक हो । यस सम्बन्धमा म संयोजक रहेको द्वन्द्वपीडितलाई सहायता दिनेसम्बन्धी उच्चस्तरीय समिति बनेको छ । यसपालि माघ महिनामा आउने अध्यादेश बजेटमा द्वन्द्वपीडितका लागि विशेष कोष खडा गर्नेतर्फ सोचाइ भइरहेको छ । यदि त्यसो गर्न सकियो भने दातृ संस्थाहरूसँग पीडितहरूको पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउन अनुरोध गरिनेछ । माओवादी पीडितहरूलाई तत्काल खाने गास, बस्ने बास, औषधी उपचार र रोजगारीको समस्या छ । यसको लागि अर्बौं रकम लाग्नसक्छ । सरकारले केही रकम छुट्याएमा दातृ संस्थाको सहयोगमा राम्रो कोष सिर्जना हुनेछ र सर्वदलीय समितिमार्फत् स्वच्छ र पारदर्शीढंगले पीडितहरूको राहतमा उपयोग गर्न सकिनेछ । मैले यसको लागि पहल गरिरहेको छु ।

काम गर्ने सन्दर्भमा भएका केही कमी-त्रुटिलाई हामीले स्वीकार गर्नैपर्छ । जस्तो, आतंककारीलाई नियन्त्रण गर्ने सम्बन्धी अध्यादेश जुनरूपमा मन्त्रिपरिषद्बाट पारित भयो, त्यसमा त्रुटि भएकै हो । यो कुरा अनुभूति गरेर हामीले प्रधानमन्त्रीलाई एक महिनाभित्रै त्यसमा पुनरावलोकन गर्न अनुरोध गऱ्यौं । सारा नेपाली जनता, पत्रकार, बुद्धिजीवी, मानवअधिकारवादी र विश्व समुदायले गलत भनिसकेपछि

एउटा प्रजातान्त्रिक सरकार आफ्नो गलत निर्णय सच्याउन अग्रसर हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । यो कुरा हामीले प्रधानमन्त्रीसमक्ष लिखितरूपमा राखेको कुरा सार्वजनिक भइसकेको छ ।

यसैगरी सैनिक कल्याणकारी कोष नियमावली पनि कसरी क्याबिनेटमा आयो र पारित भयो भन्ने बेग्लै कथा छ । कमसेकम, हामीले त्यो नियमावली पारित गर्दा असहमति जनाउनुपर्थ्यो । त्यसमा हाम्रो तर्फबाट त्रुटि भएको छ ।

पोखरा दुग्ध विकास आयोजना निजीकरण गर्ने निर्णय थापा सरकारकै पालामा भएको रहेछ । तर अन्तिम टुंगो गरी सम्झौता गर्न कृषि तथा सहकारी मन्त्रालयले प्रस्ताव ल्यायो । त्यसको विरोध नभएको होइन । हामीले मात्र होइन, स्वयं प्रजातान्त्रिक कांग्रेसका मन्त्रीले पनि विरोध गरे । तर प्रधानमन्त्रीको दवाव र सहकारी मन्त्रीको एसियाली विकास बैंकसँग पहिले प्रतिबद्धता जाहेर भइसकेको भन्ने भनाइले गर्दा पेलेर त्यो निर्णय भयो ।

सरकारको प्रवक्ता तोक्ने क्रममा मन्त्रिपरिषद्को सामान्य बैठक सकिएपछि प्रधानमन्त्रीले एक्कासी प्रस्ताव राख्नुभयो -अरूबेला पनि सूचना तथा संचारमन्त्री प्रवक्ता हुने प्रचलन रहेको हुँदा उहाँलाई आजदेखि प्रवक्ता तोकें, निर्णय लेखिदिनुस् भनेर मुख्य सचिवलाई आदेश दिनुभयो । हामीले त्यसको विरोध गर्‍यौं र कुनै पार्टीको मन्त्रीलाई नै प्रबक्ता तोक्न भन्यौं । तर उहाँ यही निर्णय भयो भनेर हिंड्नुभयो, हामीले आफ्नो विरोध सार्वजनिक गरेनौं, तर नेताहरूलाई जानकारी गराएका हौं । किनकि, यो शुरूको बेला थियो । हामी झगडा र विवाद गर्न होइन, समझदारी र मेलमिलाप गरेर निर्धारित लक्ष्य हासिल गर्न चाहन्थ्यौं ।

स्थानीय निकायको पुनर्वहाली, राजदूतहरूको नियुक्ति र विभिन्न आयोगको गठनमा चारपार्टीबीच सहमति बन्न नसकेको कारणले निर्णय हुनसकेको छैन । जसले गर्दा सरकार जग र जराबिहीन भइरहेको छ । स्थानीय निकायको पुनर्वहाली गर्न सकिएको भए सरकारले तल खुट्टा टेक्ने ठाउँ हुन्थ्यो । महिला आयोगसम्बन्धी अध्यादेश दरवार पठाएको तीन महिना भइसक्यो, फिर्ता आएको छैन । यसले गर्दा सरकारले काम गर्न सकेको सन्देश जान सकेन र गुनासो सुन्नुपर्ने स्थिति बनेको छ । मैले प्रधानमन्त्रीलाई सम्मान र मर्यादा गर्नुपर्छ । तर जनता र इतिहाससमक्ष मैले तथ्य कुरा पनि राख्नैपर्छ । प्रधानमन्त्रीले चारपार्टीबीच सहमति कायम गरेर निर्णय प्रक्रियालाई जति प्रभावकारी र छिटो बनाउनुपर्थ्यो, त्यो भइरहेको छैन । उहाँले जुनसुकै निर्णयमा पनि आलटाल गर्न खोजिरहेको अवस्था छ ।

**निस्कर्ष**

छ महिनामा सरकारले के काम गर्‍यो भन्दा हामीले औंला गनेर देखाउने अवस्था छैन । म पार्टीका साथीहरूसमक्ष विनम्रतापूर्वक अनुरोध गर्दछु । दशवर्ष अघि हाम्रो एकल सरकार थियो, तर अहिले चार पार्टीको चारमुख भएको सरकार छ । संसद छैन । माओवादी समस्याले अस्तव्यस्तता खडा गरेको छ । अब त विकास बजेटको समेत आधा रकम माओवादीले माग्न थाले । यस्तो प्रतिकूल अवस्था र परिस्थितिको सीमा बुझेर सरकारको मूल्यांकन गर्नुहोस् भन्ने मेरो विशेष अनुरोध छ । प्रधानमन्त्रीको कार्यशैली सरकारलाई प्रभावकारी बनाउन बाधक बनिरहेको छ । साथै हाम्रो पार्टीले पनि एकताबद्ध भएर मुलुकलाई दक्षिणपन्थी र उग्रवामपन्थी अतिवादबाट मुक्त गर्न भूमिका खेल्नैपर्छ । हामी आपसी विवादमा अल्झिनु हुँदैन । कसले को कोसँग हिसाब किताब लिनुछ, भोलि गरौंला । तर नाउ चढेर जंघार तरिरहेको बखत मझधारमा नाउ फेर्ने कुरा नगरौं । सिंगो पार्टी एकताबद्ध भएर अघि नबढ्ने हो भने हामीले कुनै सफलता हासिल गर्न सक्ने छैनौं ।

# जनता असल कम्युनिष्टको खोजीमा छन्

## ' मुकुन्द न्यौपाने

**यो** बेलासम्म मसँग नेपालको कम्युनिष्ट आन्दोलनको गहिरो अध्ययन थिएन र गुट-उपगुटको बारेमा पनि राम्रो जानकारी थिएन । झापामा हामी भूमिगत भएपछि नयाँ र नौला मान्छेहरू भेटिए । शिव शिवकोटी, लक्ष्मण बानियालाई पहिले नै मैले चिनिसकेको थिएँ । रामनाथ दाहालसँग पनि विद्यार्थी आन्दोलन र सुस्ता महेशपुरको प्रसंगमा भएका प्रदर्शनमै धेरैपटक भेट भइसकेको थियो । हाम्रो मुख्य बस्ने थलो माईपारी रामनाथको घरइलाका चारपाने र सालबाडी शिव शिवाकोटीको घर धाइजन र ज्यामिरगढी थिए भने माईवारी गुवालडुब्बा, कोशेवारी माहारानीझोडा थिए । यसैबीच रामनाथ दाहालकोमा दुईजना इण्डियन कम्युनिष्टहरूसँग मेरो भेट भयो । उनीहरू राजन र भोगेनको नामबाट परिचित भए । त्यहाँ मोहनचन्द्र र सीपी पनि थिए । त्यहाँ कसलाई कम्युनिष्ट मान्ने र कसलाई गद्दार भन्नेबारेमा बहस उठ्यो । मोहनचन्द्र अधिकारीले माओ विचारधारा र चीनको सांस्कृतिक क्रान्तिलाई जसले समर्थन गर्छ त्योमात्र कम्युनिष्ट हुनसक्छ भन्ने तर्क अगाडि सारे । त्यहाँ अरूले त्यतिले मात्र पुग्दैन अब प्रत्यक्ष सशस्त्र संघर्षमा जो सामेल हुन्छ र क्रान्तिको परिस्थिति छ भनेर स्वीकार गर्छ त्यो मात्र कम्युनिष्ट हुनसक्छ भन्ने कुरा अगाडि सारे । राजन र भोगेनले "अब माओ विचारधारा भनेर मात्र पुग्दैन । माओ विचारधाराबाट पनि संशोधनवादको जन्म भइसक्यो, त्यसैले मार्क्सवाद-लेनिनवाद, माओविचारधारा र कमरेड चारूमजुमदारको क्रान्तिकारी लाइन भन्नुपर्छ तबमात्र साँचो कम्युनिष्ट बन्न सकिन्छ" भन्ने कुरा राखे । त्यो बेलादेखि मैले अर्को नयाँ लाइनको जन्म भएको कुरा थाहा पाएँ । त्यहीबेला मलाई राजनले चारमजुमदारको छानिएका रचना भन्ने लेखहरूको संग्रह पनि दिएर लालतारा नामको बंगाली भाषाको एउटा पत्रिका पनि दिए । "रेडबुक, तीन लेख र चारूमजुमदारका रचनामात्र पढ्नु, माओका पनि सबै भोलम पढ्नुपर्दैन, संशोधनवाद र बुद्धिवादले मात्र भोलम खोज्छ "सिर्फ तीन लेख से ही काम चल जाएगा" चारूमजुमदारको हवाला दिंदै आदेशात्मक रूपमा उनले मलाई निर्देशन दिए । मलाई संकट पर्‍यो । म त्यतिबेला माईवारी थिएँ र भूमिगतरूपमा एक्लै थिएँ । सबै साथीहरू माईपारीकै इलाकामा बस्ने, म धेरै किताबहरू पढ्न रूचाउँथें । संस्कृत पढ्दा कण्ठ गर्ने बानी परेकाले मेरो रट्ने बानी पनि थियो । पढेको कुरो पाठ गर्ने बानीले मलाई धेरै सजिलो पनि भएको थियो र म धेरै मान्छेलाई सम्झाउन

पनि सक्थें। बुद्धिजीवीसँग तर्क गर्न सक्थें। मैले आफ्नो क्षमतामा बृद्धि भएको महसुस गर्दै थिएँ। तर धेरै किताब पढ्ने कम्युनिष्ट हुँदैनन् भन्ने र चारू मजुमदारका रचना र रेडबुकभन्दा अरू नपढ्नू भन्ने नक्सलपन्थीहरूको आदेशले मभित्र उनीहरूप्रति असन्तुष्टि जाग्यो। मैले पढ्ने आफ्नो क्रमलाई जारी राखें। यसैबीच माओका भोलमहरू पढ्न थाले। भारतबाट प्रकाशित कम्युन साहित्यप्रति पनि मेरो रूची बढ्दै गयो। म केही मात्रामा बहस गर्नसक्ने पनि भएँ। यसले राजन- भोगेनसँग मेरो अन्तरविरोध बढाइदियो र मैले उनीहरूलाई श्रद्धाको आँखाले हेर्न छोडें। "जतके बेसी पढागुना करवो ततेक बेसी मुरख हवों" भोगेनले चारूमजुमदारको हवाला दिंदै मलाई हप्काए। मैले प्रतिवाद गरें, त्यहाँ अर्को बहस भयो। सीपीले सिधै राजन र भोगेनको पक्ष लिए र सीपी उनीहरूको तर्कसँग पूर्णरूपले सहमत थिए। यो बेलादेखि मेरो सीपीसँगको सम्बन्धमा पनि चिसोपन आयो।

वास्तवमा असल कम्युनिष्ट कसरी बन्ने, छुट्याउन मलाई निकै गाह्रो पऱ्यो। पहिले मैले मार्क्सवाद- लेनिनवादलाई मान्नेलाई कम्युनिष्ट मानें, त्यसपछि माओको कुरा थपियो। फेरि चारूमजुमदारको लाइन नमान्ने कम्युनिष्ट हुँदैन भनियो र यसले मजस्ता धेरैलाई अन्योल बनायो। ०२८ साल मंसिरतिरको कुरा हो, मोहनचन्द्र पनि पूर्णरूपले भूमिगत भएर झापा पुगे। हामी रामनाथ दाहालको घरमा जम्मा भएका थियौं। त्यहाँ विश्व कम्युनिष्ट आन्दोलनको बारेमा बहस हुन्थ्यो। नेताहरूको बारेमा चर्चा चल्यो। सीपी चारूमजुमदारको पक्षबाट वकालत गर्न थाले। रामनाथ दाहाल माओको वकालत गर्न थाले। मोहनचन्द्रले स्टालिन र अनवर होजाको वकालत गरे। मोहनचन्द्रको भनाइ "खुस्चोभको विरोध गर्ने पहिलो व्यक्ति अनवर होजा हुन् तर सानो देश भएकाले सबैले चीन र माओको नाम लिए"। यी सबै बहसबाट म के निष्कर्षमा पुग्दै गएँ भने मार्क्स र लेनिनबाहेक कसैलाई नेता नमानी पनि कम्युनिष्ट बन्न सकिंदोरहेछ। नेपालमा चाहिँ कसलाई नेता मान्ने-नमान्ने भन्ने कुराको बहस झापालीहरूको बीचमा प्रायः समाप्त भइसकेको थियो किनकि नेपालका सबै पुराना नेताहरू गद्दार र संशोधनवादी भइसकेको निष्कर्ष प्रायः सबै झापालीहरूको थियो। नेपालका नेताहरूलाई हेर्ने सवालमा एकमत भएपनि चारू मजुमदार र उनको व्यक्तिहत्याको लाइनप्रति भने झापालीहरूमा गम्भीर मतभेद देखापर्न थाले। चारू मजुमदारको लाइनलाई नमान्नेहरू कम्युनिष्ट हुन सक्तैनन् भन्ने मत जबर्जस्त आउन थाल्यो। यो मतका प्रवक्ता राजन-भोगेन र सीपी मैनाली बने। पछि शिव शिवाकोटी, आर.के. मैनालीहरू पनि यसै मतमा पुगे। अर्कोतर्फ व्यक्तिहत्याबाट क्रान्ति सम्पन्न हुन सक्तैन भन्ने मत पनि जबर्जस्ती अगाडि आयो। त्यो मतका पक्षमा रामनाथ दाहाल, मोहनचन्द्र, के.पी. ओली र म थियौं। यसरी झापा जिल्ला कमिटी दुई भागमा बाँडिएपछि आ-आफ्ना पक्षमा कार्यकर्ता जुटाउने कोसिस हुनथाल्यो। सीपी र राजन भोगेनहरूले मोहनचन्द्र र रामनाथलाई नाकाबन्दी गर्न थाले। भारतमा समेत मोहनचन्द्रलाई गद्दार भनेर प्रचार गरियो। मोहनचन्द्रलाई झापामा टिक्न गाह्रो भयो। मैले आफ्नो जनाधार पहिले नै बनाइसकेको थिएँ। कुनै पार्टीको कमिटीमा नहुँदै गौरादह, गौरीगञ्ज इलाकामा मेरो राम्रो जनाधार थियो र मोरङका विभिन्न गाउँमा पनि मेरो सम्पर्क राम्रो थियो। पछि मोरङका केही विद्यार्थीहरू पनि क्याम्पस छोडेर भूमिगत काम गर्न थालें। मोरङमा आएपछि मैले जोगबनी मजदुर इलाकामा सम्पर्क गरें र गाउँका विभिन्न इलाकामा मोरङ क्याम्पसका विद्यार्थीहरू गएर भूमिगत काम गर्न थाले। यी सबैलाई लिएर एउटा संगठक कमिटी बनाइयो र म त्यसको सचिव बनें।

मोरङ आइसकेपछि मैले आफ्नो अध्ययनलाई पनि व्यवस्थित बनाएँ। मोरङको तीनटोलियामा हाम्रो बस्ने घर बासु गिरीको थियो। त्यहाँ प्रशस्त किताबहरू पाइन्थ्यो। बाजेको पसलबाट नयाँ-नयाँ किताब किनेर ल्याएर पढ्न थालें। मैले त्यो बेला माओका रचना 'व्यवहारका विषयमा, जनताका बीचका अन्तरविरोधको सही परिचालन, अध्ययनको कार्यशैलीमा सुधार गर, नौलो जनवादबारे" आदि रचनाहरू अलिक गहिरोसँग पढें। लेनिनको "गाउँका गरीबहरूलाई" भन्ने पुस्तक पनि त्यसैबेला पढें। यसले मेरो अध्ययनमा थप उत्साह भरिदियो। हामी अध्ययनकै क्रममा मोरङमा काम गर्ने कामरेडहरू के निष्कर्षमा पुग्यौं भने झापाली कमरेडहरू भारतबाट आएका गलत मान्छेको प्रभावमा परेका छन्, जसले अध्ययन गर्नुहुन्न भन्छ- त्यो कम्युनिष्ट हुन सक्तैन। लेनिनका अध्ययन-अध्ययन र फेरि अध्ययन भन्ने सूत्रको पनि खुब चर्चा भयो। यसै आधारमा झापालीसँग व्यापक बहस गर्ने र उनीहरूलाई व्यक्तिहत्याको राजनीतिबाट छुटकारा दिलाउन हामीले रामनाथ र केपीको समूहलाई सघाउने पनि निर्णय गऱ्यौं। अब हामी आफूलाई पक्का कम्युनिष्ट मान्न थाल्यौं र झापालीहरूलाई व्यक्तिहत्या र अराजकतावादको बाटो अँगालेका व्यक्तिको रूपमा हेर्न थाल्यौं। झापालीहरूले चारू मजुमदारको लाइनलाई मार्गदर्शक सिद्धान्त नमान्ने र सबैलाई गद्दार भन्न थाले। यही लडाइँ भारतको नक्सलवादीभित्र पनि रहेछ। पछि लिनप्याओको पतनपछि चारू मजुमदारको पार्टी तीन गुटमा विभाजन भयो। त्यहाँ पनि सच्चा कम्युनिष्ट को हो भन्ने कुराको लडाइँ नै प्रमुख थियो।

झापालीहरूसँग मोरङ जिल्ला संगठन कमिटीको विवाद चर्कन थालेपछि उनीहरू हाम्रा सुझावबाट टाढिन थाले। अगाडि पर्दा तर्क, बहस गर्न सक्तैनथे र स्वीकार्थे तर पछाडि ठीक त्यसको उल्टो गर्थे। वास्तवमा उनीहरू हाम्रो सललाहमा भन्दा पनि भारतीय नक्सलपन्थीहरूको सल्लाहमै चल्दै थिए र सबै निर्देशन उनीहरूलाई पारीबाटै आउँथ्यो। यहाँसम्म कि हाम्रा गम्भीर सुझावहरू जान थालेपछि सीपीहरूले हामीसँग सम्पर्क तोड्ने काम गरेर आफूबाहेक सबैलाई तथानाम आरोप लगाउने काम पनि गरे।

हामी मोरङमा आफ्नै शैलीमा काम अगाडि बढाउँदै थियौं र झापामा व्यक्तिहत्याले अरू अराजनीतिक स्वरूप ग्रहण गर्दै थियो। झापा-मोरङको सम्बन्ध करिब करिब टुटिसकेको अवस्थामा थियो। हामी चारू मजुमदारको लाइनलाई लेनिनवादको विपरीत लाइनको रूपमा हेर्थ्यौं भने उनीहरू हामीलाई संशोधनवादीको रूपमा हेर्दै व्यक्तिहत्याबाट क्रान्ति हुन्छ भन्ने कुरामा हामीलाई विश्वास थिएन। त्यसैबेला पेकिङ सुझावको सवालमा कानु सन्याल र जंगल सन्यालसहित ६ जना पोलिटब्युरोका सदस्यको पत्र लिएर केशव सरकार (पश्चिम बंगाल अञ्चल कमिटीका सदस्य) मोरङ आए। उनको त्यो पत्र हेरेपछि हामी के

कुरामा पक्का भयौं भने झापालीहरूले लिएको बाटोको स्वयं माओको नेतृत्वको केन्द्रीय कमिटीले पनि विरोध गरेको छ र चारू मजुमदारकै पार्टीका बहुमत पोलिटब्युरो सदस्य यसका विरूद्धमा छन् । यसबाट हामी ०२९ पुसमा झापालीहरूलाई छोडेर देशव्यापी संगठन निर्माणको दिशामा अगाडि बढ्ने फैसलामा पुग्यौं । मोरङमा एउटा बैठक राख्यौं । मोहनचन्द्र अधिकारीको निर्देशनमा उनकै सम्पर्क सूत्रमा म नारायणी अञ्चलतिर लागें, बासु गिरीलाई कोशीको काम जिम्मा दिइयो र एकजना साथी भोजपुर पठाइए । मोहनचन्द्र स्वयं पश्चिमाञ्चलतर्फ लागे । यसपछि मेरो तीन वर्षसम्म झापालीहरूसँग सम्पर्क टुट्यो । केपी र मोहनचन्द्र रौतहटमा पक्राउ परे । मैले बारा, धनुषा, सिरहा आदि ठाउँहरूलाई आधार बनाएर काम गर्न थालें । धेरै सम्पर्क सूत्र पनि जोडें । यसैबीच मेरो मोहनविक्रमको मसाल समूह र पुष्पलाल समूहसँग पनि सम्पर्क भयो र धेरै तटस्थ ग्रुपहरूसँग पनि सम्पर्क भयो । सिरहामा मसालका जिल्ला कमिटीका सदस्यहरूसँग पनि मेरो भेट भयो । तीमध्ये मणिलाल राईलाई मैले असल साथीको रूपमा पाएँ । उनी मसँगै भूमिगत भएर काम गर्न सहमत भए । यस्तै धनुषामा शितल झा, सप्तरीमा गोविन्द न्यौपाने, पर्सामा कृष्णमान जोशीसँग पनि मेरो सम्पर्क राम्रो थियो र यी मान्छेहरू मनमोहन, पुष्पलाल र मोहनविक्रमको पार्टीसँग सम्पर्कित थिए । झापालीप्रति उनीहरूको दृष्टिकोण त्यति सकारात्मक थिएन । तर मलाई उनीहरूले झापाली भनेरै चिन्थे किनकि म पनि तत्काल भूमिगत भएर जनताको बीचमा काम गर्नुपर्छ, आन्दोलनको थालनी गर्नुपर्छ भन्थें । घर छोड्ने कुरा गऱ्यो कि उनीहरूलाई झापाली लाइन लागिहाल्थ्यो । तर कार्यकर्ताको पंक्ति भने कुनै न कुनै आन्दोलनको पक्षमा थियो । मैले कार्यकर्ताको पंक्तिलाई समातेर संगठन विस्तारमा लागें । दुई वर्ष विभिन्न खाले कम्युनिष्टहरूसँग भेट्ने क्रममा मलाई के लाग्यो भने नेपालमा सिद्धान्तको लडाइँबाट कम्युनिष्ट र गैर कम्युनिष्ट छुट्याउने भन्दा पनि सानामसिना व्यक्तिगत मनमुटाव र पदको खिचातानीबाट यो सबै उत्पन्न भएको रहेछ । पुष्पलालका कार्यकर्ता र मनमोहनका कार्यकर्तामा मैले त्यति ठूलो भिन्नता पाइनँ । त्यस्तै मोहनविक्रम र मनमोहनका बीचमा पनि मैले त्यति ठूलो भिन्नता पाइनँ । मैले सबैसँग भेटें । सैद्धान्तिक छलफल गरें तर लाइनको खासै अन्तर भेटिनँ । यस्तो स्थिति देखेपछि मेरो सम्पर्कमा रहेका साथीहरू मणिलाल राई, मेघनाथ लम्साल, कृष्णमान जोशी, विनोद घिमिरे, शितल झा आदिसँग सल्लाह गरेर सबै पक्षसँग सल्लाह गर्ने, सबैसँग सम्पर्क गर्ने निधोमा हामी पुग्यौं ।

हामी यसरी जनआन्दोलनको माध्यमबाट अगाडि बढ्नुपर्छ भन्ने कुरा लिएर अगाडि जाँदै थियौं । मणिलाल राई र मैले दुईटा दस्तावेज तयार गऱ्यौं । "सशस्त्र संघर्ष र जनआन्दोलनको सम्बन्ध" दस्तावेज मैले तयार गरें भने "संगठनको ढाँचा र स्वरूप" भन्ने दस्तावेज मणिलाल राईले तयार गरे । यिनै दुई दस्तावेजलाई आधार बनाएर हामी संगठन निर्माण गर्ने दिशामा अघि बढिरहेका थियौं र मध्यमाञ्चलमा संगठन निर्माणको आधार बनाउन थाल्यौं । पाटनका सिद्धिलाल सिंह र सुशील अमात्यसँग सम्पर्कको प्रयत्न जारी थियो र चितवनमा विद्या ढकालमार्फत् हाम्रो सम्पर्क अगाडि बढ्दै थियो । यही सम्पर्क बढाउने क्रममा हाम्रो झापालीहरूसँग पुनः सम्पर्क भयो । मोरङमा माधव नेपालमार्फत् सीपीहरूसँग हाम्रो एकता वार्ता सुरू भयो । २०३२ को जेठको पहिलो हप्तामा झापाको दुवागढीमा सीपी मैनाली, गोविन्द न्यौपाने झापालीको तर्फबाट र यताबाट मणिलाल राई र म थियौं । धेरै कुराहरू भए । खासगरी कुरा चारू मजुमदारको लाइन र श्रद्धेय नेता मान्ने कि नमान्ने र लाइनको बारेमा छलफल गर्न सकिनेमा सीपी सहमत भएपछि हामीले एउटै संगठन बनाएर काम गर्ने कुरामा सहमति जनायौं । यसमा मोरङले पहिलेदेखि नै पहल गर्दै थियो तर चारू मजुमदार लाइनको बारेमा भने मोरङ आफैं अन्योलमा थियो ।

विभाजनको लामो अन्तरालपछि हामी पुनः एकजुट भयौं र मोरङमा २५ जेठमा को.के. को गठन गऱ्यौं । यसरी एकले अर्कालाई कम्युनिष्ट मान्ने कि नमान्ने भन्ने ठाउँमा पुगेका मान्छेहरू सबैलाई कम्युनिष्ट मान्ने ठाउँमा पुग्यौं । त्यो बेला हाम्रो कम्युनिष्टको मापदण्ड पनि परिवर्तन भयो । को.के. लाई समर्थन गर्ने र त्यसमा संगठित हुने, सहयोग गर्नेलाई कम्युनिष्ट र त्यसलाई नमान्नेलाई क्रान्तिविरोधीको बिल्ला हामीले भिराइदियौं । र, तुलसीलाल, पुष्पलाल, मनमोहन, मोहनविक्रम आदि सबै संशोधनवादी भएको घोषणा गऱ्यौं । तर एकीकृत को.के. बन्न सुरूमात्र भएको थियो, चारू मजुमदारको लाइनलाई मार्गदर्शक सिद्धान्त मान्ने कि नमान्ने भन्ने कुराले फेरि जोर पक्रियो । 'वर्गसंघर्ष' अंक एकको सम्पादकीय पढेपछि पुनः सीपीको इमान्दारितामा प्रश्नचिन्ह लाग्यो । झापामा मणिलाल र मसँग भएको समझदारीविपरीत सीपीले चारूमजुमदारलाई श्रद्धेय नेता नमान्नेलाई बुर्जुवा राष्ट्रवादीको आरोप लगाए । मणिलाल र मैले उनको आलोचना पनि गऱ्यौं तर उनी केही समयपछि नै जेल परेकाले विवादको अन्त्य त्यहीं भयो । कम्युनिष्ट कसलाई भन्ने कुराको अझै टुङ्गो लागेन र बहस चलि नै रह्यो ।

सीपीको गिरफ्तारीपछि झलनाथलाई कार्यवाहक महासचिव बनाइयो । झलनाथ कार्यवाहक महासचिव बन्नासाथ को.के. मा उथलपुथल भयो । चारू मजुमदारको लाइन हटाउनेबारे सहमति भयो । अमृत बोहराले फरक मत राखेपनि उहाँसँग त्यति तर्क थिएनन्, ईश्वर भर्खर केन्द्रमा ल्याइएका हुनाले बहसमा उत्रन चाहनुभएन । झलनाथ, म र मणिलाल राई तीनजनाको एउटै तर्क थियो । त्यहाँ चारू मजुमदारको लाइनलाई हटाउने सहमति भयो । नेपाली क्रान्तिले आफ्नै सिद्धान्त र लाइन बोकेर हिंड्नुपर्छ । भारतको नेता नेपाली क्रान्तिको नेता हुन सक्दैन भन्ने निष्कर्षमा हामी पुग्यौं । झापालीहरूले लिएको बाटो उग्रवामपन्थी भड्कावमात्र हैन, व्यक्तिहत्या र अराजकताको बाटो भएकाले उनीहरू सच्चिदैनन् भने उनीहरूलाई कम्युनिष्ट मान्न सकिंदैन र संगठनमा राख्न पनि सकिंदैन भन्ने कमिटीको ठहर भयो । त्यसै बैठकद्वारा जनसंगठन र जनआन्दोलनको लाइन नै अहिलेको नेपालको सही लाइन हो र आम जनतालाई उनीहरूकै मागमा गोलबन्द गर्नुपर्छ र जनसंगठनमार्फत् उनीहरूको नेतृत्व गर्नुपर्छ भन्ने निष्कर्षमा हामी पुग्यौं । यो धेरै लामो कालदेखिको संगठनभित्रको दुईलाइनको संघर्षमा सही लाइनको विजय थियो र हामी पनि जनताका कम्युनिष्टमा रूपान्तरण हुने बाटो खोल्दै थियौं तर संगठनभित्र नेतृत्वको फितलोपनले र साथीहरूको गिरफ्तारीले फेरि उग्रवाद हावी भयो र हामी जनताबाट अलग्गिएका कम्युनिष्ट बन्यौं । पछि अन्य पार्टीबाट फुटेर आएका संगठनहरू खासगरी पुष्पलालबाट फुटेर आएका मुक्तिमोर्चा को.के. मा सामेल भएपछि र ०३६ सालको

जनआन्दोलनपछि पुनः नयाँ बनेको मालेभित्र सैद्धान्तिक बहस भयो र उग्रवामपन्थ पराजित हुँदै गयो । मदन भण्डारी र मोदनाथ प्रश्रितजस्ता अध्ययनशील मान्छेको संगतले हाम्रो अध्ययन व्यवहारिक र वस्तुवादी बन्दै गयो । उग्रवामपन्थ पराजित गर्ने क्रममा हामीले आफूलाई जनताको साथीको रूपमा रूपान्तरण गर्दै गयौं । 'जहाँ जनता छन् त्यहीँ पाइला राख' भन्ने लेनिनको शिक्षाबाट निर्देशित भयौं । पञ्चायती चुनावलाई समेत उपयोग गरेर देशभरी आम जनताको बीचमा कम्युनिष्ट राजनीतिलाई पु¥यायौं । त्यतिमात्र हैन, ०४६ सालको आन्दोलनमा कम्युनिष्टको नामबाट अहं भूमिका खेल्यौं र जनआन्दोलन सफल पा¥यौं । नयाँ संविधानको निर्माणमा महत्वपूर्ण भूमिका खेल्यौं । हामी विगतमा भन्दा व्यवहारबाटै मार्क्सवादी बन्दै गयौं र नेपालको परिस्थितिको मर्मलाई पनि बुझ्दै गयौं । आफैंले गद्दार घोषित गरेका पुष्पलाल, तुलसीलाल र मनमोहनलाई उच्च सम्मान दियौं । मनमोहन, तुलसीलाललाई उच्च ओहदामा स्थान दियौं भने पुष्पलालका सम्पूर्ण उत्तराधिकारीसँग सम्मानसाथ एकीकृत भयौं । एकदलीय स्वरूपको नौलो जनवादको ठाउँमा जनताको बहुदलीय जनवादको बाटो समात्यौं र नेपाली क्रान्तिको मौलिक कार्यक्रमको निर्माण ग¥यौं । ३५ वर्षको यो अन्तरालमा हामीले कम्युनिष्टको अनेक रूप भोग्यौं, देख्यौं र जान्यौं । तर पनि हाम्रो भोग्ने र जान्ने क्रम सकिएको छैन । जनताले कसलाई असल कम्युनिष्ट मान्ने त्यो अन्योल जस्ताको तस्तै छ । कम्युनिष्टले अपनाउने मूल्य, मान्यता "जनताको सियो र धागोको टुप्पोसम्म पनि नलेउ, जनतालाई कुटपिट र हप्काउने काम नगर, बन्दीसँग नराम्रो व्यवहार नगर, नम्र भएर बोल" आदि कुराबाट प्रभावित भएर कम्युनिष्टको यस्तो अनुशासन देखेर मान्छे कम्युनिष्टप्रति आकर्षित भएका छन् । जतिबेला म गाउँमा भूमिगत थिएँ, मैले यिनै माथिका सूत्रलाई गीत बनाएर अनुशासनको गीतको रूपमा जनतालाई सुनाउँथें । हामीहरू जनताले दिए खान्थ्यौं नदिए भोकै बस्थ्यौं र यसरी जनताको मन जित्न सफल भएका थियौं ।

तर आज माओवादका नाममा माओवादीहरूले जस्तो क्रियाकलाप अपनाइरहेका छन्, कसैको खुट्टा भाँचिदिएका छन्, कसैका हात, कोही अपाङ्ग बनेका छन् । उनीहरूको संजाय दिने तरिका कम्युनिष्टको त के कुनै पनि मानवले इतिहासमा कहिल्यै नभोगेको र नदेखेको छ । हँसिया-हथौडाको झण्डामुनी कम्युनिष्टको नाममा माओवादीले गरेको यस्तो व्यवहारले आज कम्युनिष्ट पार्टी बद्नाम भएको छ र माओको नामसमेत बद्नाम भएको छ ।

वास्तवमा कम्युनिष्ट भनेको जनताको दुःखको साथी हो र उसले जनताको सुखको लागि लड्नुपर्छ । जनतालाई दुःख दिनेहरू भनेका मुट्ठीभर स्वार्थी तत्व हुन् र ती आफ्नो बारेमा भन्दा अरू कसैका बारेमा सोच्दैनन् । यही शिक्षाले नै मलाई पनि कम्युनिष्ट बन्ने प्रेरणा दियो । मलाई लाग्छ, कोही पनि गलत बाटोमा लाग्छ भने उसले यसै कुरालाई मनन गर्नुपर्छ । जनताको असल साथी बन्नुपर्छ र जनताको पीडक हैन, जनताको मुक्तिदाता बन्नुपर्छ । तर जनता अहिले पनि अन्योलमा छन्, असल कम्युनिष्ट कसलाई भन्ने भनेर ।

# नेपालमा बैदेशिक सहायता

## ' डा. गोविन्दबहादुर थापा

नेपालको वि.सं. २००८ सालमा प्रस्तुत पहिलो बजेट र पहिलो पंचबर्षीय योजना (२०१३–१८) नै वैदेशिक सहायतामा आधारित हुनेगरी तर्जुमा गरिएको थियो । तर वैदेशिक सहायता नीति भने पहिलो पटक वि.सं. २०५९ मा मात्र तर्जुमा गरियो । सुरूदेखि हालसम्म कुल विकास खर्चमा वैदेशिक सहायताको योगदान औसतमा ५५ प्रतिशत रहने गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा बैदेशिक सहायताको अंश औसतमा ५–६ प्रतिशत र कुल खर्चको २५–३० प्रतिशत रहने गरेको छ । सुरूका बर्षहरूमा कृषि, वन र मत्स्यपालनसम्बन्धी कार्यक्रमहरूमा यस्तो वैदेशिक सहायताको सबैभन्दा ठुलो अंश खर्च भएको पाइन्छ भने त्यसपछि विद्युत, यातायात, स्वास्थ्य, शिक्षा जस्ता भौतिक तथा सामाजिक क्षेत्रहरूमा खर्च भएको पाइन्छ । नेपालमा हाल जे जति विद्युत, सडक, स्वास्थ्य, दूरसंचार आदि सेवा उपलब्ध भइरहेका छन् तिनमा बैदेशिक सहायताको योगदान प्रमुख रूपमा रहेको पाइन्छ ।

बैदेशिक सहायताले सरकारी लगानीलाई दीगो बनाउनुको अतिरिक्त उच्च आर्थिक बृद्धिदर हासिल गर्न मद्दत पु¥याउँछ । चीनले जस्तै पूर्णरूपमा सदुपयोग गर्न सक्ने हो भने वैदेशिक सहायताले मुलुकको विकासमा निम्न बमोजिम योगदान पु¥याउन सक्दछः

१. विकासको निमित्त थप वित्तीय साधन उपलब्ध गराउँछ,
२. प्राथमिकता प्राप्त क्षेत्रहरूमा बढी साधन प्रवाहित गरी आर्थिक बृद्धिदर उच्च पार्न सहयोग पु¥याउँछ,
३. वैदेशिक निजी लगानी आकर्षित गर्नका लागि अनुकूल वातावरण सिर्जना गर्न मद्दत पु¥याउँछ,
४. उपलब्ध साधनको उपयोग क्षमता बृद्धि गर्न सहायता पु¥याउँछ,
५. समष्टिगत आर्थिक नीति निर्माण गर्नमा सहयोग पु¥याउँछ,
६. संरचनात्मक आर्थिक सुधारको निमित्त मार्गनिर्देश गर्दछ ।

हालका बर्षहरूमा नेपालको वैदेशिक सहायताको संरचनामा परिवर्तन हुँदै गएको छ । कुल वैदेशिक सहायतामा द्विपक्षीय सहायताको अंश घटेर हाल एक चौथाईमात्र रहन गएको छ । त्यसैगरी अनुदान सहायताको अंश घटेर गइरहेको

छ भने ऋणको अंश बढेर कुल सहायताको तीन चौथाई पुगेको छ। वैदेशिक सहायताको संरचनाको अर्को महत्वपूर्ण विशेषता कुल सहायतामा प्राविधिक सहायताको अंश क्रमशः बृद्धि हुँदै गएर कुल बैदेशिक सहायताको ४० प्रतिशतभन्दा बढी अंश ओगट्नु हो। यस्तो प्राविधिक सहायता सन् १९९० को दशकमा बार्षिक १७ प्रतिशतका दरले बृद्धि भएको छ। कुल वैदेशिक सहायतामा ऋणको अंश बढ्दै गएर नेपालले तिर्नुपर्ने वैदेशिक ऋणको राशी रू. २३० अर्ब नाघेको छ। जुन कुल गाहर्स्थ उत्पादनको ५५ प्रतिशत छ। यो अनुपात अन्य विकासशील मुलुकहरूको तुलनामा त्यति बढी नभएतापनि नेपालको निमित्त भने यो राशी निकै बोझिलो भइरहेको छ। त्यसमा आन्तरिक ऋण राशी (रू.८२ अर्ब) समेत जोड्ने हो भने कुल सरकारी ऋण राशी कुल गाहर्स्थ उत्पादनको २/३ भन्दा बढी पुगेको छ। यसले गर्दा त्यस्तो ऋणको सावाँ ब्याज भुक्तानीको निमित्त सरकारले खर्च गर्नुपर्ने रकम निरन्तर बढ्दै गएर सरकारले परिचालन गर्ने कुल आन्तरिक राजस्वको झण्डै १/३ पुगेको छ। चालु आर्थिक बर्ष २०६१/६२ मा यस्तो सरकारी ऋणको सावाँ ब्याज भुक्तानीको निमित्त रू. २० अर्ब ११ करोड बराबरको बजेट बिनियोजन गरिएको छ। जुन राजस्वको सबैभन्दा ठूलो स्रोत भन्सारबाट एक बर्षमा प्राप्त हुने राजस्वभन्दा झण्डै एक चौथाईले बढी छ।

नेपालको विकासको निमित्त वैदेशिक सहायता पर्याप्तमात्रामा प्राप्त भइरहेको भएतापनि यसबाट नेपालले अधिकतम फाइदा लिन भने सकिरहेको छैन। यसका प्रमुख कारणहरूमा सहायता सदुपयोग गर्ने क्षमतामा सुधार आउन नसक्नु र सरकारको संस्थागत क्षमता अत्यन्त कमजोर हुनु मुख्यरूपमा रहेका छन्। त्यसका अतिरिक्त नेपालले पाइरहेको बैदेशिक सहायतामा निम्न बमोजिमका समस्याहरू रहेको देखिन्छः

१. विकास आयोजनाहरूमा सरकारको स्वामित्व नरहनु,
२. कार्यक्रम तर्जुमा र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरू (उपयोगकर्ताहरू) को सहभागिता नगन्य रहनु,
३. मुलुकको संस्थागत तथा कार्यान्वयन गर्ने क्षमताको ख्याले नगरी विकास आयोजना/कार्यक्रमहरूको संख्या थप्दै लगिनु,
४. न्यून तलब र सुविधा एवम् गिर्दो मनोबलको कारणले निजामती सेवाको कार्यसम्पादन क्षमता र उत्प्रेरणा अत्यन्त कमजोर रहनु,
५. आयोजना/कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन ब्यवस्था अत्यन्त कमजोर रहनु र,
६. आयोजना/कार्यक्रमहरूप्रतिको उत्तरदायित्व र पारदर्शितामा कमी र साधनको चुहावट र दुरूपयोग हुनु।

यो स्थितिमा सुधार ल्याउन दातृसंस्था तथा मुलुकहरूले कडा दबाब दिई सहायताका शर्तहरू कडा बनाउँदै लगेका छन्। कतिपय दाताहरूले केन्द्रीय सरकारलाई सहायता नदिई स्थानीय निकायहरू, गैरसरकारी संस्थाहरू र सामुदायिक संस्थाहरूसँग प्रत्यक्ष सम्पर्क राखी काम गर्न थालेको वा आफ्नै संस्था खडा गरी ती मार्फत् विकास आयोजनाहरू कार्यान्वयन गर्नसमेत थालेका छन्। धेरै आयोजना तथा कार्यक्रमहरू दातृपक्षद्धारा निर्देशित रहेकाले बैदेशिक सहायताको प्रभावकारिता न्यून रहने गरेको छ। आयोजनाको तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण तथा मूल्यांकन जस्ता प्रक्रियाहरू कडाइका साथ पूरा गरी आयोजनाको पर्याप्त तयारी र कार्यान्वयनको ब्यवस्थापन गर्ने परिपाटीको अभावका कारणले गर्दा बैदेशिक सहायतामा संचालित आयोजना/कार्यक्रमहरूमा भएको लगानीबाट मुलुकले अधिकतम फाइदा लिन सकिरहेको छैन। धेरैसो आयोजनाहरूमा टिकाउपना र मर्मत-सम्भारको कार्य बिल्कुलै उपेक्षित भएको छ। त्यसैगरी वैदेशिक सहायता आवश्यक नभएका स–साना आयोजनाहरूमा वा नेपालको सन्दर्भमा उपयुक्त नै नभएका क्षेत्रमा पनि वैदेशिक सहायता प्रवाहित भइरहेको छ। क्षेत्रगत तथा राष्ट्रिय आवश्यकताको आधारमा प्राथमिकता निर्धारण हुन नपाउँदा विभिन्न दाताहरूलाई एकआपसमा परिपूरकको भूमिका खेल्न लगाउन सकिएको छैन। त्यसले गर्दा नेपालको आवश्यकताका सम्बन्धमा प्रत्येक दातृसंस्थाको आ-आफ्नै नीति, प्राथमिकता र धारणाहरू हुने र त्यस्ता नीति तथा प्राथमिकताहरू नेपालको सन्दर्भमा अमिल्दा मात्र होइनन् एक अर्कामा विरोधाभाषपूर्ण परस्पर विरोधी हुने गरेको समेत पाइन्छ। अति आवश्यक भएको क्षेत्रमा वैदेशिक सहायता प्रवाहित हुन नसक्नाले धेरै महत्वपूर्ण क्षेत्रहरूमा साधनको अभाव हुने गरेको पाइन्छ।

नेपालले प्राप्त गरिरहेको वैदेशिक सहायताको अर्को विशेषता के रहेको छ भने कुल वैदेशिक सहायतामध्ये पूँजीगत सहायताको अंश आधामात्र रहेको छ । प्राविधिक सहायताको अंश ४० प्रतिशत पुगेको छ। भने बाँकी १० प्रतिशत सहायता भुक्तानी सन्तुलन मिलाउनको लागि र आपतकालीन् खर्चको निमित्त प्राप्त भइरहेको छ। यसरी एकातिर वैदेशिक ऋणमा प्राविधिक सहायता लिइएको छ भने मुलुकमा उपलब्ध स्थानीय दक्ष प्राविधिक जनशक्तिको उपेक्षा भइरहेको छ। स्थानीय स्तरमा उपलब्ध हुने सहायतामा पनि त्यही स्थिति रहेको छ। स्थानीय निकायहरूको क्षमता बृद्धि गर्न स्थानीयस्तरमा उपलब्ध हुने प्राविधिक जनशक्तिको उपयोग गर्नुको सट्टा विदेशका महङ्गा प्राविधिज्ञ तथा परामर्शदाताहरूको अत्यधिक उपयोग गर्ने गरिएको पाइन्छ। यसबाट वैदेशिक सहायताको ठूलो अंश विभिन्न बहानामा दाताराष्ट्रहरूतर्फ नै फर्कने गरेको छ। ऋणको रूपमा प्राप्त हुने यस्तो प्राविधिक सहायताले मुलुकलाई भविष्यमा ठूलो बोझ पार्ने कुरा प्रष्ट छ। त्यसैगरी वैदेशिक सहायता कुन रूपमा उपयोग गर्ने भन्ने सम्बन्धमा पनि हालसम्म कुनै स्पष्ट नीति बन्न सकिरहेको पाइँदैन। कतिपय आयोजनाहरू Turnkey को आधारमा कार्यान्वयन गरिने र कतिपयमा अरू नै नीति अपनाउने गरिएको पाइन्छ। Turnkey को आधारमा निर्मित आयोजनाहरूमा मर्मत सम्भारको ठूलो चुनौती बन्न

गएको छ । प्राप्त विशेषगरी बहुपक्षीय सहायताहरूसँगै कडा खालका शर्तहरू गाँसी पालना गर्न बाध्य बनाउने प्रचलन विगत दशकदेखि बढेको छ जसले गर्दा उपलब्ध वैदेशिक सहायता पूर्णरूपमा उपयोग गर्न कठिनाई हुने गरेको पाइएको छ ।

विभिन्न गैरसरकारी संस्थाहरू मार्फत् ठूलो परिमाणमा वैदेशिक सहायता प्रवाह भइरहेको छ । मुलुकको विकासमा यस्ता संस्थाहरूको योगदान महत्वपूर्ण रहेतापनि कतिपय यस्ता संस्थाहरूले मुलुकको विकासका प्राथमिकताहरूको उपेक्षा गरी आफ्नै प्राथमिकता र प्रक्रियाअनुरूप निर्माण र विकासका कार्यहरू संचालन गर्ने गरेको पाइन्छ । साथै कतिपय यस्ता गैरसरकारी संस्थाहरूको वित्तीय कारोवार तथा कार्यक्रमहरूमा पारदर्शिताको पनि सख्त अभाव रहेको पाइन्छ । यसले गर्दा पनि आउँदा दिनहरूमा मुलुकमा गम्भीर समस्या सिर्जना गर्नसक्ने सम्भावना बढ्दै गएको छ । साथै सरकारलाई प्राप्त हुने वैदेशिक सहायता राशी सम्पूर्णरूपमा सरकारको बजेटमा समावेश हुने गरेको पाइँदैन । दाताहरूले सरकारका सम्बन्धित मन्त्रालय तथा विभागहरूलाई जानकारी नै नदिई आयोजना विशेषको खातामा सोझै सहायता रकम जम्मा गर्ने गरेको समेत पाइएको छ ।

नेपालको विकास आयोजना कार्यान्वयन गर्ने क्षमता अत्यन्त कमजोर रहेको छ । भरपर्दो सूचना प्रणालीको अभाव र नियमित सुपरिवेक्षण तथा अनुगमनको कमजोरीको कारणले गर्दा बैदेशिक सहायतामा संचालित विकास आयोजनाहरूको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको पाइँदैन । फलस्वरूप धेरैजसो आयोजनाहरूको कार्यान्वयनमा ढिलाइ हुनुका साथै लागतसमेत बढी लाग्ने गरेको छ । उदाहरणको लागि कालीगण्डकी ए जलविद्युत आयोजनालाई लिन सकिन्छ । मध्य मर्स्याङ्दी जलविद्युत आयोजना र मेलम्ची खानेपानी आयोजनामा पनि यस्तै हुने देखिएको छ । यस्तो ढिलाइको कारणले सुरूको अनुमान भन्दा लागत बढ्न गएपछि त्यस्को लागि थप साधन जुटाउन थप प्रयास गर्नुपर्ने र त्यसले आयोजनाको कार्यान्वयन अरू ढिलो हुने गरेको पाइन्छ ।

सबैजसो बैदेशिक ऋण सहुलियत ब्याजदरमा उपलब्ध हुने गरेको भएतापनि बजेटमा बैदेशिक ऋणको भार निरन्तररूपमा बढेर गएको छ । त्यसैले नेपालले यस्तो ऋणको उपयोगमा बढी छनौटपूर्ण र उत्पादनशील हुनु अति आवश्यक भएको छ । नेपाल अति कमविकसित मुलुक भएकोले विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्था (आई.डी.ए.) बाट सहुलियतयुक्त ब्याजदरमा (०.५%–१% सम्मको सेवा शुल्कको रूपमा) दीर्घकालीन ऋण (दश बर्षको छुट अवधिसहित ४० बर्षसम्मको लागि) पाइरहेको छ । हाल नेपालले लिइरहेको वैदेशिक ऋणमा विश्व बैंकबाट प्राप्त यस्तो ऋण रकम कुल ऋणको २/३ भन्दा बढी छ । त्यसपछिको स्थान एशियाली विकास बैंकको छ । यसले गर्दा नेपालको ऋण भुक्तानी अनुपात (Debt Service Ratio) ६–७ प्रतिशतभन्दा बढी छैन ।

वैदेशिक सहायता दिनका लागि दातृसंस्थाहरूले मुलुकको अवस्थाको ख्यालै नगरी शर्तहरू राख्ने र त्यस्तो सहायता लिनको लागि सरकारले जस्तासुकै शर्तहरू पनि स्वीकार गर्ने गर्दा मुलुक आज यो अवस्थामा पुगेको छ । वैदेशिक सहायता पाउनकै लागि कृषि मल, सिंचाइ तथा साना किसानहरूलाई दिइने ऋणको ब्याजमा सरकारले दिँदै आएको अनुदान खारेज गरियो । वैदेशिक सहायता लिनकै लागि बिजुली, टेलिफोन तथा पिउने पानीको महशुल सामान्य नागरिकले तिर्नै नसक्ने गरी बढाइयो । वैदेशिक सहायता लिनकै लागि दुर्गम जिल्लाका खाद्यडिपोहरू हटाइए । त्यसैका लागि सरकारी संस्थाहरूको निजीकरण गरियो र गरिँदैछ । बैदेशिक सहायताकै कारणले जलस्रोतको धनी मानिएको देशमा बिजुली दक्षिण एशियामा सबैभन्दा महङ्गो पारियो । त्यसैका कारणले नेपालमा नेपाली किसानहरूको धान नेपाली बजारमा नै बिक्री नहुने भएको छ । वैदेशिक सहायताकै कारणले दर्जनौं ऐन, कानुन तथा नीति, नियमहरू संशोधन गरी दातसंस्था र मुलुकहरूको निमित्त अनुकूल बनाइयो । र, नेपाललाई विश्वमै एक अत्यन्त खुला र उदार अर्थतन्त्र भएको मुलुक बनाइयो । तर यत्रो मूल्य चुकाएर लिइएको वैदेशिक सहायताको उपलब्धी भने नगन्य रह्यो । मुलुकमाथि ऋणभार थुप्रियो । मुलुक भ्रष्टाचारको दुर्गन्धले बदनाम भयो । मुलुक गरिबी, बेरोजगारी र पछौटेपनबाट मुक्ति पाउनुको सट्टा झन्-झन् ढापमा गड्दै गएर अस्तित्व जोगाउने समस्यामा पर्‍यो । वि.सं. २०५९ सालमा यी सबै कुराहरूमा सुधार गर्ने भनेर वैदेशिक सहायता सम्बन्धी नीतिको तर्जुमा गरियो । तर नीति पुस्तकमा मात्र सीमित रह्यो । र, बैदेशिक सहायता जसले, जे शर्तमा, जेका लागि, जति दिएपनि हात थाप्ने पुरानो प्रवृत्तिले नै निरन्तरता पाइरह्यो । सन् २००० र २००२ मा नेपाल विकास मन्चका बैठकहरूको आयोजना गरियो तर पनि स्थिति ज्यूँका त्यूँ रह्यो ।

# हामी नाकाबाट पार भयौं

**‘ गोविन्दप्रसाद कोइराला**

**लु**म्बिनीभन्दा पश्चिम हेर्ने तत्कालीन नेकपा (माले) को सुदूर पश्चिमाञ्चल समन्वय कमिटीको म एउटा सदस्य थिएँ । २०४० सालमा क. नेत्रलाल अभागी (माष्टर साब) को उच्च रक्तचापका कारण ब्रेन ह्यामरेज भई मृत्यु भएपछि त्यस कमिटीको जिम्मवारी लिएर क. बामदेव गौतम (चौधरी) नेपालगंज पुग्नुभयो । सुदूर पश्चिमको महाकालीसम्म त्यस कमिटीको

जिम्मेवारी भएता पनि भेरीभन्दा पश्चिम अझै संगठानिक आधार तयार हुनसकेको थिएन । पूर्वबाट गएका शिक्षक, कर्मचारी र व्यवसायीहरूबीच छिटफुट सम्पर्क विन्दुहरू थिए । क्षेत्रीय कमिटीको बैठकपछि पार्टी विन्दुहरूलाई सांगठानिक स्वरूप दिन र पार्टी सम्पर्कलाई विस्तार गर्न क. बामदेव र म धनगढी जाने निर्णय भयो । यसभन्दा अगाडि म डडेल्धुरा, डोटी र अछाम पुगेर नेकपा (माले) को सम्पर्क स्थापना र संगठन निर्माण गर्ने पहिलो चरणको काम पूरा गरी फर्किसकेको थिएँ । यो ०३९ साल फागुनको महिना थियो । अछाममा क. भीमबहादुर कडायतको नेतृत्वमा र डोटीमा हर्कबहादुर सिंहको नेतृत्वमा जिल्ला सम्पर्क कमिटीहरू र डडेल्धुरामा सम्पर्क स्थपित गरिएको थियो । त्यसै बेला समयाभावका कारण र सम्पर्क सूत्रको समेत आधिकारिक जानकारीको अभावमा कैलालीका साथीहरूसँग सम्पर्क गर्न सकिएको थिएन ।

हामी दुई जना धनगढी जाने तयारीमा लाग्यौं । म यता बाँके-बर्दिया संयुक्त जिल्ला कमिटीको सचिव पनि थिएँ । नेपालगंजमा हामीले सम्पर्क सूत्रहरू विस्तार गर्दै थियौं । भेरीका अन्य जिल्ला र राप्ती अंचलसमेतको पार्टी कामको सम्पर्कलाई ध्यान राखेर नेपालगंजमा हामीले एउटा डेरा बनाएका थियौं जसबाट कामको समन्वय गर्ने गर्थ्यौं । पश्चिम लाग्नुभन्दा अघिल्लो दिन हामीहरू नेपालगंज आइपुगेका थियौं । पश्चिम क्षेत्रमा पार्टीका मुखपत्र र अन्य सामग्रीहरू पनि पुग्नसकेका थिएनन् । त्यतिखेर तत्कालीन पार्टी माहासचिव क. सी.पी. मैनालीद्वारा विभिन्न राजनीतिक सन्दर्भमा लेखिएका रचनाहरूको एउटा संग्रह प्रकाशित भएको थियो त्यसलाई पनि पुर्‍याउनुपर्ने थियो ।

हामीहरू पश्चिम लाग्ने योजना बनाएको अघिल्लो दिन नेपाली कांग्रेसका त्रय नेताहरू (गणेशमान, कृष्णप्रसाद र गिरिजा) को पूर्वबाट सुरू गरिएको देशव्यापी राजनीतिक भेला अभियान नेपालगंजमा आइपुगेको थियो । त्यस भेगका विभिन्न जिल्लाहरूबाट नेपाली कांग्रेसका नेता-कार्यकर्ताहरू नेपालगंज जम्मा भइसकेका थिए । उनीहरूको यो भ्रमणलाई असफल पार्न निर्दलीय पंचायती शासकहरू निर्लज्जतापूर्वक लागिरहेका थिए । उनीहरूलाई सार्वजनिक ठाँउहरूमा कार्यक्रम गर्न दिइएको थिएन । संभावित सरकारी हस्तक्षेपलाई ध्यानमा राखेरै होला कांग्रेसहरूले नेपालगंजमा यो कार्यक्रम सुशील काइरालाका भाइ विजय कोइरालाको घर कम्पाउण्डमा आयोजना गरिएको थियो । हाम्रो बीचको पार्टी सल्लाहनुरूप म पनि एकजना कांग्रसी दाइसँग साथ लागेर त्यो भेलामा उपस्थित भएको थिएँ । नेपाली कांग्रेसको यो भेला निर्विघ्नताका साथ सम्पन्न भयो । नेताहरूको यो टोली अर्को दिन पश्चिम धनगढी पुग्दै थियो ।

अर्को दिन विहानै हामीहरू धनगढीका लागि टाँगा चढेर रूपैडिहातर्फ लाग्यौं । त्यसबेला नेपालगंजबाट धनगढी देशभित्रै भएर जान सकिँदैनथ्यो । त्यसैले हामीहरू भारतको बाटो भएर त्यता जाँदै थियौं, मेरो एउटा चाइनिज ब्याग थियो र त्यो पार्टीका सर्कुलर र संकलित रचनाको पुस्तकहरूले टन्नै भरिएको थियो । छोप्नका लागि केवल मेरो बनियानमाथिबाट राखिएकोमात्र थियो । हामीहरूले बाटोमा पहिलो नाका भन्सारको चेकपोष्ट पार गर्नुपर्ने हुन्थ्यो । भन्सारमा मेरो भिनाजु नाता पर्ने एकजना खरदार हुनुहुन्थ्यो । म बेला बेला उहाँलाई भेट्न त्यहाँ जाने पनि गर्थें । त्यो सम्बन्ध हाम्रो केवल नातामा मात्र सीमित थियो । भन्सारमा जाँचकीले के छ ? भनेर प्रश्न राख्नासाथ मैले झोलामा आफ्ना लत्ता कपडाहरू मात्र भएको बताएर खरदार साहेब भए नभएको बारेमा तुरून्तै उनीसँग सोधपुछ गरेँ । त्यस प्रश्नले जाँचकीको ध्यान झोलाबाट खरदार साहबतर्फ गयो र उनले झोला खोल्नेसमेत झन्झट गरेनन् । हामीहरू सकुशल अघि बढ्यौं । हामी चढेको टाँगाले हामीहरूलाई रूपैडिहा छाडिदियो । रेलको बाटो भएर जाँदा समय ज्यादा लाग्ने, एकै दिनमा पुग्न नसकिने भएकाले हामीहरूले बसको यात्रालाई रोज्यौं । नानपारा पुगेपछि फेरी अर्को बस चढेर हामीहरू पश्चिमतर्फ लाग्यौं ।

गिरिजापुरीबाट अर्को बस चढेर हामीहरू पलियाका लागि लाग्नुपर्ने हुन्थ्यो । यो बाटो अलि घुमाउरो र समय लाग्ने थियो । हामीहरूको लक्ष्य त्यसै दिन नै धनगढी पुग्ने थियो । उता नेपाली कांग्रेसका नेताहरूको टोली धनगढीका लागि एउटा जीपबाट त्यही बाटो भएर नै जाँदै थियो । हामीहरूलाई त्यस जीपले गिरिजापुरी बाँध (कर्णाली नदीमा नेपाल सीमाभन्दा १५ कि.मी. तल भारतमा बनेको ) भन्दा केही अगाडि उछिन्यो । समयमै हामीहरू पलिया पुग्यौं । त्यहाँबाट गौरीफन्टा (बोर्डरको भारतीय बजार) का लागि अर्को बस भएर जानुपर्थ्यो । दिनभरिको यात्रा, त्यसमा पनि विग्रेको बाटोका कारण हामीहरू भोकाएका र थकित पनि थियौ । बसपार्कमै दुई दुइवटा समोसा खाएर हामीहरू बस चढ्यौं । बसले हामीहरूलाई चढेको एक घण्टामा गौरीफन्टामा पुचाइदियो ।

दस्तावेज भरिएको झोला मैले र हाम्रो लुगाफाटोको क. वामदेवले सम्हाल्दै ल्याएका थियौं । गौरीफन्टाको बसपार्क दुई देशको सीमाको करिव २ सय फिटको दूरीमा थियो । सीमाको काम मनहरा खोलाले गर्दथ्यो । धनगढी बजार प्रवेश गर्न तर्नुपर्ने काठेपुल अलि पश्चिमतर्फ भएकाले घुमाउरो बाटोको कारण नेपालतर्फको गतिविधि बसपार्कबाटै सिधै देख्न सकिँदैनथ्यो, पुलको ठीक पारी सीमा प्रहरी चेकपोष्ट थियो । मैले दस्तावेजको झोला र बामदेवले लुगाफाटोको झोला बोकेर बसबाट ओर्लियौं । रिक्सा बोलाएर म दायाँतिर र बामदेव बायाँतिर भएर बस्यौं । रिक्सा अघि बढ्यो ।

झण्डै २ मिनटकै बीमा पुलपारीको पुलिस पोष्टको दृष्य देखापर्‍यो । त्यहाँ मानिसहरूको जमघट थियो । त्यो दृश्य देख्नासाथ हामीहरू झसंग भयौं र अलमल्ल पर्‍यौं । ती मानिसहरू पुलिस प्रशासनका हाकिमहरू र पुलिस जवानहरू थिए । उनीहरू नेपाली कांग्रेसका नेताहरूको आगमनलाई धनगढी छिर्न नदिन त्यहाँ तैनाथ भएको कुरा हामीले बुझ्यौं । त्यति हुँदाहुँदै

रिक्सा पुलको बीचमा पुगिसकेको थियो । हामीहरूले मन्द बोलीमा एक आपसमा कुरा गर्दै परिस्थितिप्रति हामीहरू गम्भीर हुन नसकेको ठहर गऱ्यौं । जे भए पनि त्यो परिस्थितिको सामना गर्ने बाहेक अर्को विकल्प हाम्रोसामु थिएन । अव रिक्सा पुलवारी चेकपोष्टनिर आइसकेको थियो । त्यहाँ पूर्वपट्टि दायाँतर्फ लाम लागेर प्रमुख जिल्ला अधिकारी, प्रहरी इन्सपेक्टर, सेनाका जिल्ला प्रमुख, जिल्ला पंचायत सभापति, नगर पन्चायत अध्यक्ष लगायतका अन्य सरकारी हाकिमहरू उभिएका थिए । हामीले पुल पार गर्नासाथ इन्सपेक्टरले पुलिसलाई रिक्सा जाँच गर भनेर आदेश गऱ्यो ।

पुलिसले हाम्रो नजिक आएर सोध्यो, "तपाईंहरू काहाँबाट आउनुभएको ? को हुनुहुन्छ ?"

म रिक्साको दायाँतर्फ बसेकाले मैले नै जवाफ दिने पहल गरें र भनें, "हामीहरू कर्मचारी हौं । भैरहवाबाट आएको ।"

" कहाँ काम गर्नुहुन्छ ?" उसले नम्रतापूर्वक फेरि सोध्यो ।

नहडबडाइकन शान्त बोलीमा "हामी खाद्य संस्थानमा काम गर्दछौं । यहाँ हामी केही दिनको लागि काजमा आएका हौं ।" मैले भनें ।

झोलामा हात पुऱ्याइसकेको प्रहरीले आफ्नो हात झिक्यो । यसैलाई उसको अनुमतिको संकेत मानेर हामीले रिक्सालाई अघि बढ्न इसारा गऱ्यौं । पुलिसले उहाँहरू कर्मचारी हुनुहुँदोरहेछ भनेर जाहेर गऱ्यो । इन्स्पेक्टरले हामीहरूमाथि बक्रदृष्टि लगाउँदै "कर्मचारीहरू नै हराम हुन्छन् । नछोड, फेरि जाँच ।" अर्को क्रुर आदेश गऱ्यो । रिक्सा बीस-तीस फिट अघि बढिसकेको थियो । हाम्रो नजिक फेरि एकजना हवलदार जाँच गर्न आइपुग्यो ।

"भर्खरै जाँचेर छाडिदिएको हो ।" मैले भनें ।

"हामीहरू कर्मचारी हौं । भैरहवाबाट यहाँ खाद्यसंस्थानमा काजमा आएका हौं ।" यति भन्दा नभन्दै हवल्दार पनि अकमक्क पऱ्यो र रोकियो । रिक्सालाई अघि बढ्न हामीले संकेत गरिरहेका थियौं र रिक्सावाल पनि हाम्रो मनसाय राम्ररी बुझिरहेको लाग्थ्यो । यी पुलिस र अड्डाका हाकिमहरू नराम्रो कामका लागि यहाँ जम्मा भएका हुन सक्छन् भन्ने उसको अनुमान थियो सायद । उसले हामीहरूलाई राम्रै साथ दियो । अन्ततः त्यो नाकाबन्दीलाई तोडेर हामीहरू सकुशल त्यहाँबाट अघि बढ्न सफल भयौं ।

भन्सारबाट धनगढी बजारतर्फ हामीहरू बढिरहेका थियौं । हाम्रो मुटु तेज गतिले ढुकढुक गरिरहेको थियो । शिकारीको पासोबाट मृग फुत्किएर भागे जत्तिकै भएका थियौं हामी । नाका पार गरेकोमा एक मनले हामी ढुक्क भएका थियौं भने अर्को मनले प्रहरीद्वारा समातिएको भए कति थोक नास हुने थियो भनेर गम्भीर पनि भइरहेका थियौं ।

नेपाली कंग्रेसका नेताहरूको घनगढी आगमनसँगसँगै हामीहरू आज नै आउनुहुँदैन थियो र अर्कोतिर सिमानामा अलिपरबाट पुलिस प्रशासनको सक्रियतालाई हामीहरूले पत्ता नलगाई आउन हुँदैनथ्यो भन्ने टिप्पणी क. बामदेवले गर्नुभयो । "हामी समातिएको भए ठूलै नोक्सानी हुने थियो, कमरेड ।" अलि समयपछि मैले भनें ।

" यदि पुलिसले झोला खोलेको भए, म त रिक्सावाट हाम फालेर कुद्थें । नोक्सान धेरै हुन दिनुहुँदैनथ्यो ।" कमरेड बामदेवले साहसिक भावभंगिमामा भन्नुभयो । " उनीहरू नेपाली कांग्रेसका नेताहरूका लागि त्यहाँ बसेकाले अरूतर्फ त्यति ध्यान गएन । नेपाली कांग्रेसको पनि हाम्रोजस्तै राजाविरूद्धको सशत्र संघर्षको नीति भएको भए उनीहरूको जाँच कडा हुन सक्थ्यो र हामीहरू बच्ने संभावना रहँदैनथ्यो ।" मैले भनें । हामी दुवै यस कुराममा सहमत भयौं- यस सवालमा हामीहरूको गम्भीर लापर्वाही रहेको हो । यस घटनाको बारेमा यहाँका साथिहरूसँग चर्चा नगर्ने निधो पनि गऱ्यौं । यस्तै विभिन्न तर्कनाहरू गर्दै हामीहरू धनगढी बजार प्रवेश गऱ्यौं ।

धनगढी बजारको प्रवेशमै ट्राफिक चौराहा पर्दथ्यो । बजार खोला बगेजस्तो एउटै बाटो भएर धेरै पर पूर्वसम्म फैलिएको थियो । भारतीय व्यापारीको आगमन र चहलपहल निक्कै देखिन्थ्यो । बन्द व्यापार राम्रो चलिरहेको हुनुपर्दछ भन्ने बाहिरी अध्ययनले पनि सहजै अड्कल गर्न सकिन्थ्यो । हाम्रो सम्पर्क विन्दु मध्य बजारमै रहेको एउटा फेन्सीस्टोर थियो । हामीले त्यसैतिर ध्यान केन्द्रित गरिरहेका थियौं । निकै अगाडि पुगिसकेपछि त्यसलाई फेला पार्न सफल भयौं । संयोकले हामीले भेट्नुपर्ने कमरेडलाई पनि पसलमै भेट्यौं । उहाँ पूर्वबाट गएर त्यहाँ व्यवसाय गर्नुहुने कमरेड केदार आचार्य हुनुहुन्थ्यो ।

# स्याङ्जामा पाँचौं अधिवेशन

स्याङ्जा । नेकपा (एमाले) स्याङ्जाको पाँचौं जिल्ला अधिवेशन गएको पुस ९ गते नेकपा (एमाले) महासचिव माधवकुमार नेपालले उद्घाटन गर्नुभयो । सो अधिवेशनले चक्रबहादुर पराजुलीलाई पुनः सचिव निर्वाचित गर्दै २६ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ । कमिटीमा सदस्यहरूमा अमरनाथ शर्मा, मिनप्रसाद गुरूङ, चुनप्रसाद शर्मा, युधिष्ठिर रायमाझी, रामबहादुर थापा, ख्यामनारायण देवकोटा, प्रेमबहादुर गुरूङ, हेमबहादुर आले, बद्री शर्मा, देवी थापा, खड्कबहादुर रानाभाट, महेन्द्र थापा, ढाकाराम अर्याल, नारायण मरासिनी, कृष्ण खाँण, टेकु नेपाली, सीता सुन्दास, उमाकान्त पौडेल, ध्रुव अधिकारी, ध्रुव लम्साल, पुण्य भुसाल, मोहन रेग्मी, मुक्ति पाठक, लोकराज शर्मा र सीमा क्षेत्री हुनुहुन्छ ।

माओवादीले पूर्व जिल्ला कमिटी सदस्य दानबहादुर गुरूङ, इलाका सचिव दीर्घनाराण्ण अर्याल र संगठित सदस्य बाबुराम रानाभाटलाई अपहरण गरी निर्घात कुटपिट गरी खुट्टा भाँचेकै अवस्थामा हजारौं जनता सडकमा आएर माओवादीहरूप्रति तीव्र घृणा व्यक्त गरेका थिए ।

# अग्रगमन र शान्तिका लागि दबाब आन्दोलन

## ' खिमलाल भट्टराई

मुलुकमा विगत नौ बर्षदेखि जारी हिंसा र प्रतिहिंसाको अनन्त शृंखलाले हाम्रो राष्ट्र आक्रान्त बनेको छ । राष्ट्रिय जीवनका हरेक अंगहरू यो विनाशकारी कार्यको चपेटाबाट फुत्किनै नसकिने गरी जकडिएका छन् । वर्तमानमा मात्र होइन, यो युद्धले भविष्यमा अहिलेका भन्दा कैयौं गुणा बढी खतरनाक परिणामहरू निम्त्याउने निश्चित छ । त्यसैले पनि यसको पहिलो मार विद्यार्थी वर्गले खेपिरहनुपरेको छ । शिक्षा आर्जन गर्नुपर्ने उमेरका कतिपय कलिला बालबालिकाहरू बम, बन्दुक र बारूदको शिकार भएका छन् भने उनीहरूले विद्या आर्जन गर्ने पवित्र विद्यालयहरू हेर्दाहेर्दै मसानघाटमा परिणत भएका छन् । पछिल्ला दिनहरूमा माओवादीले विद्यालय क्षेत्रलाई नै केन्द्रित गरेर खन्न थालेका बंकरले विद्यार्थीको भविष्यलाई झनै संकटमा पारेको छ । सेना र माओवादीको भिडन्तको मार कलिला विद्यार्थीले अनाहकमा खेप्नुपरेको छ । यस्तो अवस्थामा नेपाली विद्यार्थी आन्दोलनको मूलप्रवाह अनेरास्ववियु चुप लागेर बस्न सक्दैन । यही निष्कर्ष र दायित्वबोधका कारण नै हामीले सरकार र माओवादी दुबैलाई वार्ताको टेबुलमा बसेर समस्याको शान्तिपूर्ण निकास खोज्न दबाब दिने उद्देश्यले 'अग्रगमन र शान्तिका लागि दबाब' आन्दोलन सञ्चालन गर्ने निर्णय गरेका हौं ।

नेपाली विद्यार्थी आन्दोलनले खासखास बेलामा विशेष भूमिका निर्वाह गर्दै आइरहेको छ । आफ्नो समुदायको हकहितको रक्षा एवं र शैक्षिक क्षेत्रका समस्याविरूद्ध आन्दोलित हुनुका अलावा राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाजस्ता सवालहरूमा पनि आफूलाई सशक्तरूपमा उभ्याउँदै आइरहेको छ । त्यसैले नेपाली विद्यार्थी आन्दोलन देशभक्तिपूर्ण, राजनीतिक एवं सामाजिक आन्दोलनको अब्बल दर्जाको अभिन्न अंग बन्न पुगेको छ । विद्यार्थी आन्दोलन खास परिस्थितिमा राजनीतिक आन्दोलनलाई नै केन्द्रविन्दु बनाएर अगाडि बढेको छ । पंचायतीकालमा राजनीतिक दलहरू प्रतिबन्धित रहेको अवस्थामा विद्यार्थी संगठनहरूले नै राजनीतिक विचारहरूलाई खुल्लारूपमा अभिव्यक्त गर्दथे र निरंकुशताविरोधी प्रजातान्त्रिक आन्दोलनको खुल्ला नेतृत्वसमेत गरेका थिए । ०४६ सालको जनआन्दोलनले पंचायती निरंकुशताको अन्त्य गर्दै बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरेपश्चात् राजनीतिक परिवर्तनसँगै विद्यार्थी आन्दोलनको मूलधार अनेरास्ववियुले समग्र विद्यार्थी आन्दोलनको भूमिकामा परिवर्तन आएको निष्कर्ष निकाल्दै शैक्षिक एवं सामुदायिक आन्दोलनलाई आफ्नो आन्दोलनको केन्द्रविन्दु बनाउन पुगेको छ ।

यतिबेला मुलुक फेरि उग्रवामपन्थी अतिवाद र उग्र दक्षिणपन्थी अतिवादको चंगुलभित्र फसेको छ । यी दुई अतिवादी शक्तिभित्र विकसित सैन्यवादी सोच र उग्र महत्वाकांक्षाबाट निर्देशित गतिविधिहरूबाट शिक्षाक्षेत्र लगायत समाजका सम्पूर्ण क्षेत्र दुष्प्रभावित र आतंकित बन्न पुगेका छन् । अर्थात् सिंगो मुलुक दिशाहीनता र गतिहीनताको शिकार बन्दै सयौं वर्ष पछाडि परेर मध्ययुगीन बर्बर जंगली युगतर्फ फर्किने खतरा बढ्दै गएको छ । यस परिस्थितिमा नेपाली विद्यार्थी आन्दोलनले समाजको सचेत र संगठित विद्यार्थी समुदायलाई राजनीतिक आन्दोलनतर्फ डोऱ्याउनुपर्ने अवस्था पुनः आएको छ । परिस्थितिले सुम्पिएको यही अभिभारालाई पूरा गर्ने उद्देश्यका साथ अनेरास्ववियुको १७ औं राष्ट्रिय सम्मेलनपछि गत मंसिर ६ र ७ गते काठमाडौंमा सम्पन्न केन्द्रीय कमिटीको प्रथम बैठकले शैक्षिक विषयवस्तुका साथै राजनीतिक विषयवस्तुलाई समेत आन्दोलनको केन्द्रविन्दु बनाउँदै विद्यमान राजनीतिक द्वन्द्वको शान्तिपूर्ण समाधानका निम्ति *'अग्रगमन र शान्तिका लागि दबाब आन्दोलन'* संचालन गर्ने निर्णय गऱ्यो । यस अन्तर्गत संगठनले देशव्यापीरूपमा जिल्ला, क्षेत्र र केन्द्रीयस्तरमा विशाल र ऐतिहासिक विद्यार्थी एवं जनप्रदर्शन सम्पन्न गरिसकेको छ । पुस १२ गते राजधानीमा आयोजित प्रदर्शनमा देखिएको सबै तहका विद्यार्थीहरूको उत्साहजनक सहभागिताले हाम्रो अभियानप्रति युवा-विद्यार्थीले देखाएको ऐक्यबद्धता, चासो र सरोकारलाई स्पष्ट पारेको छ । यस अभियानअन्तर्गत विभिन्न तह र तप्काका जनसमुदायसँग अन्तरक्रियाहरू गर्दै उक्त प्रदर्शनहरूमा सहभागी गराउने काम पनि सम्पन्न भएको छ । काठमाडौं, पोखरा, धनगढीलगायतका ती सम्पूर्ण प्रदर्शनहरूमा विद्यार्थी एवं जनसमुदायको व्यापक सहभागिताबाट जनता युद्धको विपक्षमा छन् र शान्ति जनताको चाहना र आवश्यकता हो भन्ने कुरा स्थापित भएको छ । यो अभियानले अनेरास्ववियुको सिंगो पंक्तिलाई थप उत्साहित बनाएको छ । हाम्रो अभियानले राजनीतिक दलहरूलाई समेत मुद्दा चयन गर्न मद्दत पुऱ्याएको छ । राज्य र माओवादी दुवै पक्षलाई जनता अतिवादी सोचका विपक्षमा छन् भन्ने बुझ्न र आफूलाई सच्याउन समेत मौका प्रदान गरेको छ ।

अनेरास्ववियुले मुलुकमा शान्ति बहाल नभएसम्म यो अभियानलाई विभिन्न ढंगले जारी राख्ने निर्णय गरेको छ । यसैक्रममा आगामी माघ १ देखि शुरू हुनेगरी अग्रगमन र शान्तिका लागि देशव्यापी बहस कार्यक्रम संचालन गर्ने निर्णय हामीले गरेका छौं । आखिर अग्रगमन र शान्तिका लागि दबाब किन आवश्यक पऱ्यो ? यसबारेमा केही छलफल गर्नु सान्दर्भिक नै होला ।

हिजो एउटा मृत्युले छटपटिने हाम्रा मनहरू आज सयौं मृत्युहरू देख्दा पनि संवेदनाहीन बन्न पुगेका छन् । हत्या, हिंसा र आतंकको चौघेराभित्र नेपाली जनता व्याकुल छन् र शान्तिको पुकार गरिरहेछन् । एकातिर जनताको यो अवस्था छ भने अर्कोतर्फ मुलुकको राजनीति थप समस्याग्रस्त बन्दै गइरहेको छ ।

माओवादीहरूको अन्तर्राष्ट्रिय विभिन्न संघ-संस्थाहरूसँगको सम्बन्ध, कम्पोसा जस्ता क्षेत्रीय संगठनहरूको निर्माण र खासगरी भारतीय हतियारबन्द आन्दोलन गरिरहेका विभिन्न कम्युनिष्ट पार्टीहरूसँगको सम्बन्धले गर्दा स्वयं भारतीय पक्षले पनि यतिबेला नेपालमा जारी माओवादी विद्रोह आफ्ना लागि समेत खतरा हुनसक्ने अनुभूत गर्दै सीमा क्षेत्रमा सैन्य तैनाथ गर्न थालेको छ । भारत लगायतका विभिन्न वैदेशिक शक्तिकेन्द्रहरू कुनै पनि बेला आतंकवाद नियन्त्रणको बहानामा नेपाल प्रवेश गर्ने सम्भावना तीव्र छ ।

यतिबेलासम्म राज्यपक्षले विभिन्न देशहरूबाट प्राप्त आर्थिक एवं प्राविधिक सरसहयोगका आधारमा माओवादी विद्रोहको नियन्त्रण गर्ने कोसिस गरिरहेको छ । यद्यपि सबै कोसिसहरू निरर्थक बन्न पुगेका छन् । जसको कारण सुरक्षा अंगको मनोबल कमजोर बन्न पुगेको छ । यस अवस्थामा विद्यमान राजनीतिक द्वन्द्वको सैन्य समाधानको खोजी गर्ने हो भने विभिन्न वैदेशिक शक्तिकेन्द्रहरूको प्रत्यक्ष उपस्थितिसहितको सरसहयोगको अपेक्षा राज्य पक्षले राख्ने नै छ ।

राज्य, माओवादी र विभिन्न वैदेशिक शक्तिकेन्द्रहरूभित्र विकसित यसखाले सोचहरूले हाम्रो मुलुकको राजनीति थप पेचिलो बन्न पुगेको छ । यसको बाबजुद मुलुक सैन्य समाधानकै बाटोमा अगाडि बढ्यो भने अवस्था थप भयावह बन्ने निश्चित छ ।

सैन्य परिचालनबाट खोजिने समाधान प्रजातन्त्रको हितमा हुँदैन । खासगरी हाम्रो मुलुकको मुख्य सुरक्षा अंगको रूपमा रहेको शाही सेनामा बहुदलीय प्रजातन्त्रको स्थापनापछि पनि प्रजातान्त्रिकरणको प्रक्रिया अघि बढाउन सकिएको छैन । जसले गर्दा उनीहरूमा रहेको सामन्ती राजभक्तिको मनोविज्ञानमा परिवर्तन आउन सकेन । यस किसिमको प्रजातन्त्रप्रति उदासिन र राजभक्तिको मनोविज्ञान बोकेको सैन्य परिचालनबाट खोजिने समाधानले बहुदलीय व्यवस्था र प्रजातन्त्रको रक्षा र विकास हुन सक्ला र ? यस्तो कल्पना गर्न पनि मुश्किल पर्छ । र, सहज अनुमान गर्न सकिन्छ कि त्यस्तो समाधानले राजाको मनसाय अर्थात् अधिनायकवादलाई नै अघि बढाउने छ ।

माओवादीद्वारा जारी युद्ध र युद्ध नियन्त्रण गर्ने नाममा राज्यद्वारा गरिने सैन्य कारबाहीका क्रममा दिनहुँ दर्जनौंको संख्यामा नेपाल आमाका होनाहार सन्तानहरू अनाहकमा मारिएका छन् । दमनलाई एकमात्र र अन्तिम विकल्पको रूपमा वर्तमान राजनीतिक द्वन्द्वको निकास ठान्दै राज्यपक्ष अगाडि बढ्ने र माओवादी पक्ष पनि आफ्ना सैन्यवादी सोचलाई थप तीव्रता दिँदै अगाडि बढ्ने हो भने मुलुक आम नरसंहारको दिशामा अघि बढ्ने निश्चित छ । यो स्थितिमा आजसम्मका हिंसा-प्रतिहिंसाहरू सामान्य हुनेछन् र मुलुक भयावह मृत्युहरूको चाङमा परिणत हुनेछ । अन्तिम परिणाममा ती मृत्युहरू मुलुकलाई पछाडि धकेल्ने मूल्यहीन मृत्यु हुनेछन् । त्यसैले निरर्थक मृत्युलाई रोक्न र अग्रगामी दिशामा मुलुकलाई डोऱ्याउन पनि शान्तिपूर्ण समाधान नै फलदायी हुनेछ ।

स्वयं माओवादीहरूले बुझ्नुपर्ने कुरा के हो भने युद्ध जारी रहन सक्छ तर जीत असम्भव छ । जब लडाइँबाट गणतन्त्रको लक्ष्य भेदन हुन सक्दैन र ठूलो मात्रामा जनताको जीउ, धन र राष्ट्रिय सम्पत्ति नष्ट हुँदै जान्छ भने भोलि गल्ती भयो भनेर राजनीतिक नीति परिवर्तन गर्दा जनतासामु माफी माग्ने ठाउँ पनि बाँकी नरहने अवस्था आउन सक्छ । माओवादी 'जनयुद्ध' त समाप्त हुन्छ हुन्छ, बँचेको नेतृत्व र कार्यकर्ताहरूसमेत समाजबाट दण्डित हुनुपर्ने अवस्था आउन सक्छ । यो कुरातर्फ समयमै माओवादी नेतृत्वको ध्यान जानु जरूरी छ ।

माथि उल्लेखित कारणहरूले गर्दा मुलुकमा विद्यमान सम्पूर्ण राजनीतिक शक्तिहरू शान्तिपूर्ण राजनीतिक निकास निकाल्न तल्लीन हुनुपर्दछ । तर सहजरूपमा सबै शक्तिहरू शान्तिपूर्ण निकासका लागि तयार हुँदैनन् । किनभने शान्तिपूर्ण समाधान यथास्थितिमा सम्भव छैन र टेबुलबाटै समाधानको कुरा गर्दा पनि परम्परागत दरबारिया शक्तिको अधिकार खोसिनु अनिवार्य छ । यसका लागि अधिकारको भोको दरबार सहजै तयार होला ? असम्भव छ । सबैभन्दा पहिला राजा र राजसंस्थालाई नागरिक वा सामाजिक संस्थाको रूपमा रूपान्तरण गर्दै जनतालाई सम्पूर्ण अधिकार सम्पन्न तुल्याउने गरी शान्तिपूर्ण र अग्रगामी राजनीतिक निकासको पक्षमा कसरी ल्याउने ? आजको राजनीतिको मुख्य चुनौती यही हो । मनाएर वा दबाबबाट जसरी भए पनि यो संस्थालाई उक्त विन्दुमा उभ्याउन सफल हुने हो भने वर्तमान त्रिध्रुवीय राजनीतिक शक्ति सन्तुलन दुई ध्रुवमा रूपान्तरण हुन सक्नेछ र माओवादीहरूका लागि राजनीतिक रूपमा सुरक्षित अवतरण पनि हुनेछ । यो विन्दुमा मुलुकलाई पुऱ्याउनका लागि राजनीतिक दलहरूमा स्पष्टता र एकताको आवश्यकता छ । माओवादीहरूले आफ्नो सैन्य अतिवादलाई त्याग्नुपर्दछ र फरक विचार बोक्ने राजनीतिक दलका नेता-कार्यकर्ताहरूमाथिको आक्रमणलाई रोक्दै संसदीय मोर्चाका राजनीतिक दलहरूसँग सहकार्य हुनसक्ने वातावरण निर्माण गर्नुपर्दछ ।

तर यो महसुस सबभन्दा बढी माओवादी पक्षले नै गर्नुपर्छ । वार्ताको टेबुलबाट समस्याको शान्तिपूर्ण समाधान खोज्ने प्रतिबद्धता भएमा मात्र मुलुकमा कम क्षतिमा अग्रगामी परिवर्तन सम्भव हुन्छ । तर त्यसका लागि राज्य र माओवादी पक्ष कत्तिको इमान्दार छन् ? शान्तिप्रतिको उनीहरूको प्रतिबद्धता कत्तिको भरपर्दो छ त ? यी कुराहरूको मापन व्यवहारको कसीबाटै हुन्छ । यी सबै कुरा गर्न सबभन्दा पहिले वार्ताको वातावरण बन्नुपर्छ । यही मान्यताका साथ अनेरास्ववियुले दुबै पक्षलाई वार्तप्रति संवेदनशील हुन, नागरिकको बाँच्न पाउने हक सुनिश्चित गर्न र मुलुकलाई रगतको आहालबाट उकास्न दबाब दिने उद्देश्यले 'अग्रगमन र शान्तिका लागि दबाब आन्दोलन' सञ्चालन गर्ने निष्कर्ष निकालेको हो । हाम्रो आन्दोलनमा जुन किसिमको जनसहभागिता र जनऐक्यबद्धता देखिएको छ, त्यसले पनि जनता शान्तिप्रति कति लालायित छन् भन्ने स्पष्ट पारेको छ । दुबै पक्षले बन्दुकको आडमा चलाएको हिंसा र प्रतिहिंसाले नागरिकको सामान्य जीवनयापन नै संकटमा परिरहेको यस घडीमा हाम्रो अभियानको समाजका सबै पक्ष, समुदाय, वर्ग र तहले प्रशंसा र सराहना गरेका छन् । अनेरास्ववियुको ब्यानरमुनि चलाइएको शान्तिका पक्षको यो आन्दोलनमा नागरिक समाज, विद्यार्थी साथीहरू र राजनीतिक पार्टीहरूले देखाएको ऐक्यबद्धताले हामी थप उत्साहित र गम्भीर बनेका छौं । विद्यार्थीका हकहितका लागि झण्डै चार दशकदेखि क्रियाशील हाम्रो संगठन नयाँ परिस्थितिमा नयाँ भूमिका निर्वाह गर्न सक्षम र उपयोगी छ भन्ने कुरा पनि हामी यो अभियानबाट प्रमाणित गर्न चाहन्छौं ।

# युद्धको खेती गरिरहेकालाई दबाब

**' रामकुमार बस्नेत**

अनेरास्ववियु यो देशको सर्वाधिक शक्तिशाली र लोकप्रिय विद्यार्थी संगठन हो । यो संगठन नेपाली विद्यार्थी आन्दोलनको मूलप्रवाह हो भन्ने कुरा यसले अनेक समयमा प्रमाणित गरिसकेको छ । सामुदायिक आन्दोलनमात्र होइन, प्रजातान्त्रिक आन्दोलन र राष्ट्रियताको आन्दोलनमा समेत यसले महत्वपूर्ण भूमिका खेलेको छ । अनेरास्ववियु वर्तमानमा अग्रगमन र शान्तिको झण्डा बोकेर अग्रभागमा उभिएको छ । आफ्नो क्रान्तिकारी झण्डाको गौरवशाली इतिहासलाई जोगाउनको लागि समेत आज अनेरास्ववियु शान्तिलाई मुख्य एजेन्डा बनाएर अघि बढिरहेको छ । बन्दुकको माध्यमबाट समस्याको समाधान खोज्ने र युद्धको खेती गरिरहेका शक्तिहरूलाई वार्ताको टेबुलमा ल्याउन र समस्याको शान्तिपूर्ण निकास खोज्न अनेरास्ववियुले भर्खरै एकमहिने शान्ति अभियान सम्पन्न गरेको छ । देशव्यापी जनताको समर्थन, नागरिक समाजको सहयोग र नेपाली जनताको व्यापक सहभागिताले अनेरास्ववियुलाई थप ऊर्जा प्रदान गरेको छ । काठमाडौंमा लाखौं विद्यार्थीहरूले पुस १२ गते देखाएको उत्साह र 'बन्दुक होइन कलम देऊ, बारूद होइन, मसी देऊ' भन्दै आफ्नो नारा र प्लेकार्डसहित देखाएको सहभागिताले नेपाली जनतामात्र होइन, वर्तमानको संवाहक र भविष्यको मेरूदण्ड शान्तिको पक्षमा छ भन्ने थप प्रमाणित गरेको छ ।

पढ्न पाउनु विद्यार्थीको अधिकार हो । तर मुलुकमा व्याप्त हिंसाले शिक्षाक्षेत्रलाई सबभन्दा बढी प्रभावित पारेको छ । आज देशका १६-३५ वर्ष उमेरका युवा-विद्यार्थी सबभन्दा बढी हत्या-हिंसाको राजनीतिमा सामेल छन् । आज राज्यपक्ष र माओवादी दुवै शैक्षिक संस्थाहरूलाई युद्धको रणभूमि बनाइरहेका छन् । एकथरी ब्यारेक बनाउँदैछन् त अर्कोथरी बंकर र सुरूङ बनाउँदैछन् । शिक्षाक्षेत्रलाई युद्धकिल्ला बनाउने यो अतिवादी सोचले हाम्रो वर्तमानमात्र होइन, भविष्यसमेत अन्धकार बनाउँदैछ । आज सयौं शिक्षण संस्था बन्द भएका छन् । हजारौं विद्यार्थीहरू पढ्नबाट वञ्चित भएका छन् । त्यतिकै संख्यामा विदेश पलायन भएका छन् । हुनेखानेका छोराछोरी सदरमुकाम र विदेशमा अध्ययन गरिरहेका छन् तर गरीब नेपाली जनताका छोराछोरी पढ्न पाउने अधिकारबाट वञ्चित हुँदैछन् । मुलुकमा हरेक दिन द्वन्द्वका कारण दर्जनौंको मृत्यु भइरहेको छ । संचार माध्यमहरूमा देखिने र पढिने हत्या-हिंसाको विभत्स दृश्यले आम नेपालीलाई संवेदनाहीन बनाएको मात्र हैन, कलिला बालबालिकाहरूको मस्तिष्कमा पारेको गलत प्रभाव झन कहालिलाग्दो छ । त्यसैले हत्या र हिंसाको मारबाट मुलुकलाई मुक्त गर्न विद्यार्थी समुदायले पहलकदमी लिनुपर्छ । किनभने साँचो अर्थमा भविष्य यही समुदायको हो ।

अनेरास्ववियुले अग्रगमन र शान्तिका लागि दबाब आन्दोलनमा लाखौं विद्यार्थीहरूलाई परिचालन गरेको छ । पुस १ गते जिल्ला सदरमुकामहरूमा भव्य जुलुस सम्पन्न भएका छन् । देशका महत्वपूर्ण शैक्षिक केन्द्रहरूमा विशाल जुलुस सम्पन्न भए । सो जुलुसमा विद्यार्थी र जनताको सहभागिता अत्यन्त उत्साहबर्द्धक रह्यो । अनेरास्ववियुले प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादीका अध्यक्ष प्रचण्डलगायत विभिन्न राजनीतिक दलका नेताहरूलाई शान्तिवार्ताको थालनी गर्न अपिल गर्दै ज्ञापनपत्र बुझाएको छ । ३ लाख अपिल, १ लाख ५० हजार पोष्टर प्रकाशित गरी जनता र विद्यार्थी समुदायलाई शान्ति र अग्रगमनको आन्दोलनमा सहभागी हुन आह्वान गरेको छ । मानवअधिकारवादी संघ-संस्था, प्राध्यापक, डाक्टर, इन्जिनियर, पत्रकार, प्याब्सन, शिक्षक संगठन, शिक्षक संघ, कर्मचारी, लेखक, कलाकार, मजदुर, अभिभावक, उद्योगी, व्यापारी, गैरसरकारी संघसंस्था, जातीय महासंघहरू, धार्मिक संघसंस्थाहरूसँग विभिन्न चरणमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन् । काठमाडौं उपत्यकामा मात्रै २९ वटा समूहमा झन्डै ५ सय कार्यकर्ता यो एक महिने अभियानमा क्रियाशील भएका छन् । उपत्यकाका अधिकांश शैक्षिक संस्थाहरूमा शान्तिको सन्देशसहित भेला, बैठक, विद्यालयस्तरीय सभा, कोणसभा सम्पन्न भएका छन् । काठमाडौं उपत्यकामा मात्रै लाखौं विद्यार्थी र जनसमुदायको जुलुसले अग्रगमन र शान्तिका लागि प्रतिबद्धता जाहेर गरेका छन् ।

शान्ति अभियानको नेतृत्व गरिरहेको अनेरास्ववियु यथास्थितिमा शान्ति स्थापना हुन सक्दैन भन्ने निष्कर्षका साथ अघि बढिरहेको छ । खासगरी विद्रोही पक्षले अघि सारेका कतिपय मुद्दालाई राज्यपक्षले संबोधन गर्नुपर्छ । वार्ताको वातावरण बनाउन राज्यपक्षले पहलकदमी लिनुपर्छ । राज्यपक्ष दमनको माध्यमबाट समस्याको समाधान खोज्न उद्यत देखिन्छ । हत्या र आतंकलाई निरन्तरता दिने युद्ध बन्द गरी मुलुकका राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रका समस्यालाई समाधान गर्न अग्रगामी दिशामा समस्याको समाधान खोजिनुपर्छ । वर्तमान राजनीतिक संकटलाई समाधान गर्न सतहमा आएका संविधानसभा, जातीय अधिकार, क्षेत्रीय अधिकार, राज्य पुनर्संरचनालगायतका मुद्दाहरूलाई संबोधन गर्दै राज्य जनताको हातमा सम्पूर्ण अधिकार सुनिश्चित हुनेगरी नयाँ संविधान निर्माणको प्रक्रियातर्फ अविलम्ब अघि बढ्नुपर्छ । शान्तिपूर्ण समाधान खोज्न द्वन्द्वरत पक्ष गम्भीर नहुने हो भने राष्ट्रियतासमेत गम्भीर संकटमा पर्नेछ । विदेशी शक्तिकेन्द्रहरूको चलखेललाई हेर्दा शान्तिपूर्ण निकासलाई बेवास्ता गर्ने हो र दमनबाटै समाधान खोज्ने हो भने मुलुकले इराक र अफगानिस्तानकै जस्तो दुर्भाग्य बेहोर्नुपर्ने हुनसक्छ । हतियारको उद्योग चलाएर नेपाली जनता मार्ने र मर्ने क्रम बन्द गरिनुपर्छ । दमनले समस्याको समाधान होइन, समस्या अझ थप्नेछ । त्यसैले राष्ट्रियता, प्रजातन्त्र नेपाली जनताको मौलिक अधिकार सुनिश्चित हुनेगरी समस्याको समाधान खोजिनुपर्छ । दुवै खाले अतिवादी हठलाई त्यागी वार्ताको माध्यमबाट शान्तिपूर्ण समाधान खोजिनुपर्छ ।

अनेरास्ववियुले संकटपूर्ण घडीहरूमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ । राष्ट्रियता र सामुदायिक आन्दोलनमा यसले महत्वपूर्ण भूमिका खेलेको छ । प्रजातान्त्रिक आन्दोलनमा यसको भूमिका अग्रस्थानमा छ । राजाको असोज १८ को कदमका विरूद्ध अनेरास्ववियु अग्रस्थानमा लड्यो । महंगी विरोधी आन्दोलन र शैक्षिक आन्दोलनमा यसको महत्वपूर्ण भूमिका रह्यो । हत्या, हिंसा र आतंकको चपेटाबाट मुलुक गुज्रिरहेको बेला बन्दुकको उन्मादमा रहेका अतिवादी सोच राख्ने राज्य र माओवादी पक्षलाई वार्ताको टेबुलमा ल्याउन हरेक सचेत नागरिकले पहल र प्रयत्न गर्नुपर्छ । यही आवश्यकतालाई महसुस गर्दै अनेरास्ववियुले शान्ति र अग्रगमनका लागि दबाब आन्दोलन सञ्चालन गर्ने निष्कर्ष निकालेको हो । राज्य र माओवादी पक्ष सार्थक वार्तामा आउनुपर्छ, जनताको बाँच्न पाउने अधिकारलाई दुवै पक्षले आत्मसात गर्नुपर्छ । शिक्षाक्षेत्रलाई हिंसाबाट मुक्त गरिनुपर्दछ भन्ने आह्वानका साथ जनता र विद्यार्थीको शान्तिप्रतिको चाहना र शान्ति स्थापनाका लागि हाम्रो संगठनले दशौं लाख विद्यार्थीलाई अग्रगमन र शान्तिका लागि दबाब आन्दोलनमा परिचालन गरेको छ । शान्तिप्रतिको जनताको चाहनालाई

मूर्तरूप दिन लाखौं विद्यार्थीले काठमाडौंमा उपस्थिति जनाएका छन् । यो अभियान अनेरास्ववियुको मात्र एकल अभियान थिएन, वास्तविकरूपमा शान्तिप्रेमी सम्पूर्ण नेपाली जनताको अभियान थियो । कसैको एकल प्रयत्नले मात्र यो विशाल जनसागर सम्भव भएको होइन । अनेरास्ववियुले व्यवस्थापन, संयोजन र नेतृत्वमात्र गरेको हो । त्यसैले यसलाई भव्यतापूर्वक सम्पन्न गर्न सोझो अर्थमा शान्ति स्थापनाको कामना गर्ने सम्पूर्ण विद्यार्थी, शिक्षक, उद्योगी, व्यापारी, लेखक, कलाकार, बुद्धिजीवी, नागरिक समाज, धार्मिक, सामाजिक संघसंस्था, विभिन्न संगठन र महासंघहरूलाई धन्यवादसहित शान्तिका लागि विशाल र्‍यालीमा सहभागी भई अग्रगमन, शान्ति र प्रजातन्त्रको पक्षमा बुलन्द गर्नुभएको आवाजका लागि अनेरास्ववियु आभार व्यक्त गर्दछ ।

# सात पार्टीको प्रतिबद्धता

*बालमजदुर सरोकार केन्द्र (सिविन) ले २०६१ पुस १५ गते आयोजना गरेको "बालबालिका शान्ति क्षेत्र हुन्" विषयक कार्यक्रममा सात पार्टीले लिखित प्रतिबद्धता जनाएका छन् । सो प्रतिबद्धतामा नेकपा (एमाले)का केन्द्रीय सदस्य सुवास नेम्वाङ, नेपाली कांग्रेसका केन्द्रीय सदस्यद्वय नरहरि आचार्य र सुनिलकुमार भण्डारी, नेपाली कांग्रेस (प्रजातान्त्रिक)का प्रवक्ता डा. मिनेन्द्र रिजाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता रोशन कार्की, नेपाल सद्भावना पार्टीका महासचिव अमृता अग्रहरी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का महासचिव हृदयेश त्रिपाठी, र जनमोर्चा नेपालका केन्द्रीय सदस्य केशव नेपालले हस्ताक्षर गर्नुभएको थियो ।*

**हाम्रो प्रतिबद्धता**

- बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अभियानलाई गति प्रदान गर्न र यस मान्यतालाई पार्टीगत क्रियाकलापभित्र समावेश गर्न आ-आफ्ना मातहतका संगठनहरूमा निर्देशन जारी गर्न ।
- जस्तोसुकै कठीन अवस्थामा पनि बालबालिकाको उच्चतम हितलाई ध्यान दिंदै बिना भेदभाव उनीहरूको संरक्षण गरिनुपर्दछ भन्ने कुरालाई आत्मसात् गर्दै सोका लागि क्रियाशील हुन एवं बालअधिकारको संरक्षणका बारेमा पार्टीका सबै तहलाई सचेत गर्न, सो सम्बन्धमा जनचेतना बढाउन क्रियाशील हुन र द्वन्द्वरत पक्षहरूद्वारा बालअधिकार उल्लंघनका विषयलाई स्थानीय तथा राष्ट्रिय स्तरमा पार्टीका तर्फबाट चासो दिन एवं सो प्रति आवश्यक क्रियाशीलता तथा प्रतिक्रिया जनाउन ।
- शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो तसर्थ विद्यालयका शैक्षिक गतिविधिमा बाधा, अवरोध सिर्जना हुनेगरी राजनैतिक कार्यक्रमहरू नगर्न ।
- हालका दिनहरूमा अलपत्र छाडिएका तथा जमिनमा बिछ्याइएका विस्फोटक पदार्थका कारण धेरै बालबालिकाहरू प्रभावित भइरहेका र सो क्रम बढिरहेको हुँदा सो कार्यको रोकथाम र निर्मूलन गर्न तथा त्यसबाट बालबालिकालाई जोगाउने सम्बन्धमा सबै निकायहरूलाई सचेत र परिचालन गर्न ।
- विद्यालयलाई हिंसामुक्त क्षेत्रका रूपमा स्थापित गर्न पहल गर्न र शिक्षक विद्यार्थी विद्यालय व्यवस्थापन समितिलगायतलाई जिम्मेवारीपूर्वक शैक्षिक गतिविधि संचालन गर्न सघाउ पुर्‍याउन ।

**हाम्रो आह्वान**

- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग सम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्र लगायत जेनेभा महासन्धिको ऐच्छिक सन्धिपत्रलाई सरकारले अनुमोदन गर्न तथा सशस्त्र संघर्षसम्बन्धी मानवअधिकार र मानवीय कानुनलाई राज्यपक्ष र गैरराज्यपक्ष नेकपा (माओवादी) दुवैबाट सम्मान र पालना गर्न ।
- सशस्त्र द्वन्द्वमा बालबालिकालाई सेनाको रूपमा प्रयोग गर्नेलगायत युद्धसँग सम्बन्धित कुनैपनि कार्यमा बालबालिकाको संलग्नता गराउने र विद्यालय क्षेत्रभित्र हुने कुनै पनि खाले सशस्त्र द्वन्द्वसँग सम्बन्धित र हिंसात्मक कार्यलाई तत्काल बन्द गर्न ।
- सशस्त्र द्वन्द्वकै क्रममा दुवै युद्धरत पक्षहरूले बालबालिकालाई यौनशोषण, यौन दुर्व्यवहार तथा मनोसामाजिक पीडामा नपार्न ।
- सशस्त्र संघर्षबाट पीडित र प्रभावित बालबालिकाहरूको बिना भेदभाव र विना पूर्वाग्रह उद्धार, राहत र पुनर्स्थापना लगायतका बालसंरक्षणको विषयमा उच्च प्राथमिकता प्रदान गर्न र यस कार्यमा सरकारले घोषणा गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्न ।
- द्वन्द्वरत पक्षहरूले राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रस्तुत मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्न तथा शान्ति स्थापनाको प्रक्रियामा बालबालिकाको विषयलाई प्राथमिकता दिन ।
- नागरिक क्षेत्र र विद्यालय क्षेत्रहरूमा बारूदी सुरूङ बिछ्याउने र त्यसको ओसारपसार र भण्डारणमा बालबालिकाको प्रयोग बन्द गर्न ।

- सशस्त्र द्वन्द्वका कारण विस्थापित र संरक्षणविहीन बालबालिकाहरू विभिन्न खाले शोषण र दुर्व्यवहारबाट बढी प्रभावित हुने सम्भावना भएको हुँदा त्यसको रोकथाम र प्रभावित बालबालिकाहरूको संरक्षणको निम्ति राज्य र सबै सम्बन्धित पक्षको ध्यान आकर्षण गर्न ।
- विद्यालयलाई हिंसामुक्त बनाउन र यसका लागि विद्यार्थी शिक्षकलाई अपहरण, गिरफ्तारी गर्ने, विद्यालयलाई ब्यारेक बनाउने, विद्यालय क्षेत्रमा युद्धको लागि बङ्कर र सुरूङ बनाउने, सशस्त्र संघर्ष एवं सोसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूलगायत बालअधिकार र बालमनोविज्ञानमा असर पार्ने कुनै पनि प्रकारका गतिविधिहरू नगर्न ।
- बालविकास र संरक्षणमा असर पर्ने कुनै पनि नाकाबन्दी, बालबालिकाका निम्ति अत्यावश्यक स्वास्थ्य, शिक्षा, खाद्यान्न लगायतका सामग्री आपूर्ति एवं सोसम्बन्धी सेवा संचालनमा बाधा सिर्जना नगर्न तथा बालबालिकाका निम्ति सहयोग गर्ने संस्थाहरूलाई काम गर्न अवरोध सिर्जना नगर्न ।

# जति महान उति रोचक आत्मकथा

**' कमल कोइराला**

"स्वतन्त्रताको लागि लामो यात्रा" नेल्सन मण्डेलाको आत्मकथाको ७६८ पेज लामो पुस्तकको नाम हो । एक्काइसौं शताब्दीमा पनि जीवित रहेका अफ्रिकी महादेशका बीसौं शताब्दीको महानतम राजनेताको उनले आफैंले लेखेको आत्मवृत्तान्त जति पढ्दै जानुस् उति रोचक लाग्दै जानेछ । उनको आत्मकथा कुनै रोचक उपन्यासभन्दा कम रोचक छैन । त्यसैले ७६८ पेजको यो किताबलाई सारै सानो पार्ने काम गाह्रो छ । उनको जीवनकथा पढ्दै र लेख्दैछु । तैपनि, हेरौं यसलाई कति सानो पार्न र कहाँ पुऱ्याएर एउटा अन्त गर्नसक्छु ।

नेल्सन मण्डेला लेख्दछन्-मेरो जन्म दक्षिण अफ्रिकाको क्वूनू भन्ने एउटा सानो गाउँमा १८ जुलाई सन् १९१८ मा भएको थियो । म जन्मेपछि मेरो बाबाले मेरो नाम रोलिहलहला राख्नुभएको थियो । अफ्रिकाको झोसा भाषामा रोलिहलहला शब्दको अर्थ 'रूखबाट हाङ्गा तान्ने' हुन्छ । तर वास्तवमा यस शब्दको अर्थ "उपद्रव गर्ने" हुन्छ ।

म मेरा पिताले राखेको नाम मेरो भाग्यबीच कुनै सम्बन्ध मान्दिनँ । तर मेरो जीवनका पछिका घटनाहरू हेरेर मेरो यो नाम जान्ने नातेदार र मित्रहरू भन्दछन्-तिम्रो बाबुले राखेको नामले नै तिम्रो जीवन र भाग्य यस्तो आँधीबेहेरी उठाउने र आँधीबेहेरी रोक्ने हुन गयो ।

दक्षिण अफ्रिकाको थेम्बुल्याण्डका राजाले आफ्नो नातेदार पर्ने मेरो बाबुलाई त्यस गाउँ इलाकाको प्रमुख सरदार बनाएका थिए । त्यतिबेला दक्षिण अफ्रिका सम्पूर्णरूपले ब्रिटिश साम्राज्यवादको दास र पराधीन देश थियो ।

मेरो पितालाई कोही कोहीले थेम्बुल्याण्डका राजाका प्रधानमन्त्री भनेर वर्णन गरेका छन् । वास्तवमा यो कुरा भ्रामक हो किनभने त्यतिबेला थेम्बुल्याण्डमा यस्तो कुनै पद नै थिएन । सत्यता यतिमात्रै हो कि थेम्बुल्याण्डका स्थानीय राजाहरूका समयमा उहाँ एकजना सम्मान गरिएका उनीहरूका सल्लाहकार हुनुहुन्थ्यो । औपनिवेशिक अंग्रेज सरकारका उच्च कर्मचारीहरूसँग भेटघाट र कुरा हुँदा उहाँलाई साथसाथै राख्दथे ।

मेरो बाबा क्रिश्चियन धर्मबाट प्रभावित हुनुभएन । जातिको इलाकीय सरदार हुनु अक्षर जान्नुपर्ने कुरा पनि त्यस समय आवश्यक थिएन । क्वूनू गाउँका क्रिश्चियन गुरूले मेरो आमालाई 'तिम्रो छोरा तेजिलो छ, पढाउनुपर्छ' भन्दा आमा प्रभावित हुनुभयो । हाम्रो कुनै पिता पुर्खाले साउँ अक्षर पढेका थिएनन् ।

सात वर्षको उमेरमा म स्कूलमा भर्ती हुने भएँ । बाबाले पनि पढाउन मान्नुभयो । मैले त्यसअघि कहिल्यै प्यान्ट-सर्ट लगाएको थिइनँ । स्कूलमा प्यान्ट लगाउनु अनिवार्य थियो । मेरो बाबाले बाहिर फेर जाँदा लगाउने गरेको प्यान्ट काटेर छोटो पारिदिनुभयो । तर कम्मर भने ह्वार्लाङ ह्वार्लाङ थियो । त्यो कम्मर पनि बाबाले सियो-धागोले तानतुन पारी लगाउन हुने बनाइदिनुभयो । मैले त्यसअघि कहिल्यै प्यान्ट नलगाएको हुँदा त्यो जोकर जस्तो प्यान्ट लगाउँदा पनि मैले मन मनै गर्व अनुभव गरें ।

नाम लेखाउन पहिलो दिन स्कूल पुगेका हामी सबै नयाँ विद्यार्थीलाई क्रिश्चियन महिला शिक्षिकाले हरेकलाई एउटा-एउटा अंग्रेजी नाम राखिदिनुभयो र भन्नुभयो कि स्कूल र प्रमाणपत्रहरू सबैमा अब उपरान्त यही नाम रहनेछ । मिसले मेरो नाम नेल्सन राखिदिनुभयो । यसप्रकार मेरो नाम नेल्सन मण्डेला भयो । मेरो पुस्ताका अफ्रिकनहरूको आज पनि प्रायः दुईवटा, एउटा अफ्रिकन र अर्को अंग्रेज नाम छन् ।

मेरो नाम शिक्षिकाले किन नेल्सन राख्नुभयो ? शायद उहाँको मनमा बेलायतको इतिहासका प्रसिद्ध समुद्री योद्धा नेल्सन थिए होलान् भन्ने म कल्पना गर्दछु । म नौ वर्षको उमेर पुग्दा मेरो पिताको मृत्यु भयो । मेरो पिताको मृत्युले मेरो जीवन आमाले मलाई अब मैले मेरो गाउँ क्वून छाड्नुपर्ने बताउनुभयो ।

मैले आमालाई आफूलाई कहाँ लग्न लागिएको र कहाँ छाडेर आउने भनी सोधिन् । एकदिन एका बिहानै आमाको साथै हिंडे । मलाई आफू जन्मेको, हुर्केको गाउँ छाड्दा पिताको मृत्युभन्दा पनि ज्यादा दुःख लागेको थियो । हिंड्दाहिंड्दा साँझ पर्न लाग्दा हामी राम्रा-राम्रा घरहरू र एउटा सेतो चर्च भएको धेरै ठूलो गाउँमा पुग्यौं । यो थेम्बुल्याण्डको राजधानी गाउँ रहेछ । एउटा गाडी आयो र सबैले रिजेन्ट (राजाका अभिभावक)लाई अभिवादन गर्न थाले । उनले मेरो बाबुलाई मृत्युपछि मेरो हेरविचार गरिदिने र छोराछोरीसरह पाल्ने भनेका रहेछन् । कुनै बेला कठीन मौकामा मेरो पिताबाट उनलाई राज्यको उत्तराधिकारी हुन सहयोग प्राप्त भएको कारणले गर्दा उनले यस्तो भनेका रहेछन् । दुई दिनपछि आमा मलाई त्यहीँ छाडी

आफ्नै गाउँ फर्किनुभयो । छुट्टिने बेलामा आमाले मलाई कुनै अर्ति उपदेश दिनुभएन र मायामोह पनि प्रदर्शन गर्नुभएन । मलाई के लाग्छ भने म उदास हुँला भनी उहाँले त्यस्तो केही गर्नुभएन । उहाँ मैले लेखपढ गरोस् भन्न चाहनुहुन्थ्यो । मेरो पिताको पनि त्यही इच्छा थियो । मेरो क्वूनू गाउँमा पढ्ने अवसर थिएन ।

"मेरो छोरा, आफैंले सामना गर"- यतिमात्र भनेर आमा बिदा हुनुभयो ।

म केटाकेटी थिएँ । मेरा नयाँ प्रभावशाली अभिभावकले किनेर दिएका नयाँ राम्रा-राम्रा लुगाहरू लगाइसकेको थिएँ र दङ्ग थिएँ । यो ठूलो राम्रो राजधानी गाउँको नाम म्क्हेकेज्वेनी थियो । पढाइको समय र पढाइ नभएको समय मेरो लागि रोजै रमाइलो थियो । पढ्यो, सामान बोक्ने गाडाहरूमा चढ्यो, चराहरू मार्‍यो, मन लागे गोठालाहरूसँग घुम्यो, साँझ केटीहरूको थपडीमाझ नाच्यो । म नयाँ दुनियाँमा प्रसन्न थिएँ ।

स्कूलमा म अंग्रेजी, अफ्रिकन झोसा भाषा, इतिहास र भूगोल पढ्थें । यो थेम्बुल्याण्डको राजधानी गाउँ क्रिश्चियन मेथोडिस्ट चर्चको केन्द्र र मेरो क्वूनू गाउँभन्दा धेरै आधुनिक र पश्चिमीको अनुकरण भएको ठाउँ थियो । लोग्ने मान्छेहरू सूटप्यान्ट र महिलाहरू पनि त्यसबेलाको प्रोटेस्टेन्ट स्टाइलको लामो स्कर्ट, हाइनेक, ब्लाउज र टाउकोमा स्कार्फ लगाउँथें ।

त्यो म्कहेकेज्वेनी राजधानी गाउँको सबै कुरा शासक रिजेन्टको वरिपरि घुम्दथ्यो र मेरो सानो संसारचाहिँ उनका दुई छोराछोरीको वरिपरि घुम्दथ्यो । दाजु जस्टिस रिजेन्टका उत्तराधिकारी थिए भने बहिनी नोमाफु रिजेन्टको छोरी थिइन् ।

मलाई उनीहरूकै जस्तो उही खाना, उही कपडा र उही काम कुराहरू गर्नुपर्ने समान व्यवहार थियो । जस्टिस मभन्दा चार वर्ष ठूला थिए र मेरो पिता पछि उनी नै मेरो पहिलो हिरो थिए । रिजेन्ट र उनका पत्नीले मलाई यसरी आफ्नै सन्तानझैं पाले । कुनै कुनै बेला उनीहरू मलाई बुढो बा भन्दथे किन भने म कुनै कुनै बेला बुढो मान्छेझैं गम्भीर हुन्थें ।

म र जस्टिस घनिष्ट साथी थियौं । तर, साथी भए पनि जस्टिस र ममा धेरै ठूलो फरक थियो । उनी बाबुपछि थेम्बु जातिको शक्तिशाली राजाको सरदार (चिफटेन) हुनेवाला थिए भने मेरो उनले कृपापूर्वक दिएको पद मात्र पाउने स्थिति थियो ।

त्यहाँ बेलाबेला राज्यको जातीय सभा बोलाइँदा परपरबाट कोही घोडामा, कोही पैदल हिंडेर विभिन्न ठाउँका प्रभावशाली प्रमुख व्यक्तिहरू आउँथे । उनीहरूको कुराकानी सुन्दा धपाइदिन्थे । तर कहिले केही, कहिले केही ल्याउन बोलाउँथे । म अंग्रेजहरूसँग लडेका पहिले पहिलेका योद्धाहरूको गौरवगाथा सुन्दथें । त्यस ठाउँको चर्चाका श्रद्धेय बाचक र गुरू माटयोलोका दुईटा छोरीहरू थिए । उनको बिन्नी नामको कान्छी छोरी मसँग राम्रो बोलचाल गर्दथिन् । तर बिन्नीको दिदीलाई यो मन परेको थिएन । उनी बहिनीलाई 'त्यो गाउँले पाखे-गवारसँग चर्चको पादरी जस्तो मान्छेको छोरीले संगत गर्नुहुँदैन' भन्थिन् । एकदिन मलाई पाखे हो भनी देखाउन बिन्नीको बदमास दिदीले घरमा खान बोलाइन् र प्लेटमा कुखुराको एउटा सिंगै पोखरा र दुईतिर काँटा र खाने छूरा राखिदिइन् । मैले घरमै खाँदा हातले नै खाने गरेको थिएँ । फेरि त्यो पखेटा पनि पकाएको जस्तो मात्र गरेको काँचै थियो । म, अरूहरूले जसरी काँटा छुरा टिपेर खान थालें । तर त्यो मलाई गाउँथे, पाखे देखाउन चाहने दिदीले मैले पखेटाको मासु काटेर खान खोज्दा प्लेट ठ्याङठ्याङ गरेर बज्न थालेको इसारा गर्दै बहिनीलाई देखाइन् । मैले त्यो कुखुराको पखेटा राम्ररी काटेर खान सकिनँ । दिदीले बहिनीलाई पछि भनिछन्-"यस्तो गँवार पाखे केटासँग प्रेममा परिस् भने तेरो पुरा जिन्दगी खराब हुन्छ ।" तर मलाई खुशी लाग्यो कि भए पनि उनले मलाई माया गरिन् ।

पछि, हाम्रो स्कूलहरू फरक भए । केही समय हाम्रामाझ पत्रहरू आदान-प्रदान भइराख्यो । ती स्कूलका दिनहरू थिए । पछि मैले उनको थाहापत्तो हराउँदै गएँ । मेरो बसाइँसराइँ पनि अलग-अलग ठाउँमा हुँदै गयो । तर मैले काँटा चम्चाले खाने र टेबुलमा खाने तौरतरिका राम्ररी सिक्दै गएँ । यो कक्षा ५ सम्म पढ्दाताकाको केटौले उमेरको प्रेम थियो ।

मैले कक्षा ५ पास गरेपछि रिजेन्टले एउटा ठूलो भेडा काटेर गाउँमा भोजको आयोजना गरे । यो मेरो जीवनमा मेरो सम्मानमा आयोजित पहिलो घटना थियो र म काफी प्रसन्न थिएँ । त्यस प्रान्तीय राजधानी गाउँमा कक्षा ५ भन्दा अगाडि बढ्ने अवसर थिएन । त्यसपछि धेरै जनाको पढाइ छुट्यो । तर रिजेन्टले मलाई आफ्नै मोटरमा चढाएर क्लार्कबेरी भन्ने नगरमा मेरो अगाडिको पढाइका लागि भर्ती गर्न लगे ।

उनले मेरो निम्ति नयाँ शहरमा लगाउन बूट जुत्ता पनि किनेर दिनुभयो । यो एउटा माध्यमिक स्कूल र शिक्षक प्रशिक्षण केन्द्र थियो । बिदा हुने बेला रिजेन्टले आफ्नो राजा र मेरो इज्जतमा धक्का पुर्‍याउने काम नगर्नु भन्नुभयो र बताउनुभयो कि त्यस स्कूलका प्रिन्सिपल ह्यारिस अंग्रेज भए पनि थेम्बु जनतालाई बुझ्दछन् र माया गर्दछन् ।

क्लार्कवेरी मलाई झन् सानदार ठाउँ लाग्यो । त्यहाँ कलेज, लाइब्रेरी, होस्टेलहरू, लेकचर हलहरू थिए । क्लार्कबेरीको रहनसहन अफ्रिकन नभएर अंग्रेजी वातावरणको थियो । बिदा हुने बेला रिजेन्टले मलाई एक पाउण्ड दिनुभयो । त्यति ठूलो रकम मैले त्यसअघि कहिल्यै हातमा पारेको थिइनँ । रिजेन्टले मलाई कारमा पुर्‍याएको र म खानदानी मान्छे हुँदा विशेष व्यवहार हुने छ भनी आशा गरेको थिएँ । तर मैले त्यहाँ समान व्यवहारमात्र पाएँ । मैले बुझें कि मेरो पूर्खा र बंश होइन, मेरो योग्यता नै मेरो जीवनमा काम लाग्ने कुरा हो ।

मैले जीवनमा पहिलोपटक बूट-जुत्ता लगाएको थिएँ । मेरो असजिलो हिंडाई देखेर सबैभन्दा अगाडिको बेन्चमा बसेकी केटीहरूमध्ये एउटीले अर्कीलाई भनी-"यो गाउँबाट आएको केटालाई जुत्ता लगाउने बानी रहेनछ ।" म मैले मनमनै त्यो त्यसो भन्ने केटीसँग कहिले नबोल्ने संकल्प गरें । तर म बूट लगाएर हिंड्न अभ्यस्त हुँदै गएँ । पछि उनको राम्रो व्यवहारले मेरो उनीसँग कहिले नबोल्ने संकल्प पनि हराउँदै गयो । पछि उनी त्यस कलेजमा मेरो सबैभन्दा असल मित्र भइन् । मैले उनलाई आफ्ना डरहरू र कमजोरीहरूबारे पनि बताउन थालें । मलाई अंग्रेजीमा फेल हुने डर थियो । मेरो मित्र मोथानाले भनिन्- "नडराऊ । यो अंग्रेजी पढाउने शिक्षिका बी.ए. पास गर्ने पहिलो अफ्रिकन महिला हुन् र हामीहरूलाई फेल नहुने गरी उनले पढाउने छिन् ।'

क्लार्कबेरीमा पढाइ सकिएपछि मेरो मित्र मोथाना पनि छुटिन् । त्यहाँ यो भन्दा अगाडि पढ्ने ठाउँ थिएन । उनी डे-स्कलर थिइन् ।

उनका आमा बाबु मोथानालाई अर्को ठूलो शहरमा पढ्न पढाउने खर्च जुटाउन आर्थिक कमजोरीले समर्थ थिएनन् । यो अफ्रिकाको साँचो कथा हो । मान्छे योग्यताको कमीले होइन अवसरको कमीले अगाडि बढ्न सकेनन् । यो अफ्रिकाको मात्र होइन, हरेक अविकसित देशको साँचो कथा हो । जहाँ मान्छे बुद्धि नभएर होइन अवसर नपाएर अगाडि बढ्न सकेनन् ।

*(यो नेल्सन मण्डेलाको विद्यार्थी जीवनको पनि प्रारम्भको भाग हो । उनको आत्मकथाको अति संक्षिप्त अंश नवयुगको आगामी अङ्कमा आउनेछ ।)*

# दासहरूको परिश्रमले स्वतन्त्र बनेको देश

## ' भानुभक्त ढकाल

हाइटी, क्यारिबियन क्षेत्रमा अबस्थित ल्याटिन अमेरिकाको सबैभन्दा गरिब राष्ट्र हो । यो तीनतिर समुद्रले घेरिएको र पूर्वमा ३६० कि.मी.ले डोमिनिकन गणतन्त्रसँग सिमाना जोडिएको छ । यो अफ्रिका बाहिर रहेर कालाहरूको संस्कृति भएको विश्वको एकमात्र राष्ट्र हो । यहाँ ९५ प्रतिशत काला जाति र ५ प्रतिशत मुलाटोज जातिका मानिसहरू बस्दछन् । मुलाटोजहरू अफ्रिका र युरोपको सम्मिश्रणबाट बनेका र उपल्लो बर्ग र सेता जातिका रूपमा परिचित छन् । १४९२ मा कोलम्बस त्यहाँ पुगेका थिए । १५३० तिर अहिलेको हाइटीको पूर्वी पहाडमा बस्ने अरबक जातिहरू सुन खानीमा काम गर्दथे । कोलम्बसले सुन खानी पत्ता लगाएर अन्य देशका मानिसहरूले त्यहाँको सुन अन्यत्र लैजान थालेपछि यी अरबक जातिलाई फ्रेन्च, बेलायती र डचहरूले विस्थापित गरे । विस्तारै यहाँको सुनचाँदी जहाजमा राखेर स्पेन लैजान थालियो ।

विश्वसामु परिचित हुँदादेखि १६९७ सम्म यो राष्ट्रलाई स्पेनले उपनिवेश बनाएको थियो । यसपछि फ्रान्सले आफ्नो उपनिवेश बनायो । १९१५ को सेप्टेम्बरदेखि अमेरिकी सेना हाइटीमा गयो र विदेशी ऋण तिरिदिएर आफ्नो उपनिवेश बनायो । यही समयमा यी दुई राष्ट्रबीच २१ वटा विषयमा सन्धि भए जसमा कृषि, सुरक्षा, आर्थिक, राष्ट्रियता, प्रकाशन र दूरसञ्चारलगायतका बिषयमा अमेरिकाको दादागिरी कायम भयो । यो विषयले हाइटीमा विवादको रूप लियो । सम्पन्न वर्गका मानिसहरू अमेरिकी संस्कृति र प्रभावबाट प्रभावित बने । अमेरिकाले यहाँ बाटो, विद्यालय, अस्पतालहरू निर्माण गरिदियो र पहेलो ज्वरोको उन्मूलनका लागि अभियान पनि चलायो । हाइटीमा आफ्नो सल्लाहकार राख्ने र सुरक्षा गार्डको व्यवस्थालाई संस्थागत गऱ्यो । यिनै गार्डहरूको दबाबमा सरकार रहन थाल्यो र सेनाको हैकम कायम हुन थाल्यो । विदेशीहरूले हाइटीमा जग्गा खरिद गर्न र साझेदारीमा काम गर्न पाउने व्यवस्थाले उपल्लो वर्गलाई नै फाइदा भयो । राष्ट्रका उद्योग, कृषि फर्महरूमा विदेशीहरूको प्रत्यक्ष प्रभाव रहन गयो । सत्तामा रहने, नरहनेमात्र होइन कि अमेरिकी योजनामा राष्ट्रपतिलाई बर्खास्ती र निर्वासनमा पठाउने कामसमेत हुन थाल्यो । शब्दमा हाइटीलाई स्वतन्त्र राष्ट्र भने पनि अमेरिकाले आफ्नो मातहतको दुई नम्बरी राज्यको जस्तो व्यवहार गर्दै आएको छ ।

**मुक्तियोद्धालाई हत्कडी**

१६९७ पछि फ्रान्सले अफ्रिकाबाट हाइटीमा दासहरू लगेर उखु, कफी, कपास र सूर्तीको खेती गरायो । आफ्नो प्रभुत्व यति धेरै विकास गऱ्यो कि फ्रान्सका लागि क्यानडा भन्दा पनि हाइटीको उपनिवेश बढी प्रभावशाली सिद्ध भयो । फ्रान्सेलीहरू र मुलाटोज जातिका मानिसहरू आफू सुविधा सम्पन्न र बिलासी जीवन बिताउँथे र दासहरूलाई अति नै दुःख र कष्टपूर्ण जीवन बिताउन बाध्य बनाउँथे । यसले गर्दा दासहरूमा विद्रोहको भावना जगायो । सन् १७९१ मा दासहरूले संगठितरूपमा विद्रोहको झण्डा उठाए । उनीहरूले आफूले काम गर्ने गरेका खेतबारी, लगाएका बालीनाली र सिंगो शहरलाई नै नष्ट गरिदिए । टुसेन लैनचर्ड नामका दासले यो आन्दोलनको नेतृत्व गरेका थिए । कामदारहरूले आन्दोलनबाट सरकार कब्जा गरी राज्यसमेत सञ्चालन गरे । यो सरकारलाई असफल बनाउन नेपोलियन प्रथमले षडयन्त्रपूर्ण ढंगले सेना पठाई दास नेतालाई गिरफ्तार गरी हत्कडी लगाएर फ्रान्समा पठाए । केही समयपछि उनले त्यहीं शहादत प्राप्त गरे । फ्रान्सेली साम्राज्य पुनः कायम भयो ।

यो विद्रोह क्रमशः चलि नै रह्यो । दमनले तत्काल पराजित जस्तो देखिए पनि स्वतन्त्रताको आन्दोलनका लागि यो एउटा कोशेढुङ्गा नै सावित भयो । १८०४ मा विद्रोही नेता जनरल जिन ज्याक डिसेल्याण्डले आन्दोलनलाई निरन्तरता दिंदै फ्रान्सेली उपनिवेशबाट राष्ट्रलाई मुक्त गराए र देशको नाम हाइटी राखे । यी राष्ट्रका पहिलो नेता एवं राष्ट्रिय स्वतन्त्रताका सेनानीको राष्ट्रमुक्त भएको २ वर्षपछाडि षडयन्त्रपूर्वक हत्या गरियो । नेताको हत्यापछि शक्तिको होडमा राज्य फेरि दुई भागमा विभाजित भयो । १८२२ मा जिन पेरेवोयरले देशको पश्चिमी क्षेत्रवाट समेत स्पेनको उपनिवेश अन्त्य गरी विभाजित राज्यलाई एकीकृत र पूर्ण स्वतन्त्र बनाए । यसरी दासहरूको आन्दोलनले हाइटीको जन्ममात्र गराएन कि ७० वर्षसम्म स्वतन्त्र शासन गर्ने आधार पनि खडा भयो । दासहरूको रगत र पसिनाले सिञ्चित हाइटी साँच्चै आजादीपूर्ण राष्ट्रका रूपमा रूपान्तरण भएको थियो ।

**राजनीतिमा सेनाको उपस्थिति अस्थिरतामात्र**

सैनिक बलको माध्यमबाट सरकारलाई अपदस्थ गर्ने र सत्ता लिने क्रम १९२२ देखि आरम्भ भयो । यो क्रमले हालसम्म पनि निरन्तरता पाएको छ । सेनाको हस्तक्षेपबाट उत्पन्न अस्थिरता र सत्ता परिवर्तनबाट दिक्क भएका जनताको भावनालाई बुझेर १९५७ मा निकोलस दुभालियर राष्ट्रपति बने । सुरूमा विमति भए पनि १९६२ मा सन्धि नवीकरण गरी दुभायिलरले अमेरिकाको इसारामा सरकार चलाए । सेना प्रमुखलाई उनले बर्खास्त गरे र आफ्नो विश्वासिलो व्यक्तिलाई सेना प्रमुख बनाए । राष्ट्रपतिको सुरक्षाका लागि छुट्टै सुरक्षा व्यवस्था गऱ्यो । जसलाई टोन टोन माउकुट भनिन्छ । तिनीहरू सेनाभन्दा पनि बढी अधिकार सम्पन्न थिए । राष्ट्रपतिको सुरक्षा गर्नु, राज्यमा आतङ्क मच्चाउनु, अनियमितरूपमा आयआर्जन गर्नु तिनीहरूको दैनिकी

जस्तै थियो । राजनीतिक अपराधिकरण, भ्रष्टाचार, नातावादको विकास चरमचुलीमा पुगेको थियो । यस्तै परिवेशमा दुभालियरले आफूलाई १९६४ मा आजीवन राष्ट्रपति घोषणा गरे । १९७१ मा उनको मृत्युपछि १९ वर्षको उमेरमा उनको छोरा जेनक्यु दुभालियर पिताको उतराधिकारीको रूपमा राष्ट्रपति बने । उनकी आमाले उनको नायवीमा शासन चलाइन् ।

१९८६ मा दुभालियरको २८ वर्षे शासन अमेरिकाको विरोध तथा असहयोगका कारण समाप्त भयो । तत्कालीन सेना प्रमुखले सरकार आफ्नो हातमा लिए । १९८८ को निर्वाचनमा चुनिएका राष्ट्रपतिलाई छोटै समयमा सेनाले अपदस्थ गर्‍यो । १९९० मा पुनः अर्को सैनिक शासक बनेर सत्ता चलाउन आइपुग्यो । १९९० देखि जानवटान अरिस्ट्राइड त्यहाँको निर्वाचनमा राष्ट्रपति भए पनि अधिकार भने सेनाको हातमा नै रह्यो । वैधानिक सरकारको स्थापनाको लागि संयुक्त राष्ट्रसंघको दबाब, आर्थिक नाकाबन्दीका कारण सेना अलि खुकुलो जस्तो देखिए पनि सेनाले सत्ताबाट आफ्नो हात झिकेको छैन । अवसर पाउने बित्तिकै सक्नेले कू गर्ने परम्परा टुटेको छैन । बरू यो अमेरिकी निर्देशनमा हाइटीको राजनीतिक सँस्कृति नै बनेर हुर्किरहेको छ । १९८६ मा सेनासहितको अमेरिकी जेट हाइटीमा अवतरण गरेपछि दुभालियरको शासन समाप्त भएको थियो भने अहिले अमेरिकी सेना तैनाथ गरेर अरिस्ट्राइडको सत्ता अपहरणमा परेको छ। उनी अहिले प्रवासमा जीवन बिताउन बाध्य छन्। सत्तामा बसिरहने हाइटीको योग्यता भनेको सेनामा उसको पकड कति छ र उप्रति अमेरिकाको कस्तो नीति छ भन्ने नै यसको मूल पक्ष हो । यसर्थ भन्न सकिन्छ कि, सेनाको उपस्थितिले जनताका अधिकारहरू कटौति भएका छन्। हत्या, हिंसा, अपहरण, गिरफ्तारी उल्लेख्यरूपमा बढेका छन्। आफ्नो राष्ट्रको करिव ५ हजार सेनालाई अमेरिकाबाट सहयोगका नाममा आएका १५००० सेनाले दिने निर्देशन नै हाइटीको राजनीतिक भविष्यको मार्गदर्शन भइरहेको छ ।

**नेपाल र हाइटीबीचका यी समानताहरू**

दुबै देशमा दुई तिहाई जमीन पहाडी क्षेत्रमा पर्दछ । हाम्रो उत्तरी क्षेत्रको हिमाल जस्तै हाइटीको दक्षिणी क्षेत्रमा ठूलो लेक पर्दछ । दुबै देशमा थुप्रै नदीनालाहरू छन्। कृषिमा निर्भर रहने जनसंख्याको करिब ८० प्रतिशत मानिसहरू गरिबीको रेखामुनि जीवन बिताउन बाध्य छन्। राजनीतिमा विदेशी प्रभाव दुवै देशमा पर्ने गरेको छ। फरक यतिमात्र छ कि हाइटीमा अमेरिकी सेनाको प्रत्यक्ष उपस्थिति र ठाडो निर्देशन लागू हुन्छ तर हाम्रो देशमा परोक्षरूपले प्रभाव पारेको छ। हाइटीमा अधिनायकवादका कारण तीस हजार मानिसहरूको हत्या भएको छ र करीब पाँचलाख मानिसहरू विस्थापित भएका छन्। नेपालमा पनि दुई सैनिक अतिवादका कारण करीब तेह्र हजार व्यक्तिहरूको ज्यान गइसकेको छ। र, पाँच लाख जति नै मानिसहरू विस्थापित भएका छन्।

हाइटीमा नाममात्रको प्रजातन्त्र छ, व्यवहारमा राजतन्त्र जस्तै । बेलाबेला निर्वाचनको नाटक मञ्चन गरिन्छ तर सरकारमा जो आए पनि सत्ता वास्तविक रूपमा अमेरिकाको इशारामा सेनाले नै चलाउँछ । हाम्रो देशमा पनि संसदविहीन स्थिति निर्माण गरी धारा १२७ को सरकार छ । सरकार बनाउनेहरूको योजनाअनुरूप सरकारका काम-कारबाहीहरू हुने गरेको पाइन्छ । दुवै देशका सरकारहरू आफूले नै सत्ता चलाएको अभिनय गर्दछन् तर ब्रेक, गेयर अरूकै हातमा छ। नेता, पत्रकार, मानवअधिकारवादी तथा नागरिकहरूलाई गिरफ्तार गर्नु, बेपत्ता पार्नु, यातना दिनु, विनापूर्जी थुन्नु र अदालतले समेत सरकारका गलत कामको पक्षपोषण गर्नु, दुवै देशमा हुने समान प्रकृतिका घटना हुन् । दुभालियरको समयमा राष्ट्रपति र उसको परिवारको बारेमा आलोचना गर्न पाईँदैनथ्यो । पत्रिकामा छाप्नुपूर्व ७२ घण्टाअघि स्वीकृति लिनुपर्ने प्रावधान थियो भने यहाँ पनि राजपरिवारसम्बन्धी करिब त्यस्तै प्रावधान हो । हाइटीमा राष्ट्रपतिले विधायिकी सभामा केही मानिसहरूको नियुक्ति गर्दछन् भने यहाँ राजाले राष्टियसभामा केही सदस्यहरू मनोनित गर्दछन् ।

राजनीतिक क्षेत्रमा महिलाहरूको भूमिका दुवै देशमा सामान्य नै छ । हाइटीका तानाशाह दुभालियरकी श्रीमती सिमोनले हाम्रो देशको राजेन्द्रलक्ष्मी जस्तै छोराको नायवी लिएर १९७१ देखि आफैंले राष्ट्रपतिको काम सम्हालेकी थिइन्। राज्य सञ्चालनको बागडोर समाल्ने महिला नेतृ यो देशको इतिहासमा सायद यिनीमात्र हुन् ।

दुवै राष्ट्रहरू गरिब छन्। दुबै देशका शासकहरू भने धनी छन्। राष्ट्र दिनानुदिन ओरालो लाग्दैछ। थोरै व्यक्तिहरू, जो सत्ता र सरकारको वरिपरि छन्, तिनीहरू क्रमशः उकालो चढी नै रहेका छन्। सत्तामा बस्ने मानिसहरूको आयश्रोत छैन तर पानीको मुल फूटेझैं सम्पत्ति निरन्तर बढिरहेको छ । सम्पन्न हाइटीबासीहरू आफ्ना छोराछोरीलाई फ्रेन्च भाषा पढाउन विदेश पठाउँछन्। हाम्रो देशमा आफूलाई शासक भन्ने र शासनको रडले पोतिएकाहरू आफ्नो प्रतिष्ठा बचाउनका लागि पनि विदेशमा सन्तान पढाउन बाध्य छन्। त्यहाँका उपल्लो जाति एवँ सम्पन्न भन्न रूचाउनेहरूको जीवनशैली विलासीपूर्ण छ। छोरा दुभालियरको विवाहमा ३ करोड अमेरिकी डलर खर्च भएको थियो । यतिसम्म कि आफ्नो भवनको सजावटका लागि उनीहरू फ्रान्सेली कला र फर्निचरको प्रयोग गर्दछन्। हाम्रा पनि उच्च घरानियाहरूको संस्कृति यस्तै छ ।

चार बर्षको अन्तरालमा चलेको आन्दोलनले दुबै देशमा ऐतिहासिक परिवर्तन ल्यायो । हाइटीमा २८ बर्षे तानाशाहको अन्त्य भयो भने नेपालमा ३० बर्षे निरंकुश निर्दलीय पञ्चायतको उन्मूलन भयो । फरक यति भयो कि हाइटीमा बनेको पहिलो संविधान १९८७ लागू हुने क्रमदेखि नै अस्थिरता सुरू भयो । नयाँ संविधान चार वर्षको उमेरमा नै प्रतिबन्धित गरी सेनाले आफ्नो पकड बढाउँदै सरकार छिटोछिटो परिवर्तन गर्‍यो भने नेपालमा १९९० मा बनेको संविधान लागू भएको १३ वर्षपछि मृतप्रायः भएको छ। जनआन्दोलनको सम्झौता उल्लंघन गर्दै अस्थिरता उत्पन्न गराइएको छ। सेना रिझाउनेहरू त्यहाँ सरकारमा हुन्छन् भने धारा १२७ बाट विश्वास जित्नेहरू यहाँ सरकारमा हुन्छन् ।

**हाइटीबाट लिनुपर्ने शिक्षा**

असंवैधानिक एवं गैरकानुनी सरकार राज्यमा रहनाले यसले अराजकता उत्पन्न गर्दछ । अदृश्य शक्ति केन्द्रहरू बलिया हुँदै जान्छन्। जनताको प्रजातान्त्रिक अधिकार कटौति हुँदै जान्छ । सत्तामा टाँसिने र सत्ताको निकटमा रहेर अपारदर्शी आयआर्जनमा

मानिसहरू फस्दै जान्छन् । यस्ता क्रियाकलापले निरंकुशतालाई संगठित हुने र फैलने उचित अवसर मिल्छ । राजनीतिक पार्टीहरूमा निष्ठा एवं आदर्शको राजनीति कमजोर हुँदै प्रकारान्तरमा राजनीतिले निरंकुशताकै उपस्थितिलाई निम्त्याउँछ । जसले राज्यलाई परनिर्भर र कमजोर बनाउँछ भन्ने कुरा हाइटीको उदाहरणबाट प्रष्ट हुन्छ ।

राज्य आर्थिक रूपले कमजोर बन्दै गएपछि विदेशी दातृसंस्था एवं अन्तराष्ट्रिय शक्तिकेन्द्रको इशारामा राज्य चल्न बाध्य हुन्छ । हाइटीको ऋण तिरिदिएर अमेरिकाले आफ्नो उपनिवेश बनाएको तथा सेना तैनाथ गरेर कठपुतली सरकार मार्फत् आफ्नो हुकुमी शासन चलाएबाट यो कुरा सजिलै बुझ्न सकिन्छ । मुलुकमा आम जनताको शोषण गर्न सत्ताको दुरूपयोग गर्ने, शक्तिको सेवामा समर्पित भएर आफ्नो विलासिताको  लागि देश कंगाल बनाउने दुष्टहरूबाट समयमा नै सचेत हुनुपर्ने शिक्षा पनि हाइटीले दिएको छ । ३ करोड खर्च गरेर छोरा दुभालियरको विवाह गरेको र उनको रूखो व्यवहार, सत्ताको नाजायज उपयोग, दुबालियर शासन ढल्नमा सहयोगी बनेबाट सत्ताको तडकभडक बढी भयो भने पनि क्षति नै पुऱ्याउँछ भन्ने शिक्षा चेतना हुनेका लागि काफी छ ।

अरिस्ट्राइडकी श्रीमती अमरिकन नागरिक भएकाले पनि हुनसक्छ कि पटक-पटक १४ बर्ष, सेनाद्वारा अपदस्थ भएपछि पनि उनी सत्तामा रहन पाएका थिए । अन्ततः उनी जसरी निर्वासित हुन बाध्य भए त्यसबाट जनता साथमा भएनन् भने उच्च घराना र शक्ति सम्पन्नहरूसँगको नाताले मात्र सत्ता त के देशमा नै बस्न पाइँदोरहेनछ भन्ने शिक्षा पनि हाइटीले सबैका सामु छर्लङ्ग पारेको छ । जनताका विरोधीहरू सत्तामा रहँदासम्म जनताको उन्नति र प्रगतिको मार्गप्रशस्त हुँदैन । उनीहरू आफ्नै स्वार्थका लागि अन्तिम दमसम्म लडिरहन्छन् । त्यस्तै विदेशी शक्तिको भरमा सत्तामा रहन चाहने शासकहरू पनि सत्ताका अस्थायी पाहुनामात्र हुन् । जसलाई उसको औचित्य समाप्त भएपछि उसको मालिकले कहिल्यै पनि कठैवरा भन्दैन । २८ वर्ष शासन गरेको दुभालियरले अन्तिम अवस्थामा हाइटीमा रहन गरेको अनुनय- विनयको कुनै सुनुवाइ भएन । त्यस्तै अरिस्ट्राइड राष्ट्रपति भएपछि अमेरिकाले आफ्नो स्वार्थ रहुन्जेल उनलाई सत्तामा राख्न दबाब दियो, अनुदान रोक्का गऱ्यो, संयुक्त राष्ट्रसंघलाई उपयोग गऱ्यो, जब उसको प्रयोजन सकियो यसपछि उसलाई पनि षडयन्त्रमूलक ढंगले राजीनामा गर्न बाध्य गऱ्यो । अमेरिकाको आफ्नो जेटमा राखी मध्य अफ्रिकामा र त्यसपछि जमैकामा पठाइयो । अहिले उसले  राज्य नफिर्ने अनुरोध गर्दा अमेरिकाले हाइटीबाट १५० माइल टाढै रहनुपर्छ भनेबाट यो बुझ्नुपर्दछ कि शक्तिकेन्द्रको दलाललाई कुनै दिन उसको मालिकले लात्ता हान्दा कठैवरा भन्ने व्यक्ति पाइँदैनन् ।

# महिलावादी नोवेल साहित्यकार

## ' अग्निशिखा

'जब म लेख्छु, सँधै कमजोरको पक्षमा रहने कोशिस गर्छु । यसर्थ कि, बलिया प्रतिको पक्षधरता साहित्यको पक्षधरता होइन'-साहित्यमा यस वर्षको नोवेल पुरस्कार आफूले पाउने भएपछि एल्फ्राइड जेलिनेकले एक अन्तर्वार्तामा भनेकी छिन् । नोवेल पुरस्कारको एकसय वर्षको इतिहासमा साहित्यमा यो पुरस्कार प्राप्त गर्नेमा जेलिनेक दशौं महिला व्यक्तित्व बनेकी छिन् ।

केही वर्षयता वामपन्थी व्यक्तित्वहरूले नोवेल पुरस्कार प्राप्त गर्नुबाट 'राजनीतिक खुशामद'को आशंका जन्मिएको चित्त दुखाई न्यूयोर्क टाइम्समा अलान राइडिङ्गको रहेको छ । स्मरणीय छ, १९९७ मा इटलीका डारियो फो, १९९८ मा पोर्चुगलका होसे सारामागो, १९९९ मा जर्मनीका गुन्थर ग्रास र अहिले अष्ट्रियाको जेलिनेकले यो पुरस्कार प्राप्त गरेका छन् । तथापि, राजनीतिक खुशामद भन्दा शित युद्धको समाप्ति नै वामपन्थी व्यक्तित्वले नोवेल पुरस्कार प्राप्त गर्नुको कारण हुनसक्छ ।

कुनै बेला अष्ट्रियन कम्युनिष्ट पार्टीको सदस्य समेत रहेकी जेलिनेकले यो पुरस्कार आफूलाई दिइनुको सन्दर्भमा भनेकी छिन्-'म महिला भएको कारणले होइन, मेरो कृतिको कदरस्वरूप नै पुरस्कार दिइएको भनेर उनीहरू (नोवेल कमिटीका सदस्य) ले मलाई विश्वस्त पारेका छन् ।' तर, स्टकहोममा पुरस्कार ग्रहण गर्न नजाने कुरा जेलिनेकले बताएकी छिन् । किनभने, उनको आफ्नै शब्दमा उनी 'सोसल फोविया' बाट ग्रस्त छिन् ।

नोवेल पुरस्कार उनको लागि बोझ बनेको छ । यस पुरस्कारबाट उनीप्रति जुन ध्यान खिचिएको छ, जुनरूपमा उनको घरको ढोकाको घण्टी र टेलिफोन बज्ने गरेको छ, एकान्तवास मन पराउने उनलाई यो असह्य भएको छ । उनले भनेकी छिन्-'म निराश भएकी छु । यो पुरस्कारले मलाई सार्वजनिक प्रदर्शनीमा राखिदिएको छ । यसबाट म खतरा महसुस गरिरहेको छु । नोवेल पुरस्कार प्राप्त गर्दाको समारोहलाई थेग्न म मानसिकरूपमा तयार छैन ।'

त्यसैले, जेलिनेकको भनाइमा उनका आगामी दिनको योजना भनेको चुपचाप 'गायव' हुनु हो । एकान्तवास मन पराउने लेखकहरूले पुरस्कारको मूल्य चर्कै चुकाउनु पर्छ । जस्तो कि, चीनियाँ नोवेल साहित्यकार गाओ जिङ्गजियानले मिडियामा एकपछि अर्को अन्तर्वार्ता दिनु परेकोले आफ्नो लागि लेख्ने समय नभएको दुःखेसो पोखेका थिए । अर्का, पोलिस नोवेल साहित्यकार वसेभिस सिंगरले त आफ्नो घर नै छोड्नु परेको थियो । र, उनले टेलिफोन नम्बर नै लिष्टबाट हटाउन लगाएका थिए ।

'उनी त्यस्तो लेखक हुन् जो आफ्ना पाठकको विश्वासलाई आक्रोश र आवेगसहित भत्काउँछिन्- स्वेडिश एकडेमीका प्रवक्ता पर वास्टवर्गले जेलिनेकको सन्दर्भमा भनेका छन् । यसैगरी, उनका ब्रिटिश प्रकाशक पेटे आइर्टन भन्छन्-'मलाई लाग्छ, उनका कृतिहरू हर्लिक्स पिउँदै पढिने रचना होइनन् ।' जेलिनेकको रचना उनको आफ्नै मुलुकमा अत्यन्त विवादास्पद रहेको

छ। तव त, अष्ट्रियाको पहिलो नोवेल पुरस्कार विजेता भएर पनि यो पुरस्कार ‘अष्ट्रियाको टाँकमा सिउरने फूल’ नहुने जेलिनेकले नै बताएकी छिन् ।

अष्ट्रिया र आ-आफ्ना नाजी विगतप्रति आत्मालोचित हुन नसकेकोमा जेलिनेकले अष्ट्रियन राजनीतिज्ञहरू र संयुक्त राष्ट्रसंघका पूर्व महासचिव कुर्त वाल्दहाइमसमेत-लाई विरोधको निशाना बनाएकी थिइन्। उनले आफ्नो मुलुकलाई ‘अपराधीहरूको मुलुक’ भनेकी थिइन् र ‘मृत्युको साम्राज्य’को रूपमा अष्ट्रियालाई चित्रित गरेकी थिइन् । अति दक्षिणपन्थीहरूको लागि उनी घृणित व्यक्ति बन्न पुगेकी थिइन्। र, नाजी युगको आलोचना गरेवापत अष्ट्रियन पदाधिकारीहरूले उनका नाटकमाथि नै प्रतिबन्ध लगाएका थिए ।

जेलिनेकको आक्रमणको प्रमुख निशाना अति दक्षिणपन्थी फ्रिडम पार्टीका नेता जोर्ग हेदर बनेका थिए । अनुदारवादी पिपल्स पार्टीसँग हेदरको पार्टीको सत्ता साझेदारी रहेसम्म अष्ट्रियामा आफ्ना नाटक मञ्चन गर्नमा जेलिनेक आफैंले प्रतिबन्ध लगाएकी थिइन् र मुलुकै छोड्ने धम्की दिएकी थिइन्। स्मरणीय छ, हेदरले नाजी शब्दावलीकै प्रयोग गरेर जेलिनेकका रचनालाई ‘भ्रष्ट कला’ भनेका थिए ।

जेलिनेकको जन्म २० अक्टोवर, १९४६ मा स्तिरिया प्रान्तमा भएको थियो। उनका पिता चेक यहुदी मूलका थिए। सानैदेखि संगीत सिकेकी उनले भियना विश्वविद्यालयमा नाटक र कलाको अध्ययन गरेकी थिइन् । कलिलै उमेरमा कविता लेख्न थालेकी जेलिनेकको पहिलो कृति एक्काइस वर्षको उमेरमा प्रकाशित भएको थियो। सत्तरीको दशकमा युरोपलाई विद्यार्थी आन्दोलनको ज्वारले छोपेको थियो र उनी पनि आन्दोलनमा समाहित भएकी थिइन्। यसैबेला उनका दुईवटा उपन्यास प्रकाशित भएका थिए ।

जर्मन गटफ्राइड हंग्सवर्गसँग विवाह गरेपछि उनको समय भिएना र म्युनिखमा बित्न थाल्यो । कविता, निबन्ध, नाटक र उपन्यास विधामा कलम चलाउने जेलिनेक अन्ततः जर्मनभाषी साहित्यको प्रमुख हस्ती बनिन्। र, समकालीन अत्यन्त प्रभावशाली लेखकहरूमा जेलिनेक पनि पर्छिन्। नोवेल पुरस्कारवाहेक बीसवटा जति पुरस्कार, पदक तथा सम्मान प्राप्त गरेकी जेलिनेकलाई अष्ट्रियाको ‘साहित्यिक अन्तस्करण’को भूमिका निर्वाह गर्ने व्यक्तित्वकोरूपमा समेत लिइन्छ ।

जेलिनेकको रचनालाई तीन चरणमा बाँड्ने गरिएको छ। शुरूका उनका रचनाहरू पूँजीवाद तथा उपभोक्ता समाजको आलोचनामा केन्द्रित रहेको थियो। ८० को दशकमा पितृसत्तात्मक समाजको आलोचनामा जेलिनेकको कलम चल्यो। त्यसपश्चात विगतको फासिवाद र वर्तमानको जातीय असहिष्णुता विरूद्ध उनका नीव तिखारिए। जर्मन भाषी विश्ववाहिर जेलिनेक मूलतः दुईवटा चर्चित कृतिबाट चिनिन्छिन्। एउटा कृति उपन्यास ‘द पियानो टिचर’ हो भने अर्को उपन्यास ‘लस्ट’ हो ।

नोवेल कमिटीले जेलिनेकलाई ‘अनुपम भाषिक दक्षताकासाथ सामाजिक विसंगति उदाङ्गो पार्दै उपन्यास र नाटकमार्फत् ध्वनि र प्रतिध्वनिको सांगीतिक प्रवाहद्वारा काव्य सन्देश दिने स्रष्टा’का रूपमा पुरस्कृत गर्ने निर्णय गरेको थियो। सशक्त कृतिहरूको रचना गर्ने महान स्रष्टा ५८ वर्षीय जेलिनेक भने स्वयम् शारीरिकरूपमा असक्त छिन् ।

जेलिनेकको कलमले फासिवाद र नाजिवादलाई छोड्दैन । जेलिनेकको कलमले पूँजीवादलाई छोड्दैन । जेलिनेकको कलमले जातीय असहिष्णुतालाई छोड्दैन। जेलिनेकको कलमले अति दक्षिणपन्थीलाई छोड्दैन। जेलिनेकको कलमले महिला स्वाभिमानको लुछाई र महिलामाथि हुने यौनजन्य हिंसालाई छोड्दैन। जेलिनेकको कलमले युद्धपिपाशुहरूलाई पनि छोड्दैन। उनको परिचय वामपन्थी व्यक्तित्व मात्र होइन, नारीवादी लेखक पनि हो ।

‘लस्ट’ उपन्यासमा कागज कारखानाको मालिक आफ्नी पत्नीलाई दिनको दुई पटक निर्दयताका साथ संभोग गर्छ। यो उपन्यास यौनिकता, आक्रमण र दुर्व्यवहारको नाङ्गो चित्रण हो र यसले नैतिक असफलताको भण्डाफोर गरेको छ। यसले पाठकहरूको मन-मस्तिष्कलाई राम्रैसँग चिमोट्छ। ‘द पियानो टिचर’ले मानवसम्बन्धमा निहीत निर्दयता र शक्तिको चिरफार गरेको छ र यसले पनि पाठकलाई स्तब्ध बनाउँछ। र, नाटक ‘वम्विल्याण्ड’ले इराकमाथिको आक्रमणमा विरोध जाहेर गरेको छ ।

# पश्चिममा अग्रणी कम्युनिष्ट आन्दोलन

## ’ सूर्य थापा

**प्यू**ठानमा कम्युनिष्ट आन्दोलनको गौरवशाली र समृद्ध इतिहास रहेको छ। करिब पाँच दशकभन्दा लामो अवधि पार गरिसकेको प्यूठानको कम्युनिष्ट आन्दोलनको संगठित इतिहास खोतल्ने हो भने यो राप्ती अञ्चलकै सबभन्दा पुरानो, गतिशील र जेठो आन्दोलन पनि हो। राजनीतिमा हुर्के-बढेका व्यक्तिहरूको सशक्त उपस्थिति छ। मोहनविक्रम सिंह, मोहन वैद्य, लीलामणि पोखरेल र वामदेव गौतम आदि व्यक्तिहरू कम्युनिष्ट आन्दोलनमा क्रियाशील रहेको पाइन्छ ।

संगठित तबरले आन्दोलनको थालनी गर्ने काम प्यूठानमा मोहनविक्रम सिंहले गर्नुभएको इतिहास भेटिन्छ। पहिले आर्य समाज, त्यसपछि नेपाली कांग्रेस र मातृका कोइरालाको राष्ट्रिय प्रजा पार्टी हुँदै मोहनविक्रम सिंह पाल्पाका कमलराज रेग्मीको निकट सम्पर्कमा पुगेपछि उहाँकै सहयोगले प्यूठानमा कम्युनिष्ट पार्टीको विस्तार गर्न अग्रसर हुनुभएको थियो। ०१० साल मंसिरमा पाल्पामा गएर मोहनविक्रम सिंहले कम्युनिष्ट पार्टीसँग सम्पर्क गरेको पाइन्छ ।

मोहनविक्रम सिंह ००९ सालमा जुद्धोदय हाइस्कूलको विद्यार्थी युनियनको अध्यक्ष हुँदा नै विदेशी हस्तक्षेपविरोधी आन्दोलनको सिलसिलामा जेल पर्नुभएको थियो। वास्तवमा उहाँको कम्युनिष्ट पार्टीप्रति त्यही बेलादेखि सकरात्मक धारणा बनेको देखिन्छ सकिन्छ। ०१० साल पुसमा प्यूठानमा नेपाल कम्युनिष्ट पार्टीको जिल्ला संगठन समिति गठन भयो। मोहनविक्रम सिंह सचिव रहनुभएको उक्त

कमिटीका अन्य सदस्यहरूमा खगुलाल गुरूङ, नन्दलाल गुरूङ, सिद्धिमान सिंह, जगतबहादुर जि.सी., श्यामबहादुर गोदार थापा र रूमबहादुर पाण्डे गरी सात जना रहनुभएको थियो ।

कम्युनिष्ट पार्टीको गठनपश्चात् प्यूठानमा नयाँ खालको हलचल र जागरणको लहर चल्यो । कम्युनिष्ट पार्टीले एकदमै नयाँ ढंगले राजनैतिक जागरण र शोषणविरोधी संघर्षको थालनी गऱ्यो । ०१० सालमा भएको नेपाल कम्युनिष्ट पार्टीको पहिलो महाधिवेशनमा प्यूठानबाट कसैले भाग लिएको पाइँदैन, मोहनविक्रम सिंहले भाग लिने तय भएको थियो, तर तत्काल जिल्ला संघर्ष समितिको गठन भएर जनता प्रशिक्षण शिविर चलिरहेको अवस्थामा त्यसलाई छाडेर महाधिवेशनमा जान नमिलेपछि प्रथम महाधिवेशनमा सहभागी हुन नसकेको जानकारी मोहनविक्रमले गराउनुभएको छ ।

०११ सालमा मोहनविक्रम सिंहलाई राजा त्रिभुवनको सल्लाहकार सभामा मनोनीत गरियो । तर अस्वीकार गर्नुभयो । त्यतिखेर देशका विभिन्न भागमा चलेका किसान संघर्षको लहरसँगै प्यूठानमा २०११ फागुनमा नारिकोट किसान आन्दोलन शुरू भयो । त्यसको पृष्ठभूमिमा जनता प्रशिक्षण शिविरले काम गरेको थियो । शिविर विजयनगरको रातामाटामा संचालन भएको थियो । जसमा नेपाल कम्युनिष्ट पार्टीका तत्कालीन केन्द्रीय सदस्य राधाप्रसाद घिमिरे, पाल्पाका कार्यकर्ताहरू जगतबहादुर जोशी, चिनियाँलाल बज्राचार्य आदि प्रशिक्षकका रूपमा उपस्थित हुनुहुन्थ्यो । शिविरमा लगातार क्लासहरू चलाउने, राजनैतिक, भौतिक प्रशिक्षण दिने र आन्दोलनका तयारी कार्यक्रमहरू संचालन गर्ने कामहरू भए । त्यसक्रममा 'प्यूठान-समाचार' बुलेटिन पनि प्रकाशित भएको थियो । पुसमा शुरू भई फागुनमा टुंगिएको शिविर तीन महिनासम्म चलेको थियो । जसमा १ सय २० जना कार्यकर्ता सहभागी थिए ।

नारिकोटको किसान आन्दोलनका दौरानमा मोहनविक्रमसित छ जनालाई गिरफ्तार गरियो । करीब १ सय जना कार्यकर्ताले भूमिगत रूपमा संघर्ष चलाइरहे । पक्राउ परेका व्यक्तिहरूमाथि राजद्रोहको मुद्दा लाग्यो ।

०१३ सालमा नेपाल कम्युनिष्ट पार्टीको प्रथम प्यूठान जिल्ला अधिवेशन खुल्लारूपमा सम्पन्न भयो । अधिवेशनले मोहनविक्रम सिंहलाई नै सचिवमा चयन गऱ्यो । दोस्रो महाधिवेशनमा प्यूठानबाट खगुलाल गुरूङ, सिद्धिमान सिंह, जगतबहादुर जि.सी., रूमबहादुर पाण्डे र मोहनविक्रम सिंहलगायतका प्रतिनिधिहरू सहभागी भए ।

दोस्रो महाधिवेशनबाट मोहनविक्रम नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समितिमा चुनिनुभयो । त्यसअघि उहाँ प्यूठान जिल्लाको सचिव र पश्चिमगण्डक क्षेत्रीय कमिटीको सचिवालय सदस्य हुनुहुन्थ्यो । ०१५ सालको चुनावमा प्यूठानका तीनवटा क्षेत्रमा मोहनविक्रम सिंह, खगुलाल गुरूङ र श्यामबहादुर गोदार थापालाई उम्मेदवार बनाइएको थियो । तर तीनवटै क्षेत्रमा नेपाली कांग्रेसले जित्यो । कम्युनिष्ट पार्टीका उम्मेदवारहरूमध्ये मोहनविक्रमको व्यक्तित्व सबै उम्मेदवारहरूभन्दा अगाडि थियो, तर पार्टीको संगठन बलियो भइसकेको थिएनः प्रायः जसो मतदान गर्ने उमेर नपुगेका कार्यकर्ता चुनावमा कम्युनिष्ट पार्टीको मतदान प्रतिनिधि बस्नुपरेको थियो ।

०१७ सालको प्रतिगमनको विरोधमा प्यूठानमा खासै संघर्ष भएन । मोहनविक्रम बनारसमा रहनुभएका कारण प्यूठानमा त्यसको विरोधमा गतिविधि हुन सकेन । पछि केही दिनका लागि मात्र प्यूठान पुगेर फर्कंदा उहाँ गिरफ्तार हुनुभयो । दरभंगा प्लेनमपछि मोहनविक्रम तेस्रो महाधिवेशनको तयारीमा जुट्नुभयो र त्यसै सिलसिलामा प्यूठानबाट फर्कंदा ०१८ साल पुसमा शक्ति लम्साल र खिमानसिंह गुरूङसहित उहाँ गिरफ्तार हुनुभयो । तेस्रो महाधिवेशनले जेलमा रहनुभएका मोहनविक्रमलाई पोलिटब्यूरोमा चयन गऱ्यो । यो अवधिसम्म प्यूठानको कम्युनिष्ट आन्दोलन एकताबद्ध नै थियो ।

०२० सालसम्म प्यूठानमा एकताबद्ध ढंगले आन्दोलनका कैयौं प्रयत्नहरू भएको पाइन्छ । खुला अवस्था विद्यमान रहेसम्म कम्युनिष्ट पार्टीका केन्द्रीयस्तरका नेताहरूको उपस्थितिमा गतिविधिहरू भइरहेका थिए । प्यूठानमा बाल कम्युनिष्ट पार्टी पनि गठन भयो । ०१३ सालमा गठन भएको १३ सदस्यीय बाल कम्युनिष्ट पार्टीको सचिव खेमराज पण्डित थिए । पण्डित पछि नेकपा बनारस कमिटीको सचिव पनि रहनुभयो । र, पंचायतमा प्रवेश गरेर आन्दोलनविरोधी कित्तामा पुग्नुभयो ।

मोहनविक्रम केन्द्रीय नेतृत्वमा चुनिएपश्चात् प्यूठानमा नारीकोट, तिघ्रा र बाग्दुलालगायतका ठाउँमा गोप्यरूपले पार्टीका जिल्ला अधिवेशनहरू भए तर जिल्ला अधिवेशन र निर्वाचित नेतृत्वको सम्पूर्ण विवरण प्राप्त छैन । मोहनविक्रम जेल पर्नुभएपछि ०२८ सालमा छुट्नुभयो । त्यो अवधिसम्ममा आन्दोलनमा कैयौं व्यक्तिहरूले महत्वपूर्ण भूमिका खेलेका छन् ।

०२५ सालमा पुष्पलालले तेस्रो सम्मेलन गर्नुभयो । उक्त सम्मेलनमा प्यूठानको प्रतिनिधित्व भए-नभएको स्पष्ट खुल्न सकेको छैन । वामदेव गौतम रूपन्देहीबाट सम्मेलनमा सहभागी भई राष्ट्रिय परिषद्मा छानिनुभयो । तेस्रो सम्मेलनको असर प्यूठानसम्म पुगिछाड्यो । प्यूठान जिल्ला कमिटीका एक सदस्य वीरबहादुर सिंह पुष्पलाल समूहको पक्षमा उभिनुभयो । अरूले पुष्पलालको विरोध गरे । यसरी प्यूठानमा पनि मोहनविक्रम र पुष्पलालको पक्षमा दुईथरि समूहको अस्तित्व देखापऱ्यो । ०२६ सालमा बाग्दुलाको ओढारमा पुष्पलाल समूहका पक्षधरहरूको भेला भयो । र, गोविन्दबहादुर के.के., झक्कुप्रसाद पोखरेल, ठाकुर पोखरेल, वीरबहादुर सिंह र शान्ता के.सी. रहनुभएको जिल्ला कमिटी गठन भयो । यो समूह २०३३ सालसम्म क्रियाशील रह्यो । यसको प्रभाव मुख्यतः लुङ भेगमा केन्द्रित थियो । पुष्पलाल समूहमा खेमराज पण्डित वैकल्पिक केन्द्रीय सदस्य रहनुभयो ।

मोहनविक्रम सिंह, मनमोहन अधिकारी आदिको पहलमा गठित केन्द्रीय न्यूक्लियसको असर पनि प्यूठानसम्म पुग्यो । केन्द्रीय न्यूक्लियसमा प्यूठानबाट मोहनविक्रम सिंह र खिमानसिंह गुरूङ रहनुभयो । ०३१ सालमा भएको चौथो महाधिवेशनको अगुवाई स्वयं मोहनविक्रमले गर्नुभयो । विद्यार्थी आन्दोलनमा त्यतिखेर प्यूठानका खड्गबहादुर जि.सी. र गिरीबहादुर के.सी. निकै सक्रिय थिए । तर पञ्चायतको दमनसँगै प्यूठानका कैयौं कार्यकर्ताहरू आन्दोलन छोडेर पञ्चायतमा प्रवेश गर्न पुगे । मोहनविक्रम सिंहकै शब्दमा केन्द्रीय न्यूक्लियस गठन हुनुभन्दा अघि केही पञ्चायतपरस्त व्यक्तिहरूले प्यूठानको पार्टीमा कब्जा जमाउने प्रयत्न गरेका थिए । तर उनीहरूलाई हटाएर जिल्ला पार्टीको पुनर्गठन गरिएको थियो । यतिबेलासम्म झापा विद्रोहको घटनाले मुलुकमा नयाँ तरङ्ग सिर्जना गरेको थियो र देशका सबै छरिएर रहेका कम्युनिष्ट क्रान्तिकारीहरूलाई एउटाको झण्डामुनि गोलबन्द गर्ने क्रम थालनी भइसकेको थियो । खासगरी मोदनाथ प्रश्रितको नेतृत्वमा एक ठूलै समूहले पुष्पलाललाई छाडेपछि प्यूठानमा पनि पुष्पलाल समूहको विघटन जस्तै हुन पुग्यो ।

तीसको दशकमा आइपुग्दा पञ्चायतमा प्रवेश गर्ने र आन्दोलनबाट पलायन हुने क्रममा प्यूठानमा एक समय काम गरिसकेका व्यक्तिहरूको तँछाड-मछाड नै चल्यो । खेमराज पण्डित, सिद्धिमान जी.सी., खड्गबहादुर जी.सी., गिरीबहादुर के.सी., जगतबहादुर जी.सी. र राममणि पोखरेलगायतका थुप्रै व्यक्तिहरू पञ्च बन्न पुगे । प्यूठानमा एक समय डा. केशरजंग रायमाझीको नेतृत्वमा क्रियाशील राजावादी गुटको पनि असर पुगेको थियो । खैराका घमानसिंह बस्नेत त्यसको सचिव भएर दुई वर्ष काम गरे ।

वामदेव पौडेल, दुर्गाबहादुर के.सी. (डी.बी. सिंह) र हरिबहादुर के.सी.ले नेपाल मजदुर किसान संगठनमा काम गर्नुभयो । डी.बी. सिंह उक्त संगठनको केन्द्रीय नेतृत्वमा पनि रहनुभयो । २०३४ साल पुस १२ गते डी.बी. सिंहले खलंगा जेल ब्रेक गरी बाहिर निस्कन सफल

भएको देखिन्छ। जसलाई खलङ्गा जेलब्रेकको रूपमा चर्चा गरेको पाइन्छ। पछि तत्कालीन नेकपा (माले) र उक्त समूहको बीचमा केन्द्रीयस्तरमा एकता भयो र उहाँलाई नेतृत्वबाट हटाइयो ।

नारीकोट किसान संघर्षपश्चात् प्यूठानमा संगठित रूपमा खासै चर्चायोग्य आन्दोलन र संघर्ष भएको पाइँदैन । असंगठितरूपमा ०३३ सालमा सूर्यबहादुर के.सी., रामबहादुर पहाडी, हरिबहादुर के.सी. र डीबी सिंहद्वारा जिशिअ भरतबहादुर सन्जेललाई भ्रष्टाचार गरेको आरोपमा कुटपिट गरियो । घटनापश्चात् डी.बी. सिंह भागे भने अरूले एक-एक वर्ष जेलमा बिताउनुपर्‍यो । पुष्पलाल समूह कमजोर बनेको फाइदा चौथो महाधिवेशनलाई नै भयो । ०३२ सालपछि पुष्पलाल समूह र अरू कसैको पनि संगठितरूपमा काम भएन । चौथो महाधिवेशनको काम भूमिगतरूपमा चलिरह्यो । त्यो पनि विशेषतः मोहनविक्रम, मोहन वैद्य आदिको अगुवाईमा मात्रै टिक्यो । खगुलाल गुरूङसमेत प्रधानपञ्च बन्न पुगे । यस अवधिसम्म प्यूठानको कम्युनिष्ट आन्दोलनमा थुप्रै अगुवाहरूको योगदान रहेको छ । जसमध्ये कविराज शर्मा, विश्वनाथ पाठक, मोहन वैद्य, श्यामबहादुर थापा, शालिकराम भण्डारी, दिनमणि भण्डारी, रामचन्द्र थापा, खड्गबहादुर थापा, दधिराम आचार्य, शान्ता के.सी., शोभबहादुर बस्नेत, दीपक के.सी., लीलामणि पोखरेललगायत उल्लेखित कैयौं व्यक्तिहरूमध्ये कोही आजपर्यन्त आन्दोलनमा सक्रिय रहेको पाइन्छ भने कैयौं पलायन भइसकेका छन् ।

०४३ सालको पञ्चायती चुनावमा वीरबहादुर सिंह शिक्षण पेशा छाडेर उम्मेदवार बन्नुभयो । उहाँलाई जनपक्षीय उम्मेदवार बनाउन खोजियो । तर घोषितरूपमा जनपक्षीय उम्मेदवारको रूपमा प्रस्तुत हुनुभएन । लामो वामपन्थी पृष्ठभूमिका कारण उहाँलाई कतिपयले जनपक्षीय उम्मेदवारको रूपमा चर्चा गरे । ०४४ सालको चुनावमा पनि उहाँ जिल्ला पञ्चायत सभापतिको उम्मेदवार बन्नुभयो । जनआन्दोलनको क्रममा ०४६ साल चैतमा लुङमा तत्कालीन नेकपा (माले) का समर्थकहरूको भेला भई नेकपा (माले) जिल्ला सक्रिय दल गठन भएको जानकारी उक्त भेलामा उपस्थित नेता छविलाल ओलीले गराउनुभएको छ । वीरबहादुर सिंह सचिव रहनुभएको उक्त सक्रिय दलमा गोविन्दबहादुर केके, टीकाराम शर्मा, हरिबहादुर के.सी. र चन्द्रबहादुर थापा मगर सदस्य रहनुभएको थियो ।

०४६ मा बहुदलीय व्यवस्थाको स्थापना भएपछि राजनीतिक पार्टीहरूको सक्रियता बढ्यो । ०४७ साल जेठ १९ गते मोदनाथ प्रश्रित र युवराज ज्ञवालीको उपस्थितिमा वीरबहादुर सिंह सचिव रहनुभएको नेकपा (माले) प्यूठान जिल्ला संगठन कमिटी गठन भयो । विधिवतरूपमा तत्कालीन मालेको राजनैतिक धार अगाडि आयो । स्वर्गद्वारी क्याम्पसमा खुला आमसभा भयो । ०४७ साल पुसमा तत्कालीन माले र मार्क्सवादीको बीचमा एकता भई नेकपा (एमाले) बन्यो । तर प्यूठानमा मार्क्सवादीको पक्षमा कोही पनि थिएन । त्यसैले पूर्व मालेको जिल्ला संगठन कमिटीकै तयारीमा प्रथम प्यूठान जिल्ला अधिवेशन भयो । बहत्तर जना सदस्यमध्ये अठ्तीस जनाको उपस्थितिमा सम्पन्न भएको भनिएको उक्त अधिवेशनको उद्घाटन मेघबहादुर बि.सी.ले गर्नुभयो । अधिवेशनले वीरबहादुर सिंह सचिव र खुमानसिंह बी.सी. उपसचिव रहनुभएको तेह्र सदस्यीय नयाँ जिल्ला कमिटी चयन गर्‍यो ।

०४८ को चुनाव नेकपा (मसाल)ले बहिष्कार गर्‍यो । त्यसको पूर्वसन्ध्यामा डा. बाबुराम भट्टराईको नेतृत्वमा एउटा हिस्सा नेकपा ( मसाल)बाट अलग भयो । बुद्धबहादुर जि.सी. लगायतका मसालका कैयौं जिल्लास्तरीय कार्यकर्ताहरू भट्टराईको पक्षमा लागे । एमालेले क्षेत्र नं. २ मा वीरबहादुर सिंहलाई उम्मेदवार बनायो । तर उहाँ पराजित हुनुभयो । ०४९ सालमा भएको स्थानीय चुनावमा भने मसालले अखिल नेपाल किसान संघको नाममा भाग लियो र जिविस सभापति र उपसभापति पदमा कर्णध्वज के.सी. र रमेशप्रसाद राजभण्डारी निर्वाचित हुनुभयो । जिविसमा मसालको बर्चस्व रह्यो । ०४९ सालमा भएको नेकपा (एमाले)को पाँचौं राष्ट्रिय महाधिवेशनमा वीरबहादुर सिंह, खुमानसिंह बी.सी. र दलबहादुर के.सी. प्रतिनिधिको रूपमा सहभागी हुनुभयो । ०५१ सालमा जिविस उपसभापति रमेशप्रसाद राजभण्डारीलगायतको ठूलो पंक्ति मसालबाट एमालेमा प्रवेश गर्‍यो ।

०५२ सालमा नेकपा (एमाले)को दोस्रो प्यूठान जिल्ला अधिवेशन भयो । स्थायी समितिका सदस्य के.पी. शर्मा ओलीले उद्घाटन गर्नुभएको उक्त अधिवेशनबाट वीरबहादुर सिंह सचिव र हरिबहादुर के.सी. उपसचिव चुनिनुभयो । यस अधिवेशनलाई आठौं जिल्ला अधिवेशनको रूपमा उद्घाटन गरिएको थियो । ०५४ सालमा नेपालगञ्जमा भएको नेकपा (एमाले) को छैठौं राष्ट्रिय महाधिवेशनको क्रममा प्यूठानको बहुमत हिस्सा वामदेव गौतमको अगुवाई रहेको अल्पमत पक्षमा लाग्यो । प्रतिनिधि छानिएर गोविन्द केके, तुलसीराम शर्मा, खुमानसिंह वी.सी., दलबहदुर के.सी., मानबहादुर जी.सी. र तुलसा आचार्यले महाधिवेशनमा भाग लिनुभयो । वीरबहादुर सिंहलाई केन्द्रीय कमिटीले प्रतिनिधिमा मनोनीत गर्‍यो । उहाँ केन्द्रीय सल्लाहकार कमिटीको सदस्य छानिनुभयो ।

छैठौं महाधिवेशनपश्चात् वामदेव गौतमको अगुवाईमा छयालीस जना सांसदहरूले एमालेको संसदीय दल विभाजन गरे । त्यसको सबभन्दा बढी असर पर्ने जिल्लामध्ये प्यूठान पनि रह्यो । पार्टीको जिल्ला कार्यालय विभाजनकारीले कब्जा गरे ।

यस अवधिमा भएको जिल्ला विकास समितिको चुनावमा एमाले र मसालको बीचमा तालमेल भई संयुक्त प्यानल बन्यो । जिविस सभापति र उपसभापतिमा बोमबहादुर खत्री (राजमो) र हरिप्रसाद रिजाल (एमाले) निर्वाचित हुनुभयो । विभाजनको असर नपरेको भए प्यूठानमा ०५४ सालको स्थानीय चुनावमा एमाले सबैभन्दा बढी ८ सय ४६ स्थानमा विजय हासिल गरेर जिल्लाको सबभन्दा बलियो राजनीतिक शक्तिको रूपमा स्थापित थियो । ०५५ सालमा संयुक्त जनमोर्चा (भट्टराई)का प्यूठान जिल्ला अध्यक्ष दामोदर पौडेल एमालेमा प्रवेश गर्नुभयो । ०५६ सालमा भएको आमनिर्वाचनमा जिल्लाको दुवै क्षेत्रमा केन्द्रीय तालमेल बमोजिम मसालका उम्मेदवारलाई सघाउने काम भयो । क्षेत्र नं. १ का निम्ति रमेशप्रसाद राजभण्डारीलाई उम्मेदवार घोषित त गरिएको थियो । पछि उहाँको उम्मेदवारी कायम रहेन । तर ०५६ सालमा भएको राष्ट्रियसभाको चुनावमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट वीरबहादुर सिंह निर्वाचित हुनुभयो । तर मसालले उहाँलाई असहयोग गर्‍यो ।

०५६ साल माघ २२ र २३ गते सम्पन्न नेकपा (एमाले) प्यूठानको तेस्रो जिल्ला अधिवेशनको उद्घाटन स्थायी समितिका सदस्य झलनाथ खनालले गर्नुभयो । अधिवेशनले रमेशप्रसाद राजभण्डारी सचिव र धनबहादुर रायमाझी उपसचिव रहेको नयाँ जिल्ला कमिटी चयन गर्‍यो ।

०५८ फागुन ३ गते भएको नेकपा (एमाले) र मालेबीचको एकताले जिल्लामा सकारात्मक सन्देश प्रवाह गर्‍यो । २०५९ माघमा भएको नेकपा (एमाले)को सातौं महाधिवेशनमा रमेशप्रसाद राजभण्डारी, धनबहादुर रायमाझी, टीकाराम शर्मा र शान्ता आचार्य प्रतिनिधि चुनिनुभयो । नेकपा (एमाले) प्यूठानको चौथो जिल्ला अधिवेशन स्थायी कमिटीका सदस्य एवं संगठन विभाग प्रमुख अमृतकुमार बोहराले गर्नुभयो । २०५९ चैत १८-१९ गते भएको अधिवेशनले धनबहादुर रायमाझी सचिव र हरि रिजाल उपसचिव रहेको नयाँ जिल्ला कमिटी चयन गर्‍यो । प्यूठानमा पाँच दशक लामो कम्युनिष्ट आन्दोलन आजको अवस्थासम्म निरन्तर अघि बढिरहेको छ । अनेक आरोह-अवरोह, फूट-विभाजन र एकताको प्रक्रिया हुँदै यो अवस्थासम्म आइपुग्दा विद्यार्थी नेता मित्रमणि आचार्यले चितवनको रामपुरमा नेविसंघको अपराधिक हमलामा आफ्नो अमूल्य जिन्दगी गुमाउनुभयो । २०४६ सालको जनआन्दोलनमा काठमाडौंमा प्यूठान, दाङवाङका विद्यार्थी टंकप्रसाद आचार्यको हत्या भयो ।

हाल जिल्लाको राजनीतिक रंगमचमा एमाले, मसाल र माओवादीजस्ता कम्युनिष्ट पार्टी र समूहहरू क्रियाशील छन्। देशको कम्युनिष्ट आन्दोलनका यो वा त्यो समूहमा महासचिव हुनेहरूमध्ये प्यूठानकै नेताहरूको पंक्ति अग्रणी रहेको छ। अहिले पनि विभिन्न कम्युनिष्ट समूहको नेतृत्व तहमा प्यूठानका सातजना नेताहरू रहेको पाइन्छ।

# माओ त्सेतुङ र उहाँको शिक्षा

## ' रविन्द्र अधिकारी

**ची**नमा भएको महान सामाजिक क्रान्ति चिनियाँ इतिहासमा मात्र होइन, विश्व इतिहासमै दूरगामी महत्व राख्ने महत्वपूर्ण घटना थियो। माओ त्सेतुङ एक महान मार्क्सवादी र एक सर्वहारा क्रान्तिकारी, रणनीतिज्ञ तथा सिद्धान्तकार हुनुहुन्थ्यो। यताका केही वर्षहरूमा विशेषगरी माओको निधनपछि माओ विचारधारा हो कि वाद भन्ने सवालमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत वादविवाद चलिरहेको छ। नेपालमा पनि नेकपा( माओवादी) ले माओ विचारधारालाई "माओवाद" भन्दै आइरहेको छ। यस्तो अवस्थामा माओका विचारहरूलाई अध्ययन गर्ने र उहाँको शिक्षालाई ठीक ढंगले ग्रहण गर्नु आवश्यक छ।

सन् १९२० को दशकको आखिरी र १९३० को दशकको शुरूमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र चिनियाँ कम्युनिष्ट पार्टीमा मार्क्सवादलाई जडसूत्र र कमिन्टर्नका फैसलाहरू एवं सोभियत संघका अनुभवलाई देववाक्य समान मान्ने प्रवृत्ति फैलियो र यस प्रवृत्तिले चिनियाँ क्रान्तिलाई पूर्ण असफलताको किनारसम्म पुऱ्यायो। कोमिङताङसँग मिलेर चलाइएको उत्तरी अभियान काल (१९२४-२७) मा च्याङकाइसेकद्वारा नियन्त्रण गरिएको कोमिङताङले साम्राज्यवादीसँग मिलेर क्रान्तिकारीहरूको आमहत्या गऱ्यो। चि.क.पा.भित्र रहेको चेन-तु-स्यूको दक्षिणपन्थी समर्पणको कारणले गर्दा क्रान्तिले अति दुभार्ग्यपूर्ण हार बेहोर्नुपऱ्यो। ६० हजार भन्दा बढी भएको पार्टीको कुल सदस्य संख्या घटेर १ हजार जति हुनगयो। त्यस्तैगरी कृषि क्रान्तिकारी युद्ध (१९२७-३७) कालमा माओत्सेतुङ र चुतेहको प्रत्यक्ष नेतृत्वमा लालसेनाको पहिलो मोर्चा फौज र केन्द्रीय क्रान्तिकारी आधार क्षेत्रले सबभन्दा महत्वपूर्ण भूमिका खेले। कोमिङताङका सैनिकहरूद्वारा चलाइएको घेरा हाल्ने र नष्ट पार्ने अभियानहरूलाई परास्त गरे। तर त्यतिबेला पार्टीभित्र रहेको वाङमिङको उग्रवामपन्थी दुस्साहसवादी नेतृत्वको कारणले कोमिङताङको पाचौं घेरा हाल्ने र नष्ट पार्ने अभियानको विरूद्ध संघर्ष असफल भयो। फलस्वरूप पहिलो मोर्चा फौजले बाध्य भएर लम्बे अभियान शुरू गऱ्यो र दोस्रो र चौथो मोर्चा फौजहरूले पनि लामो अभियान शुरू गरे। र, एक एक गरी उत्तरी सेन्सीमा पुगे। वाङमिङको उग्रवामपन्थी गल्तीले गर्दा क्रान्तिकारी शक्तिहरूको ठूलो क्षति भयो। लालसेनाका २ लाख सैनिकहरू घेरेर ३० हजार र क.पा.को सदस्यता ३ लाखबाट घटेर ४० हजारमात्र बाँकी रहे। लामो अभियानकै दौरानमा १९३५ मा पार्टी केन्द्रीय कमिटीको पोलिटव्युरो बैठकले लालसेना र केन्द्रीय कमिटीमा माओत्सेतुङको नेतृत्वलाई स्थापित गऱ्यो। यसरी विदेशी नक्कल तथा उग्रवामपन्थी र दक्षिणपन्थी गलत प्रवृत्तिको विरोध गर्ने र यस सम्बन्धमा ऐतिहासिक अनुभवहरूको गम्भीर निचोड निकाल्ने सिलसिलामा चीनमा माओत्सेतुङ विचारधाराको उत्पत्ति र विकास भयो। मुक्तियुद्धको बेलामा र जनगणतन्त्र चीनको स्थापनापछि यसको अझ विकास भयो। माओत्सेतुङ विचारधारा चीनमा लागु र विकास गरिएको मार्क्सवाद हो र चिनियाँ क्रान्तिको व्यवहारमा सही सावित भएको सही सिद्धान्तहरूको समूह र अनुभवहरूको निचोड हो।

चिनियाँ क्रान्तिमा मार्क्सवाद लेनिनवादलाई क.माओले कुन कुन क्षेत्रमा विकास गर्नुभयो भन्ने सवाल नै उहाँको शिक्षा हो, उहाँको शिक्षालाई नेपाली कम्युनिष्ट आन्दोलनले जडसूत्रको रूपमा होइन, सृजनात्मक ढंगले ग्रहण गर्न सक्नुपर्दछ। यदि माओले रसियाली क्रान्तिका सूत्र र अनुभवलाई नै जडसूत्रको रूपमा लिएको भए चिनियाँ क्रान्ति यतिबेलासम्म कुन अँध्यारोमा छामछुम गरिरहेको हुन्थ्यो भन्न सकिन्न।

अर्धसामन्ती र अर्ध औपनिवेशिक अवस्थामा रहेका मुलुकहरूका लागि उहाँले दिनुभएका शिक्षा अझ महत्वपूर्ण छन्। उहाँले दिएका शिक्षालाई चिनियाँ क.पा.ले माओत्सेतुङ विचारधाराको रूपमा आत्मसात गरेको छ। हाम्रो पार्टी नेकपा(एमाले) क्रान्तीका लागि चिनियाँ क्रान्तिका अनुभव र माओका विचारहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् भन्ने ठान्दछ। मार्क्सवाद-लेनिनवाद भनिसकेपछि माओत्सेतुङ विचारधारा भनिरहनु आवश्यकता छैन। किनभने माओत्सेतुङ विचारधारा नै मार्क्सवाद-लेनिनवादको मार्गनिर्देशनमा तयार भएको विचार र सिद्धान्त हो। माओका शिक्षाहरूलाई निम्नानुसार सूत्रीकृत गर्न सकिन्छः

**१) दर्शनका सम्बन्धमा**

द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी दर्शनको प्रकाशमा माओले एउटा अर्धसामन्ती र अर्ध औपनिवेशिक देशमा देखापरेको जटिलतालाई हल गर्दै उक्त दर्शनको व्याख्या गर्नुभयो। यस्ता देशहरूमा क्रान्तिको एउटामात्र शत्रु हुँदैन। धेरै किसिमका शत्रुहरू र तिनीहरूबीच अन्तरविरोधहरूको जटिलता हुन्छ। धेरै अन्तरविरोधमध्येको सबैभन्दा प्रमुख अन्तरविरोधलाई समाएर हल गर्न एउटा क्रान्तिकारी पार्टीले अगुवाई गर्नुपर्छ। अन्तरविरोधहरूको विशिष्टताको अध्ययन गर्दै भिन्दाभिन्दै स्वभावका अन्तरविरोधहरूको भिन्नाभिन्नै ढंगबाट समाधान गर्नुपर्छ। प्रधान अन्तरविरोध र गौण अन्तरविरोध, मित्रतापूर्ण र शत्रुतापूर्ण अन्तरविरोध, आन्तरिक र बाह्य अन्तरविरोध आदिको व्याख्याले हामीलाई पनि गोरेटो प्रदान गरेको छ। उहाँले किताब पूजाको विरोध गर्दै अनुसन्धान र अध्ययन सबै काममा पहिलो पाइला हो र अनुसन्धान नगरिकन कसैलाई बोल्ने अधिकार छैन भन्नुभयो। सामान्यतया भौतिक तत्वबाट चेतनामा अनि फेरि भौतिक तत्वमा अर्थात् व्यवहारबाट ज्ञानमा र अनि फेरि व्यवहारमा जाने सिलसिला धेरै पटक दोहोरिएपछि मात्र सही ज्ञानमा पुग्न र त्यसको विकास गर्न सकिन्छ।

हरेक देशमा क्रान्तिका अगुवाहरू जस्तै कोरियाका किम इल सुङ, जिम्बाबेका रोवर्ट मुगाबे, निकारागुवाका आर्टेगा आदिले आ-आफ्ना देशका क्रान्तिमा देखापरेका जटिलताको द्वन्द्वात्मक भौतिकवादमै आधारित भएर दार्शनिक व्याख्या गरेका छन् । हामीले पनि आफ्नै देशका नयाँ समस्याहरूसँग जुझ्दा प्राप्त अनुभवलाई यही दशर्नको प्रकाशमा सामान्यीकरण गरेर यो दर्शनलाई व्याख्या र विकास गर्ने प्रयत्न गर्नुपर्छ । जनताका प्रतिनिधिले बनाएको संविधान र संसद त्यतिबेला चीनमा थिएन तर नेपालमा कम्युनिष्टहरूको अगुवाईमा नै त्यो चीज प्राप्त भएको छ भने त्यससँग निरपेक्ष संघर्ष गर्ने नीतिलाई नेपाली माओवादीहरूले कुन दार्शनिक भूमिमा अपनाएका छन् जस्ता सवालहरूको खोजी गरिनुपर्छ ।

**२) आत्मनिर्भरता र स्वतन्त्रताका सम्बन्धमा**

हरेक देशका कम्युनिष्ट पार्टीहरू आफ्नो देशको क्रान्ति एवं निर्माण कार्यमा मूलतः आफ्नै शक्तिमा भर पर्नुपर्छ र आफ्ना नीति एवं कार्यक्रमहरू मूलतः आफ्नै मौलिकताअनुरूप स्वयं बनाउनुपर्छ भनेर माओले चिनियाँ क्रान्तिको सार निकाल्नुभयो । यसरी आत्मनिर्भर र स्वतन्त्र भएर मात्रै अन्तर्राष्ट्रिय सहयोग जुटाउनुपर्छ भन्ने कुरामा माओको विशेष देन छ । चाहे १९२७ मा च्याङकाइसेकले गद्दारी गर्दा होस् वा पछिका समयमा होस्, लामो अभियानताका होस् या मुक्ति अभियानताका होस् माओले आत्मनिर्भर भएर नै आफ्नो शक्तिको ठीक मूल्यांकन गर्नुभयो र क्रान्तिलाई अगाडि बढाउनुभयो ।

**३) पार्टी निर्माणका सम्बन्धमा**

कम्युनिष्ट पार्टी भनेको सर्वहारा वर्गको पार्टी हो । पूँजीवादको विकास भएको देशमा ठूलो संख्यामा आधुनिक सर्वहारा हुने भएकाले त्यस्ता देशमा सर्वहारा मजदुर वर्गको पार्टी र नेतृत्व हुने कुरा त लेनिनवादले व्याख्या गरिसकेको थियो । तर निम्न पूँजीपतिवर्ग जनसंख्याको बहुसंख्यक अंग बनेको र सर्वहारा वर्ग लडाकू तर थोरै शक्तिको रूपमा रहेको मुलुकमा कस्तो पार्टी हुने र कसको नेतृत्व हुने भन्ने पेचिलो सवाल उपस्थित थियो । माओले त्यसलाई समाधान गर्नुभयो ।

पार्टीमा मजदुर र किसानहरूलाई सामेल गर्नुपर्छ । पार्टी सदस्य संगठनात्मक रूपले मात्र होइन विचारधारात्मक रूपले पनि पार्टीमा सम्मिलित हुनुपर्छ । उसले आफ्ना गैर सर्वहारा विचारलाई सुधार्न र त्यसको सट्टामा सर्वहारा विचार ग्रहण गर्न निरन्तररूपमा कोसिस गर्नुपर्छ । उहाँले पार्टीलाई सर्वहारा गुणले युक्त पार्न गलत चिन्तनको खण्डन गर्नुभयो । सिद्धान्तलाई व्यवहारसित गाँस्ने जनतासित घनिष्ट सम्बन्ध बनाउने, आत्मालोचनाको प्रयोग गर्ने कार्यशैली अपनाउनुपर्छ । भित्री पार्टी संघर्षमा एक समय अपनाइएको निर्मम संघर्ष र कठोर मुक्काको गलत उग्रवामपन्थी नीतिको विरूद्धमा माओले "भविष्यमा गल्तीहरू हटाउन बितेका गल्तीहरूबाट सिक्ने" नीति अपनाउनुभयो र भित्री पार्टी संघर्षमा विचारधारात्मक प्रष्टता र कमरेडहरूमाझ एकताको उद्देश्य हासिल गर्नुपर्ने खाँचोमा बल दिनुभयो । हामी विनम्र र विवेकी हुनुपर्छ, हठीपना र उत्ताउलोपनाबाट बच्नुपर्छ । आफ्नो कार्यशैलीमा सादा जीवन र कठोर संघर्षको पालना गर्नुपर्छ र हामीले पूँजीवादी विचारहरूको हानिकारक प्रभावको विरूद्ध सतर्क हुनुपर्छ र नोकरशाहीको विरोध गर्नुपर्छ किनभने यसले हामीलाई जनताबाट अलग्याउने छ ।

यसरी माओले क्रान्तिको मुख्य शक्ति किसान तर अगुवा सर्वहारा वर्ग हुनुपर्ने अप्ठेरो स्थितिमा पार्टी निर्माण गर्ने लेनिनवादी शैलीलाई विकास गर्नुभयो ।

**४. लडाइँको तरिका सम्बन्धमा**

सोभियत संघमा समाजवादी क्रान्ति मजदुर सिपाही, विद्राहीद्वारा सम्पन्न भयो । तर चीनजस्तो विशाल अर्धसामान्ती, अर्ध औपनिवेशिक देश, केन्द्रीय सत्ता कमजोर भएको स्थिति, युद्ध सरदारहरूको दवदवा, यातायातको विकास नभएको यस्तो देशमा कस्तो किसिमको लडाइँले सर्वहारा वर्गको सत्ता हत्याउन सक्छ भन्ने बाटो माओले चीनमा देखाउनुभएको छ । माओले आफ्नो देशका विगतका लडाइँ र किसान आन्दोलनहरू आदिका इतिहासको सार खिच्नुभयो र आफ्नो माटो सुहाउँदो लडाइँका तरिकाहरू विकास गर्नुभयो । लडाइँलाई दीर्घकालीन रूप दिने, शत्रु अगाडि बढ्दा आफू पछाडि हट्ने, शत्रु थकाई मार्न बस्दा उसलाई थकाउने, शत्रु भाग्न थालेपछि लखेट्ने, गाउँले शहरलाई घेर्ने जस्ता गुरिल्ला युद्धका तरिकाहरू निकाल्नुभयो । हामीले हाम्रो देशअनुकूल लडाइँका तरिकाहरू विकास गर्ने माओको पद्धति सिक्नुपर्छ तर हामीकहाँ माओवादीहरूले माओको नक्कल गरिरहेका छन् । आज संसारका सबै देशमा माओले संचालन गरे जस्तै लडाइँका तरिकाहरू उपयुक्त छन् भन्नु र त्यसैको अन्धानुकरण गर्नु कठमूल्लावाद हो । आफ्नै देशअनुकूलका क्रान्ति र निर्माणका बाटाहरू खोज्नु मार्क्सवाद र लेनिनलादकै विकास हो । बदलिएको परिस्थिति, विज्ञान र प्रविधिको विकास, सर्वहारा वर्ग र जनताको चेतनालाई ख्याल नगरी नक्कल गरिएको कुनै पनि देशको क्रान्तिका अनुभवहरू हामीलाई काम लाग्दैनन् ।

**५. समाजवादी, क्रान्ति र समाजवाद निर्माण सम्बन्धमा**

क. माओले नौलो जनवादी क्रान्तिको विजयपछि समाजवादतर्फ संक्रमणको लागि आर्थिक तथा राजनैतिक अवस्थाहरूको आधारमा समाजवादी रूपान्तरणसँगै समाजवादी औद्योगिकीकरणलाई सिद्ध गर्ने बाटो अनुशरण गर्दै उत्पादनका साधनमाथि रहेको निजी मालिकत्वको लागि ठोस नीतिहरू अगाडि सार्नुभयो ।

विदेशी मूलुकको अनुभवलाई यान्त्रिक ढंगबाट लागु नगरी कृषिलाई अर्थतन्त्रको जगको रूपमा लिएर एकातिर भारी उद्योग र अर्कोतिर कृषि तथा हल्का उद्योगमाझको सम्बन्धलाई सही ढंगबाट संचालन गरेर पछिल्लोको विकासलाई उचित महत्व दिएर देशको स्थितिसँगको मिल्दो औद्योगिकीकरणको आफ्नै बाटो अपनाउनुपर्छ । ठूलो उद्योग र सानो उद्योग धन्दाबीच बहुसंख्यक र अल्पसंख्यक जातिबीच केन्द्रीय तथा स्थानीय "अधिकारी" बीच, आत्मनिर्भरता र विदेशी मुलुकहरूबाट सिक्ने कुराबीच, संचय तथा उपभोगबीचको सम्बन्धलाई उचित रूपबाट संचालन गर्नुपर्छ । मजदुरहरू आफ्नो उद्योगधन्दाका मालिक हुन्, काडरहरूले शारीरिक श्रममा र मजदुरहरूले व्यवस्थापनमा भाग लिनुपर्छ । असंगत नियम र नियमवालीमा सुधार गरिनुपर्छ र प्राविधिक कार्यकर्ता मजदुर र काडरबीचको मेललाई व्यवहारमा उतार्नुपर्छ । सम्पूर्ण जनतालाई एकताबद्ध पार्न एउटा शक्तिशाली

समाजवादी मुलुकको निर्माण गर्नका लागि सारा सकारात्मक तत्वलाई सक्रिय र नकारात्मक तत्वहरूलाई सकारात्मक तत्वहरूमा फेर्नुपर्छ ।

समाजवाद निर्माणका प्रारम्भिक वर्षहरू माओले मार्क्सवाद लेनिनवादअनुरूप नै सही नीति अगाडि सारे पनि सोभियत संघमा खुश्चोव सत्तामा आएपछि दुवै देशका पार्टीहरूको बीचमा मतभेदहरू बढेर गएपछि सम्बन्ध पनि टुट्न गयो । फलस्वरूप माओले सोभियत संघमा पूँजीवादको पुनर्स्थापना हुन नदिन वर्ग संघर्षलाई मुख्य कडीको रूपमा लिने प्रस्ताव अगाडि सार्नुभयो । खुसश्चोवले ल्याएका दक्षिणपन्थी विचारसँग जुध्दा माओले उग्रवामपन्थी गल्ती गर्नुभयो । संसारभरका कम्युनिष्ट पार्टीमा विद्रोह मच्चाएर क्रान्तिकारी पार्टीमा विभाजन शुरू भयो । यही नीतिअनुसार चीनमा सांस्कृतिक क्रान्ति शुरू भयो । जसमा पुराना हजारौं कार्यकर्ताहरू सताइए, मारिए ।

यसरी माओले अगाडि सार्नुभएका मान्यताहरू कतिपय चिनियाँ भूमिमा सत्य सावित भएका छन्, कतिपय अर्धसामन्ती र अर्धऔपनिवेशिक देशका लागि गोरेटो बनेका छन् भने कतिपय गलत नै सावित भइसकेका छन् । सारमा भन्दा उहाँले विल्कुल मौलिक दर्शन र सिद्धान्त पेश गर्नुभएको होइन कि मार्क्सवाद लेनिनवादकै व्याख्या गर्नुभएको हो । त्यसलाई नै समृद्ध बनाउनु भएको हो । यस्तो व्याख्या र प्रयोग हरेक देशका कम्युनिष्ट क्रान्तिहरूले आफ्नो देशको परिस्थिति अनुसार गर्नुपर्छ र मार्क्सवाद-लेनिनवादलाई अझै विकसित पार्दै लानुपर्छ । यो नै क. माओबाट नेपाली कम्युनिष्ट आन्दोलनले लिने शिक्षा हो ।

# महिलाको स्वास्थ्य र मानवअधिकार

**' कमला पराजुली**

“स्वास्थ्य भन्नेबित्तिकै कुनै पनि व्यक्तिमा रोग नभएको स्थिति मात्र नभई ऊ शारीरिक, मानसिक एवं सामाजिक रूपले स्वस्थ हुने स्थिति हो” भनी विश्व स्वास्थ्य संगठनले परिभाषित गरेको छ । त्यसैगरी मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ ले स्वास्थ्यलाई मानवअधिकारको परिभाषामा समेटेको छ, जसमा स्पष्ट उल्लेख छ-

- प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणका लागि जीवनस्तरको अधिकार छ र यस अन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन् र विरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्ति बाहिरको अरू कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।
- मातृकाल वा बाल्यावस्थामा रहेका प्रत्येक मानिसलाई विशेष हेरचाह र सहयोग प्राप्त हुनेछ । विवाहिता र अविवाहिता आमाबाट जन्मेका दुवै बालकले समान समाजिक संरक्षणको उपयोग गर्न पाउनेछन् ।

साथै अन्य मानवअधिकार सम्बन्धी दस्तावेजहरूले पनि स्वास्थ्य आधारभूत मानवअधिकार हो भन्ने कुरालाई परिभाषित गरेका छन् । नेपालले ती विभिन्न मानवअधिकार दस्तावेजहरूमा निशर्त हस्ताक्षर गरी जनताको स्वास्थ्य अधिकारप्रति प्रतिबद्धता जनाइसकेको छ । सो प्रतिबद्धतालाई व्यवहारिकरूपमा कार्यान्वयन गर्न सरकारले नवौं पञ्चवर्षीय योजनामा पहिलो पटक स्वास्थ्य जनताको मानवअधिकार हो भनी आत्मसात गरेको छ ।

तर त्यो स्वास्थ्यको परिभाषा र नीतिलाई व्यवहारिकरूपमा कार्यान्वयन गर्ने क्रममा महिलाको पक्ष समेटिन सकिएको छैन । महिला स्वास्थ्य भन्ने वित्तिकै सरकारी आँखाबाट झट्ट हेर्दा मातृशिशु कार्यक्रम भन्ने बुझिन्छ । स्वस्थ रहन पाउनु हरेक मानिसको मानवअधिकार हो महिला या पुरूष दुवै स्वस्थ हुनुपर्छ । तर त्यति भएर पनि हाम्रो जस्तो पुरूष प्रधान समाज, जहाँ छोरा पाउने आसामा अझ पनि एउटी आमाले आधा दर्जन सन्तान जन्माउनुपर्ने बाध्यता छँदैछ, छोरो नजन्मिएको कारण लोग्नले अर्को विवाह गर्ने मानसिकता छँदैछ र रोगी श्रीमती भई भनेर उसको उपचार गर्ने खर्चले बरू अर्की विवाह गर्ने र पहिलीलाई हेला-होचो गर्ने चलन पनि छँदैछ । यस्तो सामाजिक परिवेशमा महिलाको मानवअधिकारको खोजी गर्ने क्रममा महिला स्वास्थ्यलाई बढी महत्व दिनु सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

पुरूषको तुलनामा महिलाको स्वास्थ्य अवस्था कमजोर र बिग्रँदो भएको कुरा हामीले आफ्नै घर-परिवारदेखि अस्पतालसम्मको अध्ययनबाट प्राप्त गर्न सक्छौं । महिलाको अस्वस्थता, विमार र रोग सामान्यतः परिवारका अन्य समस्याको तुलनामा प्राथमिकताको विषयभित्र पर्दैनन् । सहन सक्ने अवस्थासम्म सहने र टाल-टुल गर्ने, सारै नसक्ने भएपछि मात्र अभिव्यक्त हुने हुन्छ । त्यतिखेर पनि उपचारको निमित्त आर्थिक समस्या, समयको तालमेल र पारिवारिक समस्याले आलटाल भइरहेको हुन्छ र जव निक्कै गम्भीर हुने अवस्था हुन्छ, थलै पर्ने, नियमित कार्य गर्न नसक्ने अवस्था हुन्छ, त्यसपछि हतार-हतार डाक्टर, औषधी र उपचारको खोजी हुन्छ । तर त्यतिखेर एउटा परिवारकी महिलाको त्यो अवस्थाले परिवारको सबै संरचना र नियमित कार्य नै पक्षघातको अवस्थामा पुगिसकेको हुन्छ ।

महिलाको स्वास्थ्य भनेको मातृशिशु अथवा आमा र बच्चाको स्वास्थ्य या प्रजनन अवस्थाका महिलाको स्वास्थ्य भनेर संकुचित परिभाषा गरिएको छ । श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयले उपलब्ध गराउने सेवा र सुविधाको लक्षित समुदाय पनि त्यसैगरी निर्धारण गरिएको छ । तर महिला भन्नाले किशोरी, युवती, अविवाहित महिला, प्रौढ महिला (महिनाबारीको चक्र रोकिएको अवस्थाका महिला) समेतलाई बुझ्नुपर्छ र सबै समुदायका महिलाका समस्याहरू त्यहाँभित्र समेटिनुपर्छ । महिलाका समस्याहरू लैङ्गिक कारणले भिन्न छन् र विशेष किसिमका छन् । त्यसै कारण महिलाको स्वास्थ्यलाई विशेष किसिमले महत्व दिन आवश्यक छ । सामान्यतः मानिसलाई लाग्ने विमारबाट महिला र पुरूष दुवै प्रभावित हुन सक्छन्, दुवैको उपचारका निम्ति

एकै किसिमको प्रणालीबाट सम्भव हुन सक्छ तर महिला भएकै कारण लाग्ने बिमारहरू, त्यसका कारणहरू र उपचारका प्रक्रियाहरू फरक हुन्छन्, जसका लागि विशेष व्यवस्था र नीतिको आवश्यकता हुन्छ ।

अहिले देशमा चलिरहेको सशस्त्र हिंसाको कारणले सबैभन्दा धेरै महिला नै प्रभावित भएका छन् । महिलामाथि शारीरिक हिंसा भएको छ, मानसिक हिंसा भएको छ । परिश्रमको बोझ थपिएको छ, पारिवारिक दायित्व थपिएको छ । आर्थिक अभावका कारण आवश्यक भोजनको समेत अभाव छ । भय र आतंकको कारण सुरक्षित आवासको अभाव छ । साना बालिकादेखि किशोरी, युवतीसम्म यौनशोषण र बलात्कारको शिकार भएका छन् । किशोरी र युवतीहरू जवर्जस्ती यौनव्यवसायमा संलग्न गराइएका छन्, जीवनको असुरक्षाको कारण विस्थापित भएर बेचविखनमा समेत परिरहेका छन् । सबै उमेरका महिला कुनै न कुनै रूपमा हिंसाको शिकार भइरहेका छन् र यसको प्रत्यक्ष असर उनीहरूको स्वास्थ्यमा परेको प्रतिकूल असर हो । उनीहरू शारीरिकरूपमा र मानसिक रूपमा रोगी भएका छन् । गर्भवती महिलाहरू हिंसाको आतंकले विस्थापित भएर जंगलमा स्याउला ओछ्याएर रात कटाइरहेका छन् भने सुत्केरी आमाहरू बच्चा जन्मना साथैको शिशुसहित पालमुनी स्याउलाकै ओछ्यानमा दिनरात बिताइरहेका छन् । गाँउघरमा लोग्नेमान्छेहरू बस्ने अवस्था छैन, उनीहरू कि त मारिएका छन् कि त बेपत्ता भएका छन् । घरपरिवारको सबै दायित्व, स-साना नानीहरू र बृद्ध-बृद्धाहरूको रेखदेखको जिम्मेवारी सम्हालेका महिलाहरू आफैं त्यस्तो अवस्थामा छन् भने उनीहरूमा निर्भर भएकाको स्वास्थ्य अवस्था के होला ? मानवअधिकारको विश्वव्यापी घोषणपत्रको धारा-२५ ले उल्लेख गरेको उनीहरूको विशेष हेरचाह र सहयोग पाउने अधिकार त कता छ कता ? अझ उनीहरूमाथिनै थप यौनशोषण, बलात्कार, बेचविखन र एच.आई.भी. पोजेटिभ संक्रमणका समस्याहरू बढिरहेका छन् । त्यतातर्फ कसरी ध्यान पुऱ्याउने र त्यस्ता समूहलाई राज्यले कसरी सेवा र सुरक्षा उपलब्ध गराउने भन्ने पनि चुनौतीको विषय बनेको छ ।

स्वास्थ्य र जीवनको अधिकार पुरूष महिला दुवैको बराबरी हो । सबै नागरिकका लागि राज्यले ध्यान पुऱ्याउनु पर्छ र विशेष नीतिहरू बनाउनुपर्छ । तर त्यति हुँदाहुँदै पनि महिला र पुरूष दुवैलाई लाग्ने एकै प्रकृतिका विमार र रोगहरूबाहेक लैङ्गिक विभेदको कारण या महिला नै भएका कारण महिलाले बेहोर्नुपर्ने विशेष समस्या र रोग विमारहरू भिन्न किसिमका छन् । रक्तअल्पता, समयमा महिनावारी नहुने, महिनावारीमा धेरै पेट दुख्ने, बढी समयसम्म बढी रगत बग्ने, कम्मर दुख्ने, ढाड दुख्ने, मानसिक पीडा हुने, डिप्रेसन हुने, हात-गोडा झमझमाउने, टाउको दुख्ने, रिंगटा लाग्ने, आँखा पोल्ने, छाती पोल्ने, पिसाव पोल्ने, पिसाव चिलाउने, सेतो पानी बग्ने, यौनइच्छा नहुने, पटक-पटक गर्भपतन हुने, गर्भ नरहने, पाठेघर खस्ने, पाठेघरको क्यान्सर हुने, स्तन क्यान्सर हुने, अनिन्द्रा जस्ता अनेकौं विमारहरूले हरेक महिलालाई कुनै न कुनै समय पिरोलिरहेको हुन्छ । ती ग्रामीण महिलाहरू जसले यस्ता विमारको उपयुक्त परामर्श र उपचार पाउने अवस्था छैन, पहिलो कुरा त हाम्रो सामाजिक परिवेश, संस्कार र मूल्य-मान्यताका कारण महिलाहरू सजिलै आफ्ना समस्याहरू जहाँसुकै बताउन सक्दैनन् । निकै अप्ठ्यारो परेर स्वास्थ्य केन्द्रसम्म पुगिहाल्दा पनि गाउँको उपस्वास्थ्य केन्द्रमा त्यस्तो रोग र त्यसको कारण पहिचान गर्नसक्ने स्वास्थ्य कार्यकर्ताको खाँचो छ । त्यसपछि त्यसका लागि उपयुक्त परामर्श र उपचारका लागि उनीहरूलाई आवश्यक तालिम, ज्ञान, साधन र स्रोतको पनि खाँचो छ । त्यहाँभन्दा टाढा गएर आफ्नो रोगको उपचार गराउन ती महिलाको पहुँचले सक्दैन । आर्थिक परनिर्भरता, परिवारिक दबाब, आत्मनिर्णयबाट बञ्चित भएका कारण सहरमा गएर रूपैयाँ खर्च गरेर आफ्नो उपचार गराउन सक्ने अवस्थामा उनीहरू छैनन् । ती ग्रामीण महिलाको समस्या आखिर बढ्दै जान्छ र लाखौं महिलाहरू रोगी भएर बाँच्न विवश हुन्छन् ।

श्री ५ को सरकारले जनस्वास्थ्यका नाममा करोडौं रूपैयाँ बजेट विनियोजन गर्दा पनि महिला स्वास्थ्यलाई महत्व दिएर विशेष नीति र कार्यक्रम बनाउने, सेवालाई सर्वसुलभ बनाउने, स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने अवस्था छैन । गाँउघरमा सुत्केरी सामग्री र सिटामोलसम्म पनि किन्न नसकेर, किन्न नपाएर विचल्ली परिरहेका छन् । यतातर्फ पनि जिम्मेवार पक्षको ध्यान पुग्न सकेको छैन । माथि उल्लेखित सबै उमेरका महिलाका समस्यालाई श्री ५ को सरकारको मातृशिशु कार्यक्रमले समेट्न सक्दैन । प्रवेशिका परीक्षा असफल भएर तीन महिनाको तालिम लिएका ग्रामिण स्वास्थ्य कार्यकर्ता र मासिकाले ती महिलाका अनेकौं स्वास्थ्य समस्याको समाधान गर्न कसरी सकून् ? स्वास्थ्यको अधिकार मानवअधिकार हो र जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउने दायित्व राज्यको हो भन्ने वास्तविकतालाई बुझ्दाबुझ्दै पनि अहिले स्वास्थ्य सेवा गरिब जनताको पहुँचभन्दा धेरै परको कुरा भइसकेको छ । ग्रामीण जनता र गरिब मानिसले निरोगी भएर बाँच्न पाउने अधिकार पनि हराइसकेको छ ।

महिलाहरू सबै कमजोर र निरीह छन् हैन तर समग्रमा धेरै महिलाको अवस्था कमजोर छ पुरूषको तुलनामा । शिक्षा, चेतना, अवसर, साधन, स्रोत त्यसमाथिको पहुँच, शक्ति र प्रतिष्ठा सबै कुराबाट महिला पछाडि भएका कारण महिलाको हैसियत कमजोर छ । त्यसै कारण महिलाहरू शोषित-पीडित छन् । त्यसैले महिलाको यो अवस्थामा सुधार गर्न महिलाको पक्षबाट विशेष योजना, नीति र कार्यक्रमको आवश्यकता महसुस गरिएको छ । भेदभाव र कुसंस्कारको अन्त्यका लागि सबैतिर शिक्षा, चेतना, सकारात्मक चिन्तन र संस्कारको विकास हुनुपर्छ । महिलालाई हेर्ने परम्परागत चिन्तनमा परिवर्तन हुनुपर्छ । महिला विमारी हुनु, रोगी हुनु भनेको उनीहरूमाथिको हेला र दुर्व्यवहारको परिणाम हो भन्ने कुरा सबैले बुझ्नुपर्छ । साथै सामाजिक कार्यकर्ताहरू र राजनैतिक पार्टीका नेता, कार्यकर्ताहरूको धारणा, चिन्तन र व्यवहारमा पनि सुधार हुनुपर्छ । समानताका नाममा निरपेक्ष अङ्को थाप्न मिल्दैन । माथि नै उल्लेख गरिएको छ, महिला भएका कारण पुरूषको भन्दा भिन्न र अप्ठ्यारो परिस्थितिको सामना गरिरहेका महिलाहरूले पुरूषको दाँजोमा आउन नसक्दा उनीहरूलाई होच्याउने र हतोत्साही बनाउने गर्नुहुँदैन । लैङ्गिक समस्या भनेको त्यही हो । त्यो एउटी महिलाको मात्र समस्या हैन, परिवार, समाज राज्यकै समस्या हो । यी समग्र समस्यासँग महिलाको स्वास्थ्य गाँसिएको छ । स्वस्थ महिलाको भविष्यसँग परिवार, समाज र राज्य गाँसिएको छ । त्यसैले महिलाको मानवअधिकारको रक्षा गर्दै महिला स्वास्थ्यप्रति हामी पनि जागरूक र सचेत बनौं ।

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

**गोपीरमण उपाध्याय**

**प्रश्नः १. नेपाली समाजमा कस्ता खालका अन्तर्विरोध छन् ?**

जब अन्तर्विरोधको स्वरूप सार्वभौम हुन्छ भने नेपाली समाजमा पनि अन्तर्विरोध छ। त्यो अन्तर्विरोधको निरूपण ऐतिहासिक भौतिकवादका आधारमा गर्नुपर्छ। यसअनुसार नेपाली समाजको वर्तमान चरित्र भनेको अर्धसामन्ती र अर्ध औपनिवेशिक छ। यस्तो चरित्र भएको समाजको आधारभूत अन्तर्विरोध भनेको सामन्तवाद, नोकरशाही दलाल पूँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादसँगको नेपाली जनता र नेपाल राष्ट्रका बीचको अन्तर्विरोध हो भने प्रधान अन्तर्विरोध सामन्तवर्ग, दलाल नोकरशाही पूँजीपति वर्ग र नेपाली जनताबीचको अन्तर्विरोध हो। यस्ता खालको अन्तर्विरोधको समाधान नयाँखाले पूँजीवादी जनवादी क्रान्तिले गर्न सक्दछ।

**प्रश्नः २. ऐतिहासिक भौतिकवाद के हो ?**

समाजको इतिहासलाई द्वन्दात्मक भौतिकवादी ढंगले हेर्ने बुझ्ने विचार प्रणालीलाई ऐतिहासिक भौतिकवाद भन्दछन्। यसको क्षेत्र भनेको उत्पादन पद्धतिको ऐतिहासिक विवेचनासँग सम्बन्धित छ।

**प्रश्नः ३. उसो भए समाज के हो त ?**

निश्चित प्रकारका उत्पादनका साधन+उत्पादक शक्ति+ र उत्पादन सम्बन्ध अर्थात् उत्पादन पद्धति भएको निश्चित भूभागमा बसोबास गर्ने मानव समुदायलाई समाज भनिन्छ। यो वर्ग-वर्गमा विभाजित हुनुका साथै यो निश्चित प्रकारको संरचनामा आबद्ध भएको हुन्छ।

**प्रश्नः ४. वर्ग र वर्गसंघर्ष भनेको के हो ?**

उत्पादनका साधनहरूमा रहेको स्वामित्व र उत्पादन सम्बन्धमा रहेको भूमिकाका आधारमा निर्माण भएको निश्चित प्रकारको आर्थिक जीवन भएका मानव समुदायलाई वर्ग भनिन्छ। यस हिसाबले समाज मुख्यरूपमा २ वर्गमा विभाजित हुन्छ। एउटा शोषक शासक वर्ग अर्को शोषित शासित वर्ग।

माथिल्लो वर्गका पनि अनेकौं वर्गस्तरहरू हुन्छन्। तल्लो वर्गमा पनि अनेकौं स्तरहरू हुन्छन्। यिनै वर्गको आपसी स्वार्थका निम्ति हुने संघर्षलाई वर्गसंघर्ष भनिन्छ। यो आर्थिक, राजनैतिक, सामाजिक, वैचारिक एवं सांस्कृतिक आदि हरेक क्षेत्रको संघर्षबाट अभिव्यक्त हुन्छ।

**प्रश्नः ५. समाजको आधार र अधिरचना कस्तो हुन्छ ?**

समाजको मुख्य आधार भनेको सामाजिक, आर्थिक प्रणाली जुन कुरा उत्पादनका साधन उत्पादक शक्ति र उत्पादन सम्बन्ध अर्थात् उत्पादन पद्धतिका आधारमा निर्माण भएको हुन्छ। यसको अधिरचना भनेको राजनीति, कानुन, विचारधाराहरू, कला संस्कृतिहरू, दर्शन, राज्ययन्त्र, राजनैतिक पार्टीहरू, विभिन्न प्रकारका संगठनहरू, संघ-संस्थाहरू हुन्। जस्तो खालको सामाजिक आधार हुन्छ सोही खालको सामाजिक अधिरचना हुन्छ।

**प्रश्नः ६ समाजको आूल परिवर्तन गर्न क्रान्ति गर्नुपर्दछ भनेको हो ?**

समाजको आमूल परिवर्तन गर्ने क्रान्ति गर्नु भनेको वर्तमान समाजको मूल आधार उत्पादन पद्धति अर्थात् उत्पादनका साधनहरूमा रहेको स्वामित्व, उत्पादक शक्तिको विकास, उत्पादन सम्बन्ध रहेको वर्गीय प्रभुत्वलाई पुरै परिवर्तन गरेर उत्पादक शक्तिका हित अनुकूलको उत्पादन सम्बन्ध कायम गर्नु हो। यसको परिवर्तन भयो भने समाजको उपरीसंरचनामा पनि पुरै परिवर्तन हुन्छ। यो सामाजिक क्रान्तिद्वारा मात्र सम्भव हुन्छ। अथवा उत्पादन पद्तिको परिवर्तन नै सामाजिक परिवर्तनको नाभिक तत्व हो।

# सशस्त्रको प्रतिरोधमा निशस्त्र

## ' विष्णु रिजाल

**ने**पाली भाषाको पहिलो शिलालेख अवस्थित दैलेखको दुल्लूमा कार्तिकको पहिलो साता माओवादी ज्यादतीका विरूद्ध जनता उत्रेपछि त्यसले सिंगो मुलुककै ध्यानाकर्षण गरको छ। स्थानीय महिलाहरूको अगुवाईमा निस्केका विशाल जुलुस र माओवादी ज्यादतीका विरूद्ध उनीहरूमा चुलिएको आक्रोशले जनताको लागि युद्ध लडेको दाबी गर्ने माओवादीको नेतृत्व स्वयंका लागि पनि निधार खुम्च्याउनुपर्ने अवस्था सिर्जना भएको छ। 'जनताको मुक्तिका लागि' लड्नेहरूकै प्रतिरोधमा जनता किन सडकमा उत्रे ? 'सामन्तवादका विरूद्ध विद्रोह गरेका' विद्रोहीहरूकै विरूद्ध जनताले किन विद्रोह गरे ? सशस्त्र हतियारधारीहरूका अनेक खतराको सामु निशस्त्र जनता कसरी प्रतिरोधमा उत्रे ? माओवादीको सम्भावित तारो बनिन्छ भन्ने उनीहरूमा ज्ञान थिएन ? थियो भने के कारण हो, जसले उनीहरूलाई मृत्युको मुखतिर जान बाध्य बनायो ? दुल्लूको घटनाले यी र यस्तै कैयौं प्रश्नहरू खडा गरेको छ।

**किन उत्रे जनता ?**

दैलेख माओवादीको पुरानो संगठन भएको क्षेत्र होइन । ०५७ सम्म पनि दैलेखमा माओवादीको रूपमा अहिलेको 'जिल्ला जनसरकार प्रमुख' थिरबहादुर कार्की, सुर्खेतको लेखफर्सामा मारिएका लालिकाँडा गाविसका सचिव गणेश न्यौपानेलगायत चार, पाँचजनालाई मात्र चिनिन्थ्यो । जाजरकोटबाट गएका मायाराम आचार्यलाई पहिलो 'जनसरकार प्रमुख' घोषणा गर्नुले पनि उनीहरूको संगठनको स्थिति के थियो भन्ने देखाउँछ । ०५७ को चैतमा नौमुलेको इलाका प्रहरी कार्यालयमा आक्रमण गरी माओवादीले ३२ प्रहरीको हत्या गरेपछि मात्रै दैलेखमा माओवादीको चर्चा बढेको हो । नौमुलेमा आक्रमण भएपछि दुल्लू, डुंगेश्वर, नौमुलेलगायतका ठाँउमा रहेका प्रहरी कार्यालयहरू सदरमुकाममा सारेर सरकारले नै माओवादीलाई बाटो खोलिदिएको हो । त्यसपछि अलिअलि देखासिकी, केही रोमाञ्चकता र धेरै बाध्यताका कारण दैलेखमा माओवादी गतिविधि ज्यामितीय गतिमा बढेको हो ।

गाउँमा उनीहरूले सिर्जना गरेको राजनीतिक शुन्यताका मैदानमा जवर्जस्ती उतारेका जनताको उपस्थितिले माओवादीलाई भौतिक र मनोवैज्ञानिक रूपमा बिजेता महसुस गराएको हो । त्यही कारणले संगठन के हो ? यो कसरी निर्माण गर्नुपर्छ ? जनतासँग कसरी व्यवहार गर्नुपर्छ ? राजनीतिको सीमा के हो ? यस्ता प्रश्नहरू न माओवादीको स्थानीय नेतृत्वलाई थाहा भयो न त उनीहरूले त्यसलाई आत्मसात गर्नुपर्ने आवश्यकता नै महसुस गरे । सुख, सुविधा र प्रतिष्ठा पाइने आशामा समाजमा नराम्रो छवि भएकाहरू माओवादीमा लागेका छन् । माओवादीका कतिपय कार्यकर्ता यौनकाण्डहरूमा गन्हाउने गरी मुछिएकामात्र छैनन्, जनताको सम्पत्ति लुटेर, जथाभावी चन्दा असुलेर आफ्नै सहयोद्धाहरूलाई च्यापेर भारततिर लागेका छन् । माओवादीमै लागेकाहरूको पनि जीवनस्तर बदलिएको छ, उनीहरूका परिवारको रहनसहन र चालचलनमा प्रष्टै देख्न सकिने गरी परिवर्तन आएको छ । तिनै अपरिपक्व, अराजनीतिक र राजनीतिक चेतना नभएका, रहर, लहड र बाध्यताले माओवादी बनेकाहरूहरूले जनतामाथि गरेको ज्यादतीले सीमा नाघेपछि जनताको धैर्यको बाँध टुटेको हो ।

माओवादीले दैलेखका २७ जना राजनीतिक कार्यकर्तालाई 'सफाया गर्ने' अराजनीतिक, असभ्य र मानवताविरोधी घोषणा गरेर आफ्नो प्रजातन्त्रविरोधी चरित्र असोजको पहिलो साता उदांगो पारेका थिए । उनीहरूले त्यसअघि नै नेकपा (एमाले) का नेताहरू सूर्यबहादुर शाही, राजबहादुर बुढा, बरूनाथ योगीलगायतलाई अपहरण गरेका थिए । उनीहरूले नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य ओमजंग शाहीलाई तीन महिनादेखि अपहरण गरेका छन् भने नेपाली कांग्रेसका कार्यकर्ता दिलबहादुर राना र प्रजातान्त्रिक कांग्रेसका कार्यकर्ता भद्रबहादुर शाहीको हत्या गरेका छन् । माओवादी ज्यादतीका विरूद्ध जनता प्रतिरोधमा उत्रेको यो त्यही दुल्लू हो, जहाँ भदौ २४ गते माओवादीले जनमोर्चा नेपालका महासचिव नवराज सुवेदीलगायतका कार्यकर्तामाथि आक्रमण गरेका थिए । त्यही घटनापछि माओवादीका विरूद्ध जनमोर्चा देशव्यापी भण्डाफोर अभियानमा जुटेको छ ।

**डब्लूटी आतंक**

साउन-भदौमा माओवादीले चलाएको पूर्णकालीन ( होलटाइमर-डब्लूटी) बनाउने अभियानले जिल्लाभरि नै लालआतंक छायो । पन्ध्र बर्षका किशोर-किशोरीदेखि पैंसट्ठी बर्षका बृद्ध-बृद्धालाई पनि घर छोडेर हिंड्नुपर्ने माओवादीको उर्दीले नागरिकका परिवारमा कोलाहल र आतंक छायो । 'एक घर, एक डब्लूटी' को मूर्खतापूर्ण अभियान अन्ततः माओवादीका लागि नै प्रत्युत्पादक सावित भयो । अझ जवर्जस्ती गठन गरिएका 'गाजस' हरूमा अनिवार्यरूपमा बस्नुपर्ने बाध्यकारी प्रावधानले कुनै दिन आफ्नै लागि खाल्डो खन्ला भन्ने अनुमान शायद माओवादीले गरेका थिएनन् ।

'मानो खाएर मुरी उब्जाउने बर्षाको बेला हामीले रोपाइँ गर्न पाएनौं'- माओवादीले आफ्नो कार्यक्रममा जान जवर्जस्ती गरेको सम्झँदै दुल्लूका एक स्थानीय वासिन्दा भन्छन्-'कति गरेर जुराएको रोपाइँको दिन कार्यक्रममा किन नगएको भनेर उनीहरूले जुवा काटेर गोरू फुकाइदिए ।' उनका अनुसार, बर्षाको समयमा पनि उनीहरूले दिनदिनै किसान, दलित, महिला आदिका कार्यक्रम भनेर किसानहरूलाई खेतिपाती गर्न दिएनन् । 'किसानहरूलाई खेतिपाती गर्न नदिने कसरी किसानको कार्यक्रम हुन्छ भनेर प्रश्न गर्दा उनीहरूले हामीलाई उल्टै धम्क्याए'-वडलम्जीका अर्का किसान भन्छन् ।

पूर्णकालीन (डब्लूटी) बनाउने माओवादीको अभियानले जनता झनै पीडित र आक्रोशित बने । प्रत्येक घरबाट एकजना अनिवार्यरूपमा माओवादीसँग सधैंका लागि हिंड्नुपर्ने उनीहरूको उर्दीले त्यहाँका गाउँ नै शोकाकूल बने । 'रातभरि सुत्न सकिँदैनथ्यो'-सात कक्षामा पढ्ने छोरीलाई माओवादीले 'डब्लूटी' बनाउने घोषणा गरेको सम्झँदै उनकी आमा भन्छिन्-'बरू सानैमा मरेको भए छोरीले यति दुःख पाउनेथिन जस्तो लाग्यो ।' उनीजस्तै आफ्ना छोराछोरीलाई 'बरू सानैमा मरेका भए दुःख पाउँथेनन् होला' भन्ने बाबुआमाको संख्या असाध्यै धेरै छ ।

अन्नपात सकिने मौसममा दिनदिनै माओवादीको ताँती घरमा खाना खान आउँदा जनतालाई झनै धानिनसक्नुभयो । 'दिनभरि लखतरान परेर काम गरेर आयो, राति दश-बाह्र जनालाई खाना पकाउनुपर्थ्यो'-पादुकाकी एक महिला भन्छिन्-'धेरै धान नहुने हाम्रो घरमा पनि उनीहरूलाई भातै चाहिन्थ्यो ।' त्यतिले मात्र नपुगेर अझ मौसमी चन्दाको नाममा पनि माओवादीले चाहेजति धान, मकै, गहुँ उठाएका थिए ।

**दोहोरो मारमा शिक्षक**

गाउँमा माओवादीको मुख्य आर्थिक स्रोत शिक्षक नै हुन् । एक स्रोतका अनुसार, दैलेखमा प्रत्येक चौमासिक निकासा हुँदा शिक्षकबाट माओवादीले १२ लाख लेवी जम्मा गर्छन् । ब्यक्ति हेरी उनीहरूले लेवीको मात्रा फरकफरक तोकेका छन् । तिनै शिक्षकहरूलाई माओवादीको लहडी र अपरिपक्व नेतृत्वले साउनमा पूर्णकालीन बनाउने आत्मघाती नीति सार्वजनिक गऱ्यो । 'डब्लूटी नहुने शिक्षकलाई गाउँबाट निकाला गरिने' माओवादीको आदेशले दैलेखका ४ सय ५० शिक्षक माओवादीका पछि लाग्न बाध्य भए । ती मध्ये ६५ जनालाई उनीहरूले असोजको अन्तिम साता भवानी गाविसको टाकुरीमा आयोजित समारोहबाट 'डब्लूटी' को घोषणा गरे भने बाँकीलाई नौमुले क्षेत्रमा चुनाव गर्न लगाएर फिर्ता पठाए । अहिले प्रशासनले शिक्षकहरूमाथि

निगरानीमात्र बढाएको छैन, जवर्जस्ती लगिएका शिक्षकलाई पनि 'आत्मसमर्पण' गर्न लगाएर आफ्नो काम देखाइरहेको छ । 'हामी दोहोरो मारमा पर्‍यौं'-शिक्षक युनियनका जिल्ला अध्यक्ष कृष्णप्रसाद भट्टराई भन्छन्-'गाउँमा गयो माओवादीको डर, सदरमुकाममा आयो प्रशासनको डर ।' शिक्षाजस्तो सबैका लागि चाहिने क्षेत्रलाई नविथोल्न आग्रह गर्दै द्रोणाचल क्याम्पसका प्रमुख नेमबहादुर शाही भन्छन्-'हाम्रो काम पढाउने हो, हामीलाई पढाउन दिनुपर्छ ।' शिक्षक युनियनको आह्वानमा सुरक्षाको माग गर्दै एक महिनासम्म बन्द भएका स्कूल मंसिरको अन्तिम साता माओवादीले आत्मालोचनासहितको बक्तब्य निकालेपछि खुलेका थिए ।

**महिला नै किन उत्रे ?**

माओवादी ज्यादतीका विरूद्ध दुल्लूका महिला आश्चर्यजनकरूपमा उत्रिएका छन् । यसअघि कहिल्यै त्यो क्षेत्रमा यति धेरै मात्रामा महिला उत्रेका थिएनन् । स्कूले छात्रादेखि बृद्ध गृहिणीसम्म हातमा जे छ, त्यही लिएर उनीहरूले नारा लगाए-'माओवादी ज्यादती चाहिँदैन, जनता मार्न पाइँदैन ।' जनताले माओवादीका सबै आदेशहरू चुपचाप मानेका थिए । त्यसअघि कहिल्यै नजिकैबाट बन्दुक पनि नदेखेका जनताको आवाज माओवादीका बन्दुकका सामु मधुरो हुनु अस्वाभाविक होइन । तर माओवादीले जनताको आवाज नै बन्द भइसकेको ठाने । अनि बाध्य भएर जनता कुर्ले- लौ, हामीलाई मार !

आखिर महिला नै किन प्रतिरोधमा उत्रे त ? यसको पहिलो र सोझो कारण छ- गाउँमा महिला, केटाकेटी र बृद्धहरूमात्रै छन् । माओवादी ज्यादतीको सोझो रूपमा सामना गर्न नसक्ने भएपछि गाउँका सबै युवा भारत पलायन भएका छन् । त्यसैले गाउँघरमा मान्छे मर्‍यो भने मलामी जाने मान्छे पनि पाइँदैनन् । एकातिर गाउँमा पुरूषहरू नहुनुको बाध्यात्मक परिस्थिति थियो भने अर्कोतिर आफ्ना श्रीमान्, छोरा र दाजुभाइहरू माओवादी ज्यादतीको शिकार भएको उनीहरूले आफ्नै आँखाले देखेका थिए । यही भएर ज्यानको बाजी लगाएर उनीहरू माओवादी ज्यादतीका विरूद्ध नाराजुलुस गर्दै सडकमा निस्केका हुन् । 'मर्नुभन्दा बहुलाउनु भलो'- किन यस्तो भयो भन्ने प्रश्नमा एक शिक्षिका भन्छिन्-'यसै पनि मर्ने, उसै पनि मर्ने भन्ने निश्चित भएपछि डरै लाग्दोरहेनछ ।' जवर्जस्ती माओवादीको वडासमितिमा राखिएका दुल्लूका वासिन्दा राजु बज्राचार्य सेनाको गोलीबाट मारिएपछि जनताको रिस माओवादीमाथि पोखिएको थियो । सेनाले 'बम छ' भनेकाले लास उठाउन अनुरोध गर्दा पनि नआएका माओवादी स्थानीय महिलाले आफैं लास उठाएर मसानघाट पुर्‍याएपछि भने पार्टीको झण्डा ओढाउन आएका थिए । त्यहीं आक्रोशित स्थानीय जनताले उनीहरूमाथि हातपात गरेपछि जनता-माओवादी द्वन्द्वको विस्फोट भएको थियो ।

**जनता अघि-सरकार पछि**

दुल्लू विद्रोह राज्यविहीनताको एउटा सूचक थियो । नागरिक दुःखको सागरमा डुब्दा पनि रेडियोमा देखिने र टेलिभिजनमा सुनिने सरकारको ध्यान त्यसप्रति आकर्षित भएन । जब जनता जागे, त्यसको कम्पनले माओवादीमात्रै हल्लेन, सरकारको पनि निद्रा खुल्यो । आफ्नो सुरक्षाका लागि ज्यान हत्केलामा राखेर लामबद्ध भएका जनताको पछाडिबाट लुसुक्क छिरेर सरकारले भन्यो-हामी पनि यतै छौं । कार्तिक ८ गते काठमाडौंबाट दुल्लू पुगेर सरकारका तीन मन्त्रीले जनतालाई सुरक्षा र सेवा दिने आश्वासन दिए । जनताको स्वतस्फूर्त जागरणले हल्लिएको दुल्लूमा सरकार आफैंले दुई बर्षअघि उठाएका सरकारी कार्यालयहरू पुनर्स्थापना गर्ने निर्णय गर्‍यो । त्यहाँ भवानी बक्स गणका सैनिकहरू बसेका छन् डाँडैभरि बंकर खनेर । उनीहरूलाई त्यहाँ बसाल्न पनि जनताले कम्ती कसरत गर्नुपरेको छैन । ३३ परिवारले आफ्नो निजी जग्गा सेनाका नाममा निःशुल्क दिने कागज प्रधानसेनापति प्यारजंग थापालाई उनी मंसिर २८ गते त्यहाँ पुग्दा बुझाएका थिए । अहिले दुल्लूमा दुईलाइन टेलिफोन पुनः जोडिएको छ, इलाका प्रशासन, वन, हुलाक, पशु सेवाजस्ता कार्यालयहरू पुनर्स्थापित गरिएका छन् ।

माओवादीलाई सहज स्थिति सरकारले नै निर्माण गरिदिएको हो । वैशाखदेखि माओवादीले दुल्लू, नेपा, पादुका, नाउलेकटुवाल, गौरी, छिउडीपुसाकोट, गमौडी, रावतकोट, वडलम्जी, भैरिकालिकाथुम, कसापानीजस्ता तुलनात्मरूपमा सुगम गाविसहरूमा माओवादीले दिनहुँ खुल्ला कार्यक्रम गर्दा पनि सरकार कानमा तेल हालेर सुत्यो । त्यसले माओवादीको मनोवलमात्र बढाएन, जनतामा पनि 'अब सरकार भनेकै यिनीहरू नै हुन् कि क्या हो' भन्ने भ्रम पर्‍यो । त्यही कारण माओवादीहरूको निरंकुशताको जाँतोमुनि पिल्सिन उनीहरू बाध्य भए ।

**लाचार माओवादी**

जनताको प्रतिरोधले माओवादीलाई नराम्ररी नंग्याएको छ । स्थानीयमात्र होइन, केन्द्रीय नेतृत्वलाई पनि कस्ता कार्यकर्ता उत्पादन गरिएछ भनेर एकपल्ट फर्केर सोच्ने पाठ यो घटनाले सिकाएको छ । माओवादीको केन्द्रीय नेतृत्वले आफ्नो लाज छोप्न 'स्थानीय स्तरमा देखिएका केही कमजोरीका कारण' सो घटना भएको जनाएको छ । तर स्थानीय कार्यकर्ता भने जनतासँग बदला लिने मनस्थितिमा रहेका देखिन्छन् । उनीहरूले खड्कवाडा, गौरी, कालभैरव, छिउडीपुसाकोटलगायतका गाविसबाट स्थानीय वासिन्दाको अपहरण गरेका छन् भने छिउडीपुसाकोटमा त खड्गबहादुर खड्कामाथि बम प्रहार गरेर हत्या गरेका छन् । माओवादीले आफ्ना कमजोरी र जनविरोधी चरित्र लुकाउन त्यहींका वासिन्दा सेनाका कर्णेल ध्रुवकुमार शाहको उक्साहट र सेना तथा प्रहरीका परिवारको निराशाले घटना भएको बताएका छन् । दुल्लू घटनापछि प्रकाशित एक अन्तर्वार्तामा माओवादीका अध्यक्ष प्रचण्डले शाहको नाम नलिइकन 'सेनाका एक कर्णेलको उक्साहट' मा घटना भएको कच्चा अभिव्यक्ति दिएका छन् । के त्यहाँ उपस्थित नै नभएको ब्यक्तिले त्यति धेरै जनता माओवादीका विरूद्ध उतार्न सक्छ ? यसका साथै स्थानीय राजनीतिक कार्यकर्ता र शिक्षकले जनता भड्काएको आरोप लगाएर उनीहरूले जिल्लाका विभिन्न स्थानमा धम्कीपत्र टाँसेका छन् । यसले के देखाउँछ भने माओवादी पार्टी आफ्ना कमजोरी सुधार्नुको साटो आफ्नो अपराधलाई नै पुष्टि गर्ने कसरतमा छ ।

दुल्लूको घटनापछि त्यो क्षेत्रबाट माओवादीको भागाभाग मच्चिएको छ । उनीहरूले जवर्जस्ती पार्टी कमिटी, गाजस, वजस र जनवर्गीय संगठनहरूमा राखेकाहरूले प्रशासनसमक्ष आत्मसमर्पण गरिसकेका छन् । दुल्लूमा माओवादीका जिल्ला कमिटी सदस्य दर्शन र रिवेल कुटिएपछि भागेका माओवादी माझखण्डका तेह्र गाविसमा फेरि फर्केका छैनन् । घटनाको छानबिन गर्न

माओवादीको पश्चिम केन्द्रीय कमाण्डले न्याय विभागका सदस्य विवेकको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति पनि बनाएको छ। जनताको आक्रोशमा कार्तिक ४ गते माओवादीका भेरी-कर्णाली जनसरकारका प्रमुख खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) पनि परे। उनबाट जनताले १४ लाख ८० हजार नगद र ३ लाख बराबरको सञ्चार उपकरण लुटेको माओवादीका जिल्ला सचिव छविलाल शाही (रणजीत) ले विज्ञप्ति निकालेर सार्वजनिक गरेका छन्।

माओवादीका लागि यो सबैभन्दा बढी पाठ सिक्नुपर्ने घटना हो। अन्यायले सीमा नाघ्यो भने हतियारसामु निहत्था जनता उभिन बाध्य हुन्छन् भन्ने कुराको यो एउटा उदाहरण हो। राजनीतिक चेतनाविना नै रिसइवी साँध्न, लिएको रिन नतिर्न वा कसैलाई देखाइदिन माओवादी भएकाहरूको हातमा रहेको तल्लो स्तरको माओवादीको नेतृत्व कस्तो छ भनेर यो घटनाले माओवादी नेतृत्वलाई ऐना देखाएको छ।

# डायरी च्यातेँ

**वासुदेव अधिकारी**

पोहोर मैले
कोलम्बोमा समुद्र देखेँ
समुद्रको छाल देखेँ
के चाहियो लेकालीलाई ?
म मोहित भएर पानीमा पग्लेँ
अग्लिएँ छालहरूसँग
चूपचाप घोरिएँ गहिराइसँग
मैले समुद्रमा हिमाल देखेँ
अथाह माया देखेँ
पाब्लोका कविता देखेँ
चुम्बनको मीठो प्रतिबिम्ब देखेँ

मैले समुद्र देखेँ
मैले छालहरू देखेँ
मैले छालै छालको डायरी लेखेँ

समुद्र पनि
डायरीको समुद्र पनि
क्या सुन्दर ,क्या मनमोहक ?
क्या मायालु, क्या सम्मोहक ?
मायै मायाको पानी
हितै हितको खानी

एक जूनको बिहान
जब एशियाली पृथ्वी हल्लियो
समुद्र बुसभन्दा चर्को रिसायो
ऊ आगो भएर उठ्यो
जेट भएर कुद्यो
सुनामीको नाममा
उसले ठूलो गर्जन गऱ्यो
बस्ती गयो
फनक्क रेखी हाल्यो
र मृत्यु बर्षा गऱ्यो
ऊ प्रलय भयो
किनाराका हजारौँहजार अँगालो बगायो

लाखौँलाख चुम्बन बगायो
बस्ती बगायो
बंश बगायो
र बित्यासको गीत गायो

हिमालको काखबाट मैले
छालको अँगालोमा बेरिएको जीवन हेरिरहेँ
पलभरमै तिनको मृत्यु रूपान्तरण हेरिरहेँ
चिताउनासाथ
पछार्न सकिनँ मैले छाललाई समुद्रमा
बेरिनासाथ छालबाट
आफूतिर थुत्न सकिन मैले मानवलाई
हेरिरहेँ बित्यास
गनिरहेँ लास
झारिरहेँ आँसु

काँडा भएर आयो समुद्र मलाई घोच्न
तूफान भएर आयो छाल मलाई लिन
समुद्रका प्रत्येक छाल सुनामी भयो
समुद्रका प्रत्येक जलकण बदनाम भयो
असह्य भयो
अतिसार भयो
मैले पोहोर लेखेको
सामुद्री डायरी च्यातेँ
डायरीमा उल्लिखित उमंग
भुइँमा झारिदिएँ

*२०६१।९।१६*

# महिला स्वास्थ्यसम्बन्धी अन्तरक्रिया

काठमाडौं । नेकपा (एमाले) केन्द्रीय महिला विभाग र केन्द्रीय स्वास्थ्य विभागको आयोजनामा पुस १८ गते आइतवार काठमाडौंमा महिला स्वास्थ्यसम्बन्धी अन्तरक्रिया सम्पन्न भएको छ ।

पार्टी स्थायी समिति सदस्य तथा महिला विभाग प्रमुख सहाना प्रधानको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा महिला, बालबालिका तथा समाजकल्याणमन्त्री अष्टलक्ष्मी शाक्य, स्वास्थ्यमन्त्री अशोक राई र पार्टीका केन्द्रीय सदस्य एवं स्वास्थ्य विभाग प्रमुख देवराज घिमिरेले बोल्नुभएको थियो । कार्यक्रममा डा. रेणु राजभण्डारीले 'नेपालमा महिला स्वास्थ्यः स्थिति, आवश्यकता तथा सुधारका क्षेत्रहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने डा. शिवशंकर झाले 'नेपालमा महिलाको स्वास्थ्यस्थिति र कार्यक्रम' बारे तथ्याङ्कसहित विचार प्रस्तुत गर्नुभएको थियो ।

स्वास्थ्य मन्त्रालयका सचिव मोहनबहादुर कार्कीले महिला स्वास्थ्यमा सुधार गर्न शिक्षा र चेतनामै जेड दिनुपर्ने कुरा उल्लेख गर्नुभयो । स्त्रीरोग विशेषज्ञहरु डा. सरस्वती पाध्या, डा. कस्तुरी मल्ल, डा. गोपाल खनाल, डा. सोमनाथ अर्याल, डा. भरत प्रधान, लैङ्गिक समानताका लागि मूल प्रवाहीकरण कार्यक्रमकी प्रमुख इन्दु पन्तले अहिले स्वास्थ्य नीतिले महिलाको पक्षमा सेवा उपलब्ध गराउन नसकेको स्वीकार्दै महिलाको स्वास्थ्यलाई मानवअधिकारसँग गाँसेर हेर्नुपर्ने बताउनुभयो ।

# समयका ज्वारभाटा र जुर्मुराएका जिन्दगीहरू

**' जीवेन्द्रदेव गिरी**

अर्घाखाँचीको जलुके-४ लामातालमा वि.सं. २०१६ मा जन्मिएका कवि चन्द्रबहादुर थापा मगरले आफ्नो कर्मथलो प्यूठानको बाङ्गेसाल-२ लाई बनाएको पाइन्छ । त्यहींकै सरस्वती माध्यमिक विद्यालयमा शिक्षणकार्य गर्दै आएका थापा मगरले नेपाली विषय लिएर एम.एड. का साथै साहित्यमा शास्त्री तहको औपचारिक शिक्षा पूरा गरेका छन् । अभिव्यक्ति-स्वतन्त्रताको अभावमा लेखक-कविहरू छटपटाइरहेको त्यस समयमा कवि थापाका लेखनीले जेजति सिर्जना गर्ने र प्रकाशमा ल्याउने चेष्टा गऱ्यो त्यसको ऐतिहासिक महत्व रहेको कुरा निर्विवाद छ ।

कवि चन्द्रबहादुर थापा मगरले दर्शन, राजनीति आदिलाई नै आफ्ना कविताको मूल विषय बनाएका छन् । त्यसैले नेपाली समाजको यथार्थतालाई उत्खनन गर्ने र यसका खराबीलाई उन्मूलन गर्नेतिर उनको कवि उद्यत छ । यहाँका सामाजिक भेदभाव, शोषण-उत्पीडन, अन्धविश्वास, रूढी र जालझेलको अन्त्य गर्न उनी चाहन्छन् । यसक्रममा उनले स्थानीय गाउँवस्ती, खेतखलिहान, बनपाखा, लेखबेंसी र नदीनालाको परिक्रममा गरेका छन् । पञ्चायतकालीन नेपाली समाजको उकुसमुकुस र छटपटीका बीच उनले गाउँबाटै आफ्ना निर्भीक आवाजहरू यी शब्दमा घन्काएका छन् ।

बाहिर पञ्चरङ्गी ऱ्यालीका खेल खेलनेहरू
प्रसारमा उद्घोषण गर्छन्
'वसन्तको वहार जारी छ'
हो विहार गर्नेहरूलाई सधैं तिहार छ
वसन्तलाई भने नेलको उपहार छ

***– थुनिएको बसन्त***

उनले मार्क्सवादलाई आत्मसात् गरेका छन् र अफ्ना आस्थामा अटल छन् । त्यसैले उनी निम्न वर्गको पक्ष लिन्छन् र उच्चवर्गप्रति धारेहात लगाउँछन् । उनी किसान, मजदुर, गरीब, उपेक्षित, नाङ्गा र भोकाका सपनालाई आफ्ना सपना ठान्छन् । त्यसैले त उनी भन्छन्-

मेरो सपना !
ती गरिबहरूको सपना हुन्छ
मेरो सपना !
ती उपेक्षितहरूको सपना हुन्छ
मेरो सपना !
ती विश्वनिर्माणका कर्मीहरूको सपना हुन्छ

***– मेरो सपना***

कवि थापा मगर महिला, कवि, कलाकार आदिका दुःख-पीडाप्रति पनि अत्यन्त संवेदित छन् । उनीहरूले भोगेका यातनामय जिन्दगीका व्यथाहरूलाई उनले जीवन्त रूपमा कवितामा उतारेका छन् । 'देवासुर सङ्ग्राम' का मोदनाथ प्रश्रितले झैं उनले पनि नारीका चुरापोतेलाई कालकोठरीमा छाँद हाल्ने नेल ठानेका छन् र सिन्दूर, लाली तथा पाउडरलाई दासताका प्रतीक ठहऱ्याएका छन् । नारीलाई कमारी, नोकर्नी, रण्डी, पातर्नी आदिका रूपमा गरिएका प्रताडना र पराधीन दासताका सुस्केरा उनका कवितामा सुसेलिएका छन् । यसरी नै कवि-कलाकारका मर्म उनका कविताका मार्मिक हरफ बनेका छन् भन्ने कुराको प्रमाण तलको श्लोक बन्न सक्तछ :-

एउटा मान्छे
गाउँदैछ गीत
रेट्दै छ सारङ्गी-सङ्गीत
सेर्दै छ कतै आफ्नै हकहित

***– खोक्रो सारङ्गीभित्रको मान्छे***

कवि मान्छेहरूको रगत चुस्ने लामखुट्टेबाट जोगाउन नसक्ने झुल च्यातचुत पार्न चाहन्छन् र थोत्रोपुरानो घर भत्काएर नयाँ घर बनाउने खेल केटाकेटीहरूलाई सिकाउन चाहन्छन् । अफ्ना भाइलाई वर्तमान बाध्यता र विवशताको पर्खाल भत्काउने सल्लाह उनै दिन्छन् भने आफ्ना दाजुलाई आफूले अँगालेको क्रान्तिकारी बाटाको महत्व बोध गराउन उनै प्रयास गर्छन् । समस्या समाधानका निम्ति साथीहरूसँग हातेमालो गर्ने अभिलाषा प्रकट गरेका छन् । साथ छाडेर विश्वासघत गर्न खोज्नेलाई पनि जनमार्गतिर डोऱ्याउन उनले सक्तो कोसिस गरेका छन् । उनी उज्यालो भविष्यप्रति आशावादी छन् र सङ्घर्षशील जीवनमा विश्वास गर्छन् । त्यसैले जीवनलाई सङ्घर्षसँग गाँस्ने उनको भावनाको प्रवाह यसरी कविता बन्न पुगेको छ -

कठोरताको सामनाको भगाइमा
साँच्चै जीवन बाउँठिएर मरेको हुन्छ
साँचो जीवन त दुश्मनको ताकतसँग

पौँठेजोरी खेलिरहेको हुन्छ

*- जीवन*

युगचेतनाप्रतिको सजगता, पलायनप्रतिको वितृष्णा, विडम्बनाप्रतिको अट्टहास, बाध्यतामाथि विजय प्राप्त गर्ने सङ्कल्प अनि परिवर्तनका निम्ति मुक्तिमोर्चातिरको यात्रालाई थापा मगरले रोजेका छन्। उनी हाम्रो शिक्षाले मुस्किलमा दिन गुजारिरहेका र मुक्तिका लागि जुर्मुराइरहेका लाखौंलाख भाइबन्धुहरूका माझ हामीलाई पुऱ्याउनुपर्ने धारणा राख्तछन्। बाढीले अन्यायीलाई बगाएको र डढेलाले समाजका दुर्गन्ध र फोहरका कीटाणुहरू डढाएको हेर्ने उनको रहर छ। उनी स्वाभिमानका साथ वर्गवैरीहरूका सामु नझुक्ने प्रतिबद्धता व्यक्त गर्छन् र श्रमजीवीहरूको भाग्य खोस्नेहरूको प्रतिशोध लिइछाड्ने धारणा कवितामा सार्वजनिक गर्छन्। 'बूढो गिद्द', 'कालरात्रीको राक्षस' आदिका रूपमा समाजविरोधी तत्वहरूलाई चित्रित गर्दै परिवर्तनको बिगुल फुक्ने काम पनि उनका कविताले गरेका छन्।

कवि राष्ट्रलाई अत्यन्त माया गर्छन्। यहाँको प्रकृति उनका लागि अत्यन्त प्रिय छ। उनी आफ्ना झिम्रुक र माडी नदी, त्यसका छेउछाउका फाँट अनि त्यहाँ हुने श्रम र सिर्जनाको महिमागान गर्दै कवितामा फुरफुरिएको देख्न सकिन्छ। राष्ट्रलाई काण्डका भासमा गाडेको देखेर उनी अत्यन्त मुर्मुरिएका पाइन्छन् भने राष्ट्रियतामा आघात पुग्दा पनि रिसले रन्थनिएका छन्। त्यसैले त लोकलयात्मक स्वरमा उनी यसरी आफ्नो आक्रोश व्यक्त गर्छन् :-

गण्डकी र कोसी नदी आँसु भुल्भुलाउँछन्
राष्ट्रघाती काम देखी ओठ थर्थराउँछन्

*- यो देशको कुरा*

साम्राज्यवादका विरोधमा पनि कवि थापा मगरले आफ्ना दाँत कटकटाएका छन्। कम्बोडिया, अफगानिस्तान, प्यालेस्टाइन, हिरोसिमा, नागासाकी आदिमा भएका बम-आक्रमणहरूको हरहिसाब उनको कविले राखेको छ। साम्राज्यवादीहरू तेस्रो विश्वयुद्धको थालनी गरेर संसारैबाट आफ्ना विरोधीहरू सखाप पार्ने अभियानमा कसरी जुटेका छन् भन्ने कुरा पनि उनले स्पष्ट रूपमा राखेका छन्।

जातिपातीका पर्खालहरू भत्काउने चाहना उनको 'बिटुलिएको मान्छे' शीर्षकको कवितामा व्यक्त भएको छ। मान्छेको जाति एउटै हो र एकले अर्कालाई तिरस्कार गर्ने कुराको अन्त्य हुनुपर्छ भन्ने कविको विचार छ। उनी आफ्नो यस समताप्रेमी भावलाई तलको पंक्तिमा यसरी कवितामय तुल्याउँछन् :-

मान्छे यौटै मात्र जाति हो
त्यो उठ्नुपर्छ
नयाँ सडक बीचमा
तिरस्कारलाई पछारेर

*- बिटुलिएको मान्छे*

कवि थापा मगर वैज्ञानिक विचार राख्छन् र वैज्ञानिक शब्दहरूसँग खेल्दै सुन्दर श्लोकहरूको रचना गर्ने प्रयत्न गर्छन्। त्यहाँ पनि शोषण, द्वन्द्व र उदीयमान भविष्यको उज्यालो देख्छन् :-

माइक्रोस्कोपबाट नियालेर हेर्दा
लामखुट्टेले टोकेर
क्षुब्ध रक्तकणहरूको गाथा
पराईलाई परास्त गर्ने क्रममा
आउँदै गरेको वीर पुस्ताहरूको वर्तमान देखेँ मैले

*- माइक्रोस्कोपबाट हेर्दा*

बालबालिकाहरूतिर पनि कवि थापा मगरले दृष्टि पुऱ्याएका छन्। उनीहरूको स्याहार-सम्भार, तालिम र शिक्षादीक्षामा उचित ध्यान पुग्नुपर्छ भन्ने उनको चाहना छ। राष्ट्रका कर्णधारहरूका दिमागबाट हाउगुजी हटाउने र ल्यू, वन श्वे र चाङका कथा सुनाएर निडर बनाई ठीक ठाउँमा तारो हान्न सिकाउने उनको उद्देश्य छ। तबै त उनी बालकहरूको पालनपोषणप्रति आफ्ना कवितामा यसरी चासो प्रकट गर्छन् :-

बचाऊँ बालकलाई कुपोषणबाट
बचाऊँ बालकलाई मानव-शोषणबाट
बचाऊँ सृष्टिका यी फूलहरूलाई
बचाऊँ सृजनाका यी हूलहरूलाई

*- सृजनाका हूलहरूलाई*

कथनकला र भाषाशैलीको चमत्कार-प्रदर्शन कविको अभीष्ट होइन। त्यसैले तिनका विशिष्ट रूपहरूको खोजी गर्नेले यहाँ खोजेको कुरा नभेट्न पनि सक्छ। यद्यपि प्रतीक र विम्बका संसारलाई चियाउने प्रयत्न भने यहाँ विभिन्न कविताहरूमा भएको छ। विचारलाई भावनाले घोल्न प्राकृतिक जगत्को पनि कविले यथेष्ट सहारा लिएको पाइन्छ। स्थानीय जनबोलीका शब्दहरूको प्रयोग थापा मगरका कविताको उल्लेख्य पक्ष बनेको छ। झिजिल्यान्त, बया, रिसिनु, बिच्काउनु, कान्नी, मालचरी, चन्नी, निम्मन, छमर्को, भाल्नु, बर्जु, बिटालिनु आदि शब्दहरूले कवितामा स्थानीयपना अभिवृद्धि गरेका छन्। हर बटुवाहरू, ढुक्कता आदि प्रयोगमा कविको व्याकरणप्रतिको असचेतता झल्किन्छ भने कतिपय वर्णविन्यासगत अशुद्धिहरूले पनि कविताहरूमा ठाउँ ओगटेका छन्।

सामान्य कमीकमजोरी रहे पनि असल उद्देश्यका साथ जोखिमलाई अँगालेर देश र जनताका निम्ति विशिष्ट परिवेशमा लेखिएका थापा मगरका कविताहरू स्वागतयोग्य छन्। उनको कवितायात्रा नसुस्ताएर वि.सं. २०३७-२०५० को अवधिको उत्साहलाई नयाँ उचाइमा पुऱ्याउँदै अग्रगतितिर लम्किरहोस् र मध्यपश्चिमाञ्चलको परिवेशलाई छिचोल्दै राष्ट्रव्यापी रूपमा विस्तारित भइरहोस्। उनकै कविताको 'सडक' बनेर त्यसले राष्ट्रका विभिन्न भागका दूरीहरूलाई गाँस्तै मेची-महाकालीलाई नजिक्याइरहोस्!

म ट्रक भरिभरि
पूर्व मेचीका सन्देश र शुभकामनाका भारी ओसार्न सक्छु
म महाकालीका भाषा, सभ्यता र संस्कृतिका
सोली र डोकाहरू पूर्व मेची पुऱ्याउन सक्छु

× ×

मान्छेका भाका र गीतहरू साटिदिन्छु
हिमाल र तराईको फराकलाई
यौटै आँगनमा गाँसिदिन्छु

– ***सडक***

# 'मलाई पार्टी नै मेरो घरजस्तो लाग्छ'

विनोद चौधरीको घरबाट हिँडेर मुलबाटोमा आइपुग्दा पनि मलाई रसाउँदै र ओभाउँदै गरेका कृष्णी चौधरीका आँखाहरूले पछ्याइरहेका थिए। हामी सबैमा एउटा विशादको अनुभूति भएको थियो। त्यही विशाद लिएर अब हामी माओवादीपीडित अर्को घरतिर गइरहेका थियौं। विनोद चौधरीको घरदेखि करिब सात मिनेटपर त्यो घर रहेछ। मूलसडकनजिकको त्यो घरअगाडि अलिकति चउरजस्तो बाँझो जमिन थियो। त्यहाँ दश-बाह्र वर्षका केटाकेटीहरू फुटबल खेलिरहेका थिए। हामी त्यहाँसम्म गाडीमा गयौं। गाडीबाट ओर्लिएपछि हामीसँग गएका स्थानीय मित्रले अघिल्तिरको घर देखाउँदै भन्नुभयो-चक्र डगौराको घर त्यही हो।

सानो तगारोजस्तो छेकवार खोलेर हामी घरको करेसाबाट घरपछिल्तिरको आँगनमा पुग्यौं। मूलघरपछाडि सानो आँगनसँगै बनेको एटउा सानो टहरो थियो। त्यो भान्छाघर रहेछ। आँगनमा पुगेर पल्याकपुलुक हेर्दै थियौं, एउटी तीस-पैंतीस बर्षकी महिला आइपुगिन्। नमस्ते आदानप्रदानपछि परिचय भयो। ती महिलाको नाम रहेछ-पार्वती डगौरा।

एमालेका तर्फबाट सांसद भइसकेका चक्रबहादुर डगौराकी श्रीमती पार्वती डगौराले हामीलाई मेच राखिदिएर बस्न आग्रह गरिन्। बसिसकेपछि सुरेशले हामी आउनुको कारण खुलस्त गऱ्यो। त्यहीबेला एउटा हातमा ठूला जग र गिलास लिएर एउटी किशोरी आइपुगिन्। हातमा पानीको गिलास थमाउँदै उनले अर्को गिलासमा पानी खन्याइन् र अर्कोलाई दिइन्। दुईजनाले पानी खाइसकेपछि ती गिलासहरू पानीले पखालेर बाँकी दुईजनालाई त्यसैगरी पानी खुवाइन् र उनी गइन्। हामी हात-हातमा नोटबुक र कलम लिएर पार्वतीसँग कुरा गर्न थाल्यौं।

"माओवादीहरूसँग तपाईंहरूको रिसइवी केही थियो ?" यस्तै छाँटको एउटा प्रश्न गरिएको थियो। उत्तरमा पार्वतीले भनिन् :

"त्यस्तो नराम्रो त केही थिएन। बाटोघाटोमा हिंड्दा बोलचाल हुन्थ्यो। राम्रै थियो। तर पछि उनीहरू रिसाएका रहेछन्। 'गाउँमा चक्रबहादुर आए, त्यसको मोटरसाइकल जलाइदिन्छौं भन्दारहेछन्। सुरूमा रिस गर्दैनथे। उहाँसँग कुराकानी गर्दा उनीहरू हार्थे। उहाँको अघि पर्दा डराउँथे। पछिचाहिँ 'चुनावमा उठे ठीक पाछौं, माछौं' भन्दारहेछन्।"

'उहाँको हत्या हुनुअगाडि माओवादीहरूसँग केही नराम्रो भएको थियो कि ?' अर्को यस्तै प्रश्न सुरेशले गऱ्यो।

"घटना हुनुभन्दा दश दिनअघि माओवादीहरू 'कानुनी सल्लाह लिन' भनेर आएका थिए। जग्गाको कुरा गरे। त्यतिबेला दुईजना आएका थिए। कुराकानीपछि 'साँझतिर जग्गाको लालपूर्जा लिएर आउँछौं' भनेर गए। साँझमा तिनीहरू आइपुगे। छोरीले चिनी।

उहाँ घरबाहिर  आँगनमा हुनुहुन्थ्यो । तिनीहरूले उहाँलाई 'भित्र जाऊँ' भने । 'केही भए यहीँ भन' भन्नुभयो उहाँले । त्यसपछि तिनीहरूले उहाँसँग बीसहजार चन्दा मागे । उहाँले 'चन्दा-सन्दा म दिन्नँ' भनेर तिनीहरूलाई हप्काइदिनुभयो । अनि उनीहरूले उहाँलाई दुईचोटी पेस्तोल दागे । गोली पड्केन । उहाँले एक्लै तिनीहरूलाई लखेट्दिनुभयो । बाहिर अरू दुई-चारजना  पनि साइकल लिएर आएका रहेछन् । उहाँले चिच्याएर तिनीहरूलाई हप्काएपछि वरिपरि टोलका मानिसहरू पनि आइपुगेका थिए । अनि उहाँ र टोलका सबै मानिसहरू मिलेर तिनीहरूलाई लखेटियो । अनि तिनीहरू सबै साइकल चढेर भागे ।"

पार्वतीले हत्या-प्रकरणको पूर्वकथा सुनाइरहेकी थिइन् । उनकी ठूली छोरी यसो आउँदै-जाँदै गरिरहेकी थिइन् । हामी सबै एकाग्र भएर पार्वतीका बयानहरू टिपिरहेका थियौं ।

"हत्याको दिनका घटनाहरू कसरी सम्झनुहुन्छ ?" सोधियो ।

नहड्बडाइकन शान्त र दृढ मुद्रामा पार्वतीले भनिन् :

"त्यो २०५९ कात्तिक २८ गते साँझको कुरा हो । उहाँ प्रजातान्त्रिक राष्ट्रिय युवासंघको कार्यक्रममा भाग लिएर घर आउनुभएको थियो । छ-सातजना माओवादीहरू घरनेर लुकेर बसेका रहेछन् । भाग्ला भनेर केहीचाहिँ वरिपरि छेकेर पनि बसेका रहेछन् । अकस्मात् उनीहरूले उहाँलाई आक्रमण गरे । उहाँ ऊ १ त्यो पहँलो घरतिर दौडिनुभयो । त्यो नेपालु चौधरीको घर हो । तिनीहरूले उहाँलाई लखेटे । नेपालु चौधरीको घरका मान्छेहरू डरले भान्छामा लुकेछन् । तिनीहरूले उहाँलाई घरभित्रै पसेर गोली हाने । पेस्तोलले काखीमा हानेका रहेछन् । गोली हानिसकेपछि तिनीहरू भागे ।"

"उहाँको घटनास्थलमै मृत्यु भएको हो र ?' मैले सोधेँ ।

"नेपालु चौधरीले उहाँलाई मोटरसाइकलमा राखेर अस्पतालतिर लैजानुभयो । नेपालु चौधरीले मोटरसाइकल हाँक्नुभएको थियो, उहाँलाई बीचमा राखेर पछिल्तिर अर्को मान्छेले समातेको थियो । त्यतिबेलासम्म हामी सबैले सुन्नेगरी उहाँले 'एक्कै पेस्ताले से तो मैं नमरम्' भन्नुभएको थियो । मोटरसाइकलमा उहाँलाई हतार-हतार साँढे छ बजेतिर अस्पतालमा पुऱ्याइयो । म उहाँको पछिपछि नेपालु चौधरीको घरमा काम गर्नेसँग साइकलमा अस्पताल गएँ । अस्पताल पुऱ्याइएको पन्ध्र मिनेटपछि उहाँको मृत्यु भयो ।"

पार्वतीले शान्त मुद्रामा पतिको मृत्युकथा सुनाइन् । अझै त्यस कथासँग जोडिएका कुरूप दृश्यहरू बाँकी थिए । उनी त्यसलाई व्यक्त गर्न थालिन् :

"हाम्रो गाउँको घर बसौटीमा छ । त्यही बसौटीतिरका माओवादीहरू आएका थिए । उहाँलाई आक्रमण गर्नुअघि पहिला बत्ती निभाइदिएका थिए । त्यसपछि उहाँलाई आक्रमण गर्न लाग्दा जेठाजुले रोक्न खोज्नुभयो । अनि तिनीहरूले जेठाजुलाई पनि बेस्सरी पिटे । चक्रजीको दाइ पहिला बसौटीको गाविस अध्यक्ष हुनुहुन्थ्यो । पछि त्यहाँको जग्गा बटैयामा दिएर उहाँ यतै आमासँग बस्न थाल्नुभएको थियो । उहाँलाई पनि बेस्सरी पिटे ।"

खासै ठूलो झगडा नभइकन चक्रजीलाई किन मारे होलान् त ? यस्तो जिज्ञासा हामीभित्र मडारिइरहेको थियो । पार्वतीले त्यस्तो जिज्ञासालाई यसरी जवाफ दिइन् :

"त्यै त भनेको ! मारिहाल्लान् जस्तो लागेकै थिएन । गोलीको आवाज सुन्दा पनि सुरूमा त त्यसै पड्काएका होलान् जस्तो लागेको थियो । मारिहाले । उहाँ थारू समुदायमा लोकप्रिय हुनुहुन्थ्यो, त्यसैले थुप्रै थारूहरू एमालेतिर लागेका थिए । त्यही रिसमा 'यसलाई ठीक पारे थारू समुदाय हामीतिर आउँछ' भनेर मारेका होलान् जस्तो लाग्छ । मेरी माइती फूलबारी हो । बसौटी र फूलबारीतिर एमालेका जम्मै कार्यकर्ताहरू हामीले पानी खुवाएका मान्छे थिए । तिनीहरूलाई चक्रजीले नै राजनीतिक शिक्षा दिनुभएको थियो । पछि तिनीहरू नै 'क्रान्तिकारी' भए र तिनै माओवादी भए । तिनैले उहाँको ज्यान लिए । पछि मलाई पनि धम्क्याएका थिए ।"

"तपाईंलाई के भनेर धम्क्याएका थिए ?" खगेन्द्रदाइको प्रश्न ।

"सांसदकी श्रीमती भनेर फूर्ति गर्छे भने त्यो पनि बच्दिन भनेर धम्क्याएका थिए । तर म डराइनँ । मैले तिनीहरूलाई भन्दिएँ- पिछडिएको थारू समुदायमा जन्मिएको चक्रजीजस्तो व्यक्तिलाई माऱ्यौ । तिमीहरूले अझै सय वर्षसम्म पनि त्यस्तो व्यक्ति पाउँदैनौ ।"

यति भनिसकेपछि उनी हाम्रा निम्ति चिया भन्न गइन् । फर्केर आएपछि हामीले अरू केही प्रश्नहरू गऱ्यौं । उनका दुईटी छोरीहरू रहेछन् । जेठी छोरीको नाम कान्ती चौधरी रहेछ । तिनी एघार वर्षकी रहिछिन् । अहिले ६ कक्षामा पढ्दिरहिछिन् । कान्छी छोरीको नाउँ उषा चौधरी । तिनी आठ वर्षकी भइछिन् र दुई कक्षामा पढ्दिरहिछिन् । घरमा अरू को-को हुनुहुन्छ भनेर सोधियो । जवाफमा पार्वतीले भनिन्: "सासू हुनुहुन्न । ससुरा गाउँमा जानुभएको छ ।"

"तपाईं कति वर्षकी हुनुभयो ?" मैले सोधेँ ।

"म ३० वर्षकी भएँ ।"

"चक्रजीसँग कहिले बिहे भएको ?"

"२०४६ सालमा बिहे भएको हो । बिहे हुनेबित्तिकै कामको सिलसिलामा उहाँ नेपालगञ्ज जानुभयो । श्रीमती धनगढीमा, श्रीमान् नेपालगञ्जमा ।"

"उहाँको राजनीतिक जीवनबारे केही भन्दिनुस् न ।"

"उहाँ २०४९ सालमा एमालेको टिकट पाएर बसौटी गाविसमा वडाध्यक्षमा उठ्नुभयो र जित्नुभयो । पछि २०५१ सालमा कैलालीको तीन नम्बर क्षेत्रबाट टिकट पाएर चुनाव जित्नुभयो । राजनीतिक रूपले उहाँ पार्टीको समर्पित कार्यकर्ता हुनुहुन्थ्यो । उहाँको व्यक्तिगत व्यवहार पनि सबैले राम्रो मानेका थिए ।"

"तपाईंचाहिँ पार्टीमा हुनुहुन्छ कि हुनुहुन्न ?"

"विवाह भएपछि म पनि एमालेको संगठित सदस्य भएँ । अहिले पनि छु । पार्टीले बोलाउँदा पार्टीको काममा जान्छु ।"

"चक्रजीको मृत्युपछि तपाईंको परिवार कसरी चलिरहेको छ ?"

"राजनीतिमा पछि परिहालियो । उहाँले गर्ने बाहिरको काममा बाधा पऱ्यो । कुखुरापालन गरिएको थियो । अहिले पनि छ, तर अहिलेचाहिँ वर्षको ३५ हजारमा ठेक्कामा दिएको छु । केटाकेटी पढाइदिने जिम्मा पार्टीले लिने भएको छ । यस्तै छ ।"

पार्वती सेलाएजस्ती देखिइन् । यतिबेला समय पनि सेलाइरहेको थियो । पर छेउछाउतिर देखिएका घामका टुक्राहरू पहेँला भइसकेका थिए । हावामा गर्मीको गन्ध हराउँदै थियो । घडी हेरेँ, साढे पाँच बजिसकेको रहेछ ।

"तिनीहरूको जनयुद्धले जताबाट पनि महिलालाई नै पछि पारेको, बोझ थपेको जस्तो लाग्छ । उताबाट पनि पुरूषलाई मार्ने, यताबाट पनि पुरूषलाई मार्ने । बाँच्ने महिलाहरू विधवा भएर केटाकेटी पाल्ने, हुर्काउने काममा थिच्चिने ।"

हामीले विनोदकी श्रीमती कृष्णी चौधरीलाई भेटेर आएको कुरा भनेपछि त्यसको प्रतिक्रियास्वरूप पार्वतीबाट ती विचारहरू आएका थिए ।

सुरेशले कुनै एउटा गम्भीर प्रश्न फेरि सोधेको थियो । जवाफमा पार्वतीले भनिन् :

"मार्ने मारिहाले । राजनीति गर्छन् भने चुनावमा जाऊन्, जनताको मन जितेर सरकार बनाऊन् । यदि राजासँग मिलेर सरकार बनाउँछन् भने त्यत्रा मान्छेलाई यसरी किन मारेका ?"

अर्को प्रसँगमा उनले भनिन् :

"त्यै हो, पार्टीलाई (एमालेलाई) धेरै विश्वास गरियो । गल्ती गर्ने अपराधीले सजायँ पाउनुपर्छ । जेलमा परेका माओवादीहरूलाई माफ दिए त्यति आपत्ति छैन ।"

"तपाईं अब के गर्ने विचारमा हुनुहुन्छ ?" खेर जान लागेको समयलाई समात्दै हामीले यस्तो पनि सोध्यौं । उनले सहज ढंगमा भनिन् :

"थारू समुदायमा काम गर्ने विचार छ, पार्टीले सहयोग गर्छ भने राजनीति गर्ने नै विचार छ । ... बिहे भएपछि संगठित सदस्य भए पनि त्योभन्दा अघि नै म एमालेको विचारसँग नजिक थिएँ । मेरा दाइहरू एमालेमा हुनुहुन्थ्यो । उहाँहरूकै प्रभावले म राजनीतिमा पुगेकी हुँ ।"

"अहिले एमालेसित सन्तुष्ट हुनुहुन्छ त ?" फेरि सोधियो ।

"पार्टीले दिन त के दिन सक्थ्यो, सबभन्दा ठूलो कुरा चित्त बुझाइदिने हो । मलाई पार्टी नै मेरो घरजस्तो लाग्छ । घरभन्दा प्यारो घर !"

"बुबाको मृत्युपछि छोरीहरूको अवस्था कस्तो छ ?"

सुरेशले करूणरसको प्रश्न झिकेको थियो । त्यसो त यस घरमा आएदेखि नै हामी करूणरसको परिधिमा थियौं । छोरीहरूको प्रसंग आएपछि यो स्थिति झन् मुखर भएको थियो ।

"बुबा हुनुभएको भए सब कुरो सजिलो हुन्थ्यो, पढाइमा पनि बाधा भयो भन्छे ठूली छोरी । स्कुलका सरहरूले भन्दा राम्रोसँग बाले पढाइदिनुहुन्थ्यो । तिनीहरू मलाई भन्दा बालाई बढ्ता माया गर्थे । त्यसैले कहिलेकाहीँ बालाई सम्झेर रून्छन् । 'म छँदैछु, सबै कुरा पुऱ्याइदिन्छु' भनेर सम्झाउँछु । अनि उनीहरू चित्त बुझाउँछन् ।"

एकछिन अडिएर उनले फेरि भनिन् :

"ठूली छोरी अलि डराउँछे, माओवादी भन्नेबित्तिकै । उसको आँखाकै सामुन्ने त्यस्तो भएकाले त्यस्ती भएकी होला ।"

एकछिन भान्छाघरनिर काम गरिरहेकी छोरीतिर आँखा पुऱ्याएर पार्वतीले भनिन् :

"कसैले 'तेरा बा छैनन्' भन्यो भने 'मेरा दाजुहरू छन्' भनेर जवाफ दिन्छे । जेठाजुका छोराहरूलाई आफ्नै दाजुसरह मान्छे ऊ ।"

"अहिले युद्धविराम र वार्ता चलिरहेको छ, यसबेला माओवादीहरूलाई तपाईं के भन्न चाहनुहुन्छ ?" हामीले सोधेको यो अन्तिम प्रश्न थियो । यस प्रश्नलाई राम्ररी समातेर श्रीमती पार्वती डगौराले भनिन् :

"माओवादीहरू सक्छन् भने चुनावमा जाऊन्, मतले जितून्, बन्दूकले होइन । अहिले वार्ताको निहुँ पारेर राजासँग सम्झौता गरेर कुर्सी हत्याउने पनि होइन ।"

अब हाम्रो कुराकानी सकियो । हामी बसेको ठाउँबाट उठ्यौं । साँझको ६ बजिसकेको थियो । पार्वती डगौरासँग बिदा माग्दै हामीले नमस्कार गऱ्यौं । कुराकानीको अवधिभरि मानसिकरूपले स्पातजस्तो बलियो र एमालेप्रति अत्यन्त प्रतिबद्ध देखिएकी थिइन् उनी । अहिले पनि त्यस्तै दृढ मुद्रामा नमस्कार फर्काएर उनले हामीलाई बिदा गरिन् ।

पार्वती डगौरासँग छुट्टिएर सडकछेउको चउरमा आइपुग्दा केटाकेटीहरू अझै फुटबल खेलिरहेका थिए । हाम्रो गुरूजी राजु खड्का तिनै केटाकेटीहरूसँग मिसिएर बडो रउसले रोबर्टो कार्लोसझैँ बल खेलिरहेको थियो । हामी आइपुग्दा पनि उसले बल छाडेन । रोबर्टो कार्लोसजस्तै दौडेर उसले केटाकेटीहरूको बीचबाट बल हान्यो र करायो -गोऽऽल !

***(गोविन्द वर्तमानको कृति 'सोह्र साँझहरू'बाट)***

# जनताका कलाकार श्याम तमोट

**' विजय सुब्बा**

राराष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपाल नेकपा (एमाले)को सांस्कृतिककर्मीहरूको संस्था हो । देशव्यापीरूपमा सांगाठानिक विस्तार भइसकेको यो संगठनले गतसाल २०६० सालको जनसंस्कृति पुरस्कार वरिष्ठ संगीतकार, गीतकार तथा गायक रामेशलाई दिएर रामेशलाई दिएर सम्मान गरेको थियो । यसपालि २०६१ सालमा चाहिँ सो पुरस्कारले नेपाली प्रगतिशील सांस्कृतिक आन्दोलनका एक अग्रज योद्धा भोजपुरका श्याम तमोटलाई सम्मान गरिएको छ ।

वरिष्ठ नेपाली प्रगतिवादी उपन्यासकार तथा नेकपा (एमाले)का स्थायी समितिका सदस्य प्रदिप नेपालको प्रमुख आतिथ्यमा, राष्ट्रिय जनसांस्कृतिक मञ्चका केन्द्रीय संयोजक जे.बी. टुहुरेको अध्यक्षतामा र साहित्यकार भवानी घिमिरे, बरिष्ठ साहित्यकार एवं नेकपा (एमाले) स्थायी समिति सदस्य मोदनाथ प्रश्रित, प्रगतिवादी समालोचक एवं प्रगतिशील सांस्कृतिक संगठनका अध्यक्ष निनु चापागाईं, प्राज्ञ जीवेन्द्रदेव गिरी, संगीतकार एवं गायक रामेश, लोकतान्त्रिक साहित्यकार संघका संयोजक हरिगोविन्द लुईंटेलको आतिथ्यमा सो पुरस्कार हस्तान्तरण समारोह सम्पन्न भएको थियो । रू. १०,०००।- दश हजार नगद र ताम्रपत्र रहेको सो सम्मानलाई सबै अतिथिहरूले जनसंस्कृतिको क्षेत्रमा राम्रो शुरूवात हो भनेका थिए । २०१० असारमा टक्सार-२, भोजपुरमा जन्मेका सम्मानित व्यक्ति श्याम तमोट (प्रकाश पर्वते) काका हरिकृष्ण तमोटले पसलमा पलेटी कसेर रेडियोका गीतसँगै टाउको हल्लाउँदै घुँडामा हातले ताल दिँदै ओठ चलाएको देख्दा मज्जा मान्दामान्दै, आमाले राति अबेरसम्म भजनमाला गुनगुनाउँदा आनन्दले त्यतिकै निदाउँदा निदाउँदै र स्कूलमा बर्षेनी कृष्णजात्रामा दिदीको घाँघर लगाएर नाच्दानाच्दै गीतसंगीतसँग थाहै नपाई लहसिएछन् । त्यसपछि २०२६/२७ सालतिर रामेश राल्फा र मञ्जुल राल्फाले भोजपुर बजारमा गाएका गीतहरूको प्रभावले उनी झनै गीतसंगीततिर तानिएछन् । श्याम तमोट राल्फाका गीतहरूले त्यसबेला हँसायो, रूवायो र जोश जाँगरले चुप्प बनायो, बनाएको थियो भनी सम्झन्छन् अझै । २०२७ सालमा १० कक्षामा पढ्दाको बेलैदेखि उनी वाम राजनीतितर्फ आकर्षित भएका रहेछन् शायद राल्फालीका प्रगतिशील चेतनायुक्त गीतहरूले नै पनि त्यसो हुनुमा पर्याप्त भूमिका खेलेको हुनुपर्छ । उनले रामेश, मञ्जुल, अरिम, सिरोज आदिको नाम बारम्बार लिएको सुन्दा त्यस्तो लाग्छ ।

मैले पहिलोपल्ट उनलाई ०३५/३६ तिर सानोठिमी क्याम्पसको स्ववियुले राष्ट्रिय सभागृहमा गरेको सांस्कृतिक कार्यक्रममा देखेको हुँ । त्यसबेला उनलाई ठीकै बोल्ने तर परिपक्व भनाइ राख्ने मान्छेको रूपमा देखेको थिएँ । श्यामले २०२७ सालमा एसएलसी पास गरेपछि २०२८/२९ मा धरानको महेन्द्र कलेजमा आई.कम. पढे । २ भाइमध्येका ठूलोचाहिँ छोरा र २ छोरीमध्येका १ दिदी र १ बहिनी भएका श्याम तमोट क्याम्पसमा पनि विद्यार्थी राजनीतिमा सक्रिय नै भए । उनी स्ववियुमा सहसचिव भए र साहित्यिक उपसमितिमा बसे । त्यसबेलाको स्ववियुको मुखपत्र 'छाया'को उनले सम्पादन पनि गरेका थिए । शायद साहित्यिक यात्राको पहिलो खुट्टा उचालाई उनको त्यही थियो होला । उनी आई.कम. सकेपछि भोजपुर फर्के र दावाँको सिद्धेश्वर मा.वि. मा ०३२ सालदेखि पढाउन थाले । २०३२ सालमा शुरू गरेको शिक्षण पेशालाई आफ्ना अग्रज गुरूहरूलाई अत्यन्त सम्मान गर्न जान्ने गरेको उनले अस्ति २०५७ सालमा मात्र हेडसरका रूपमा बिसाएछन् । त्यसबीचमा उनले धेरै काम गरिसकेका थिए । अत्यन्त चर्चित गीत 'गाउँ गाउँबाट उठ' त उनले शिक्षक नहुँदै बनाइसकेकै थिए तर चर्चाको धुरीमा पुगिसकेको थिएन । उनी शिक्षक २०३२ सालमा भए र त्यसबेलाको शिक्षक सुविधाअनुसार २०३५ देखि २०३७ सम्म सानोठिमी क्याम्पसमा बी.एड. पढ्न आएका थिए । हो त्यही बेला उनको 'गाउँ गाउँबाट उठ' गीतले सगरमाथा चढ्न शुरू गर्‍यो । रामेश र मञ्जुलको नेतृत्वमा संकल्प गीति कार्यक्रमहरूमार्फत् त्यो गीत यति प्रचारित भयो कि त्यो गीतले गाउँगाउँ, शहर शहर केही भनेन । वाम विचारमा आस्था राख्नेको जिब्रोमा त झुण्डियो झुण्डियो वाम विचार विरोधीका जीब्रोमा पनि झुण्डियो त्यसबेला । उनीहरू त्यो गीतलाई वामपन्थीहरूमाथि प्रहारको प्रमाण बनाउन कण्ठ गर्थे । त्यो गीत चल्नुमा त्यसबेला अरूको गीत के गाउनु भन्ने स्वार्थीपन भन्दा पनि कुन गीत गाउँदा जनता बढी आकर्षित र प्रभावित हुन्छन् भन्ने रामेश र मञ्जुलको सामूहिक भावनाले ठूलो काम गरेको थियो ।

संकल्प परिवारमा शुरूदेखि नै संलग्न श्याम तमोट पछि रामेशसँगै आस्था परिवारमा सम्बद्ध भएका थिए । रामेशसँगको अति निकटताको कारणले उनी पनि संकल्प परिवार छाडेर गएछन् । तर रामेश र श्याम तमोटको पार्टीप्रतिको अनुभव र भनाइमा भिन्नता छ । फलतः श्याम तमोट अहिले पनि पार्टीमै छन्, रामेश पार्टीमा सक्रिय छैनन् ।

२०४६ सालको जनआन्दोलनपछि श्याम तमोट राष्ट्रिय जनसांस्कृतिक मञ्च भोजपुरका संयोजक भए र दोस्रो राष्ट्रिय सम्मेलन २०५२ मा चाहिँ केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । उनको ०२७ देखिकै कम्युनिष्ट राजनीतिप्रतिको आस्था अटुट नै रह्यो । यसैक्रममा ०३८ र २०४५ साल गरी दुईपटक उनी थुनामा परे । ०३५/३६ को राष्ट्रव्यापी विद्यार्थी आन्दोलनमा उनी विद्यार्थीकै रूपमा अत्यन्त सक्रिय रहे । त्यसबेलाका चर्चित विद्यार्थी नेताहरू टंक कार्की र ठाकुरचन्द्र श्रेष्ठले 'तिमी पनि केन्द्रीय संघर्ष समितिमा थियौ नि' भन्छन् रे । तर श्याम तमोटको इमान्दार भनाइ छ-"हो म संघर्षमा अत्यन्त सक्रिय त छँदै थिएँ तर भेला-बैठकहरूमा जानेओर्ने गर्दिन थिएँ ।" श्याम तमोटको केन्द्रीय संघर्ष समितिमा थिएँ कि थिएँ भन्ने दावी पनि छैन, आजभोलिका झुट दाबीवालाहरू जस्तो । त्यसबेला अत्यन्त थोरैमात्र मान्छेले बैठक र सरसल्लाह गरेर शक्ति परिचालन गरिने जमाना थियो, त्यसकारण पनि त्यसो हुन पुग्यो होला ।

पार्टी सम्पर्कको बारेमा सोध्दा उनलाई ०३६/०३७ मा अशोक राईले कसम खुवाएका हुन् रे, रघु पन्त, मोहन श्रेष्ठ, रामेश र मञ्जुलहरूसँग । तर सदस्यता पाएछन् २०४८ सालमा । त्यसबेलाको भूमिगत पार्टीमा भएको रेकर्ड नभेटिनाले गर्दा श्याम तमोट कान्छा पार्टी सदस्य भएका छन् । नेपाली कम्युनिष्ट आन्दोलनमा लागेदेखिकै हिसाब उनको भागमा परेको छैन अहिले । तर पनि उनलाई गुनासोको विषय बनेको छैन यो । उनी आफ्नै धुनमा रमाए, उनले ठूलो महत्वाकांक्षा पनि राखेनछन् ।

भोजपुरको विकास, साहित्य, संगीत, कला र सामाजिक कामसँग सम्बन्धित विभिन्न संस्थाहरूमा सम्बद्ध श्याम तमोट आज पनि भोजपुरमै छन् । उनका गीतहरूले नेपालकै सीमा नाघिसक्दा पनि उनलाई भोजपुर नाघ्न मन छैन जस्तो छ । आजभोलि उनी भोजपुर सदरमुकाम जाने बाटो खन्दैछन् । उनी भन्छन्- "विजयजी, तपाईंहरूलाई मोटर चढाएरै भोजपुर पुर्‍याउँछु, सकें भने ।" विदेशी सहयोगको सो योजनामा स्थानीय पहलकर्ताको हैसियतमा यति गफ दिइहाल्छन् श्याम तमोट ।

श्याम तमोट राष्ट्रिय भाषा, लिपी, संस्कृतिको लागि सबै मेलमिलाप गरेरै अघि बढ्नु जरूरी छ भन्ने ठान्छन् र भन्छन्- "अहिले पाश्चात्य संस्कृतिको अतिशय आक्रमणको कारण खस-नेपाली भाषा नै पनि खतरामा पर्न थालेको छ । अरू नेपाली भाषाको त के कुरा र ! त्यसकारण संचारमाध्यममा हामी गम्भीर हुनु जरूरी छ, नयाँ पिंढीसँगको दूरीलाई भेट्ने प्रयत्न थालिहाल्नुपर्छ ।" जुनसुकै विषय र क्षेत्रका नयाँ कुराहरूलाई आफ्नो पक्षमा कुशलतापूर्वक उपयोग गर्नुपर्छ भन्ने स्पष्ट र सटीक धारणा राख्ने श्याम तमोट प्रेमसम्बन्धी गीत रचना गर्ने कि नगर्ने ? भन्ने प्रश्न गर्दा "पार्टीभित्र प्रगतिशील

गीतसंगीतहरू स्तरीय नभएका कारण सञ्चारमाध्यममा नगएकाले अब प्रेमसम्बन्धी पनि गीत लेखिनुपर्छ, हामी प्रेम गर्छौं भने गरेको कुरा लेख्दा के हुन्छ ?" भन्ने दृष्टिकोणले घरजम गरेकोमा खण्डन गर्छन् र भन्छन्-"हामीले सबै किसिमका गीत लेख्नुपर्छ, परिवेशसापेक्ष लेख्नुपर्छ, त्यो समाज र देशका लागि फलदायी हुनुपर्छ" भन्दै संचारमा जान प्रेमसम्बन्धी गीत लेख्नुपर्छ भन्ने भनाइलाई ठाडै नकार्छन् । "मूलतः माटो लेखिनुपर्छ माटो" भन्छन् उनी ।

सिर्जनाका क्षेत्रमा कुरा गर्दा श्याम तमोट स्पष्ट भन्छन्-"हामीले पुरानै रूप र ढाँचामा काम गर्न छाड्नुपर्छ । नयाँ प्रविधि र तरिकाहरूलाई अत्याधिक उपयोगमा ल्याउनुपर्छ, सके त आफ्नै पहलमा संचार माध्यमको स्थापना गर्नुपर्छ" सम्म भन्छन् । "हामी स्तर नभएर संचारमा नपुगेका हैनौं, हामीसँग प्रतिस्पर्धा गर्ने क्षमता छ र पनि राज्यद्वारा सामन्तवादी र पूँजीवादी संस्कृतिलाई बढावा दिइने गरिएका कारण नपुगेका हौं" भन्ने उनको मूल्यांकन छ । यो सही पनि हो ।

वास्तवमा यी सम्पूर्ण परिवेशलाई याद नगरी नै हामी संचारमाध्यममा नछाउनु हाम्रै कमजोरी हो भन्ने निष्कर्षमा पुग्नु र पुग्नेहरूको 'अब प्रेमसम्बन्धी गीतहरू लेख्नुपर्छ अनिमात्र संचार माध्यमले हामीलाई प्रचारमा ल्याउँछन्' भन्ने सोच अन्ततः प्रगतिशील सांस्कृतिक आन्दोलनलाई विसर्जन गराउने सोच हो ।

अहिले संस्कृतिकर्मीहरूमाझ 'पार्टीले संस्कृतिकर्मीहरूलाई पर्याप्त ध्यान दिएको छैन' भन्ने चर्चाले महत्व पाएको छ । यसबारेमा श्याम तमोट भन्छन्- "पार्टीको पहिलेको जस्तो ध्यान पुगेको छैन । फेरि हामीले संरक्षण खोज्नेमात्र पनि हैन, ठाउँ बनाउँदै लाने अधिक प्रयत्न पनि गर्नुपर्दछ ।"

धेरैलाई लाग्नसक्छ, श्याम तमोटको 'गाउँ-गाउँबाट उठ' भन्ने गीत लेख्दालेख्दा पछिको माझिएको उत्पादन हो । तर त्यसो होइन । त्यो गीत २०३१ सालमै लेखिएको उनको दोस्रो गीत रहेछ । पहिलो गीतचाहिँ 'साहुको ऋण तिर्न भनी गा'को मेरो छोरो, मेरो बाबा हर्कजीत अझै फर्केन' भन्ने हो । त्यसैले त्यो 'गाउँगाउँबाट उठ' गीत लेख्दालेख्दा माझिएको नभएर एकैचोटी माझिएर निक्लिएको गीति भावना रहेछ जो संगीतसँगै जन्मेको थियो । त्यसैले प्रकाश पर्वते नामक श्याम तमोटलाई प्रगतिशील गीतसंगीतका सर्जकहरूको लस्करको अग्रभागमा उभ्याइदिएको छ । अब उनको नाम छुटाउने हिम्मत कसैले गर्न सक्दैन । मोफसलबाट भएपनि उनले राजधानीलाई हप्काएका छन्, थर्काएका छन् र कति जितेका छन् पनि ।

भर्खरैमात्र स्थापित लोकतान्त्रिक साहित्यकार संघको बारेमा सहमति राख्दै श्याम तमोट भन्छन्-"लोकतन्त्रको लागि अब स्रष्टाहरूले दलको मात्रै कुरा नगरी न्यूनतम साझा सवालहरूमा एक भएर अघि बढ्नुपर्छ ।" श्याम तमोट आफ्नो आस्था, उद्देश्य र लक्ष्यबारेमा स्पष्ट, दृढ र खारिएका सर्जक हुन् भन्ने कुरा प्रमाणित भइनैसकेको छ । उनी आफ्ना रचनाहरूमार्फत् बालबालिकादेखि लिएर सिंगो समाज र देशको कुरा गर्छन् । त्यसभित्र प्रेम, वर्गीय घृणा, देशभक्तिभाव, क्रान्तिकारिता, वर्गीय प्रेम, जीवनको अर्थ र परिभाषा, नारी सम्मान, शहीद प्रेम आदि के छैन, सबै चीज छन्, जसले समग्रमा सरल शब्दहरूलाई मनसँग मुछेर संप्रेष्य बनाउँदै मान्छेको जीवन र उसको पर्याधारलाई समेटेका छन् । उनको आँखा खोलाइदेखि हेराइसम्ममा सिंगो मानवजातिको हित छर्लङ्ग रहेछ ।

अन्त्यमा, चाकडी, ढोङ, ढाक्ढाक् ढुक्ढुक्, छलछाम, षडयन्त्र, भूईंफुट्टापन आदिदेखि पर बसेका सरल, निश्छल, इमान्दार, लक्ष्यप्रति गम्भीर र दृढ श्याम तमोटलाई उनको सार्थक जीवनको निरन्तरताको कामना र जनसांस्कृतिक सम्मान प्राप्त गरेकोमा पूर्ण बधाइ छ । सम्मान र इतिहास थाम्न नसक्नेहरूले श्याम तमोटको २०३६ सालमा लेखिएको यो गीत पढिरहनु परोस्:

*यो जिन्दगी असल काममा हराओस्*
*यो जिन्दगी हाम्रो खेर नजाओस् ।*

## प्रदीप नेपाल

***स्थायी कमिटी सदस्य***

***प्रमुख, केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, अतिरिक्त क्रियाकलाप विभाग***

- **जन्म मिति** - २०१० पौष २७ गते
- **जन्मस्थान** :– गोगने, भोजपुर
- **माता** :– स्व. जम्बकुमारी **पिता** :– स्व. टिकाबल्लभ
- **पत्नी**:– झुमा देवान, **छोरी** : समीक्षा नेपाल
- **शिक्षा**:– सरस्वती नि.मा.वि. भोजपुर, त्रिचन्द्र कलेज, काठमाडौं
- **राजनीतिक जीवनको आरम्भ**

+ २०२६ साल श्रावणको प्रहरी गिरफ्तारी
+ २०२७ सालको पार्टी सदस्यता

- **जिम्मेवारी** :–

- ०३५ मा कोअर्डिनेशन केन्द्रको सदस्य
- ०३५ मा नेकपा (माले)को संस्थापक केन्द्रीय सदस्य
- नेकपाको चौथो, पांचौं, छैटौं र सातौं महाधिवेशनद्वारा केन्द्रीय कमिटीमा निर्वाचित ।

- छैटौं तथा सातौं महाधिवेशनबाट स्थायी समिति सदस्य
- २०३४-३६ मा लुम्बिनी अञ्चल इन्चार्ज
- २०३६-०३८ मा मेची अञ्चल इन्चार्ज
- २०३९ मा प्रवास पार्टी इन्चार्ज
- २०३९-०४१ मा मेची अञ्चल इन्चार्ज
- २०४१-४२ मा लुम्बिनी अञ्चल इन्चार्ज
- २०४२-०४९ मा उपत्यका विशेष प्रमुख
- २०५०-०५२ मा विद्यार्थी र प्रचार प्रमुख
- २०५२-०५४ मा स्थानीय निकाय, प्रचार प्रमुख
- २०५५ मा प्रचार, अतिरिक्त क्रियाकलाप प्रमुख, पिपुल्स भोलेन्टियर्स-महानिर्देशक
- २०४८-०५२ मा सांसद, राष्ट्रिय सभा
- २०५४-०५६ मा सांसद, राष्ट्रिय सभा
- २०५६-०५९ मा प्रतिनिधि सभा सदस्य
- २०५१-५२ मा मन्त्री- सूचना तथा संचार र जलश्रोत
- २०५५-०५६ मा मन्त्री-जलश्रोत, स्वास्थ्य
- २०५६ मा अध्यक्ष मदन-आश्रित स्मृति प्रतिष्ठान
- पांचौं, छैटौं, सातौं महाधिवेशन मूल व्यवस्थापन कमिटी सचिव
- संसदीय एवम् स्थानीय निर्वाचन परिचालन कमिटी सचिव

◆ **तपाईंको आदर्श** –

- मदन भण्डारी

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद क्षण-**

- दासढुङ्गा हत्याकाण्ड
- रत्नकुमार वान्तवाको हत्या
- हरि नेपालको हत्या

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- २०३३ को नक्खुजेल विद्रोहको सुरूङ खनाई तथा सीमा कटाईसम्मको क्षण

◆ **हालको ठेगाना** :- काठमाडौं-१५, डल्लु, फोनः ४२८६६५५

## रामनाथ ढकाल

*केन्द्रीय कमिटी वैकल्पिक सदस्य*

*इन्चार्ज, लुम्बिनी अञ्चल समन्वय कमिटी*

◆ **जन्म मिति** - २०१९/९/५

◆ **जन्मस्थान** :- खड्गकोट-३, गुल्मी

◆ **माता** :- देवकला ढकाल **पिता** :- दिनानाथ ढकाल

◆ **पत्नी**ः- सुमित्रा ढकाल, **छोरा**ः सन्दीप **छोरी** रश्मी

◆ **शिक्षा**ः- श्री दुर्गाभवन मा.वि. गुल्मी, पृथ्वीनारायण क्याम्पस पोखरा

◆ **राजनीतिक जीवनको आरम्भ**

+ २०३७ मा विद्यार्थी सम्पर्क

◆ **जिम्मेवारी** :-

- २०३७ मा अनेरास्ववियु गुल्मी जिल्ला कमिटी कोषाध्यक्ष
- २०३९ मा पी.एन. क्याम्पस, पोखरा प्रा.क. उपाध्यक्ष

- २०४० मा कास्की जिल्ला कमिटी अध्यक्ष
- २०४० मा सातौं केन्द्रीय कमिटी सदस्य
- २०४१ मा पश्चिम क्षेत्रीय कमिटी सचिव
- २०४६ मा दशौं केन्द्रीय कमिटी सदस्य
- २०४७ मा केन्द्रीय सचिवालय सदस्य
- २०४८ मा केन्द्रीय कमिटी महासचिव
- २०५० मा केन्द्रीय कमिटी अध्यक्ष
- २०४० मा पार्टी सदस्यता प्राप्त
- २०४१ मा इलाका कमिटी सदस्य, पर्वत
- २०५१ देखि पार्टीको राष्ट्रिय परिषद सदस्य
- २०४८-०५१ विद्यार्थी जिल्ला कमिटी सदस्य
- २०५१ मा राज्य व्यवस्था विभाग सचिव
- २०५५-०५८ पिपुल्स भोलेन्टियर्स महासचिव
- २०६० मा पिपुल्स भोलेन्टियर्स उपमहानिर्देशक
- २०५८ मा पार्टीको लुम्बिनी अञ्चल समन्वय कमिटी सचिव
- २०६० मा केन्द्रीय कमिटी वैकल्पिक सदस्य

◆ **तपाईंको आदर्श -**

- सक्रियता, पार्टीप्रतिको निष्ठा र समर्पण

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण-**

- पी.एन. क्याम्पस पोखरामा पढ्दा सहयोद्धा डिल्लीराम पौडेलको असामयिक निधन

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- दासढुंगा दुर्घटना

◆ **हालको ठेगाना** :- बुटवल नगरपालिका-१०, रूपन्देही